# सामुदायिक रेडियोमा लैङ्गिक-संवेदनशील कार्यक्रम उत्पादन

## तालिम पुस्तिका

UNESCO
काठमाडौं
संयुक्त राष्ट्र संघीय
शैक्षिक, वैज्ञानिक तथा
सांस्कृतिक संगठन

ASMITA WOMEN'S PUBLISHING HOUSE
MEDIA & RESOURCE ORGANIZATION
अस्मिता

WWJ
क्रियाशील पत्रकार महिला

# सामुदायिक रेडियोमा लैङ्गिक-संवेदनशील कार्यक्रम उत्पादन

**तालिम पुस्तिका**

लेखक

**मञ्जु थापा**

**शुभेच्छा बिन्दु तुलाधर**

UNESCO
संयुक्त राष्ट्र संघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन
काठमाडौं

ASMITA WOMEN'S PUBLISHING HOUSE
MEDIA & RESOURCE ORGANIZATION
आस्मिता

WWJ
क्रियाशील पत्रकार महिला

**प्रकाशक** :
संयुक्त राष्ट्र संघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन (युनेस्को), काठमाडौं कार्यालय/सञ्चारको विकासका लागि अन्तर्राष्ट्रिय कार्यक्रम (आइपिडिसी) को सहयोगमा अस्मिता महिला प्रकाशन गृह, सञ्चार तथा स्रोत संस्था (अस्मिता) र क्रियाशील पत्रकार महिला (डब्ल्युडब्ल्युजे), काठमाडौं ।

**लेखक** :
मञ्जु थापा र शुभेच्छा बिन्दु तुलाधर

**सम्पादन** :
जेबी विश्वकर्मा

**सर्वाधिकार** :
अस्मिता महिला प्रकाशन गृह र क्रियाशील पत्रकार महिला, सन् २०१५

यो तालिम पुस्तिका खुला पहुँच (ओपन–एक्सेस) मा उपलब्ध छ । आधिकारिक स्रोतको आधार (जस्तो– संयुक्त राष्ट्र संघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन (युनेस्को), काठमाडौं, कार्यालय/सञ्चारको विकासका लागि अन्तर्राष्ट्रिय कार्यक्रम (आइपिडिसी) को सहयोगमा अस्मिता महिला प्रकाशन गृह, सञ्चार तथा स्रोत संस्था र क्रियाशील पत्रकार महिला) मा यस प्रकाशनको उपयोग, पुनर्वितरण, अनुवाद र साभार गर्नका लागि अनुमति दिइन्छ । स्रोत उल्लेख गर्दा वा पुस्तिकामा प्रकाशित सामग्री प्रयोग गर्दा प्रकाशनको वास्तविक स्रोतको सही पहिचान र उल्लेख हुनु आवश्यक छ ।

**आइएसबिएन** : 978-9937-0-0252-3
ISBN: 978-9937-0-0252-3

यस प्रकाशनमार्फत कुनै पनि राज्य, भू–भाग, सहर वा क्षेत्र अथवा त्यसका अधिकारीहरू वा त्यस भू–भाग तथा क्षेत्रसँग सम्बन्धित कानूनी अवस्थासँग सम्बन्धित रही व्यक्त गरिएका विचारहरू युनेस्को वा अस्मिता महिला प्रकाशन गृह, सञ्चार तथा स्रोत संस्था र क्रियाशील पत्रकार महिलाका आधिकारिक विचार होइनन् । यस प्रकाशनमा व्यक्त गरिएका विचारहरू लेखकका निजी हुन् ।

# प्राक्कथन

मुलुक सकारात्मक रूपान्तरणको दिशामा अग्रसर छ। मुलुकको सकारात्मक रूपान्तरणको प्रक्रियालाई सघाउने विभिन्न माध्यम र संयन्त्रहरू छन्। तीमध्ये मिडिया एक प्रमुख माध्यम हो। नेपालजस्तो मुलुकका लागि मिडियामध्ये पनि रेडियो र रेडियोमा पनि सामुदायिक हितजस्तो पवित्र उद्देश्य बोकेका सामुदायिक रेडियोहरू समाजलाई अग्रगतितिर लैजान र लोकतन्त्र तथा सामाजिक न्यायको स्थापनाका निम्ति अत्यन्त महत्वपूर्ण माध्यम रहिआएका छन्। देशभरि फैलिएका सामुदायिक रेडियोहरूले सीमान्तीकृत सबै वर्ग, लिङ्ग, समुदाय, जातजाति, क्षेत्र, धर्म, सम्प्रदायका मानिसहरूको आवाजलाई स्थान दिन र उनीहरूको पक्षमा आवाज उठाउन योगदान दिइरहेका छन्।

यसै सन्दर्भमा लैङ्गिक समानता र महिला सशक्तीकरणको आवाजलाई बुलन्द गर्नमा सामुदायिक रेडियोहरूले निर्वाह गरिरहेको भूमिका पक्कै पनि राम्रो छ यद्यपि यो पर्याप्त छैन। व्यापकता, पहुँच र प्रभावकारिताका हिसाबले यी रेडियोहरूले लैङ्गिक समानताको लक्ष्य हासिल गर्न अझ धेरै योगदान गर्न सक्ने कुरा निर्विवाद छ। साथै, अहिले पत्रकार महिलाहरूको ठूलो हिस्सा सामुदायिक रेडियोमा आबद्ध भएर काम गरिरहेको छ। उनीहरूले सामुदायिक रेडियोमा संलग्न हुने र काम गर्ने अवसर पाए तापनि आवश्यक क्षमता र सीप अभिवृद्धि गर्न थप तालिमका अवसरहरू प्रशस्त पाउन सकेका छैनन्। सामुदायिक रेडियोमा कार्यरत आम पत्रकारहरूलाई र विशेषतः पत्रकार महिलाहरूलाई लैङ्गिक सवालहरूमा सम्वेदनशील र लैङ्गिक दृष्टिकोणले स्पष्ट बनाउन सकियो भने उनीहरूले महिला सशक्तीकरण र लैङ्गिक समानताको पक्षमा उल्लेखनीय काम गर्न सक्ने स्पष्ट छ। तसर्थ, सामुदायिक रेडियोमा कार्यरत पत्रकारहरूलाई सैद्धान्तिक पक्षमा स्पष्ट पार्दै उनीहरूको क्षमता र सीप अभिवृद्धि गर्ने तालिमको आवश्यकतालाई धेरै अगाडिदेखि महसुस गरिएको थियो।

सोहीअनुसार युनेस्कोको सहयोगमा अस्मिता महिला प्रकाशन गृह, सञ्चार तथा स्रोत संस्था (अस्मिता) र क्रियाशील पत्रकार महिला (डब्ल्युडब्ल्युजे) को आयोजनामा मुलुकका विभिन्न जिल्लामा पत्रकार महिलाहरूको क्षमता अभिवृद्धिका लागि तालिम कार्यक्रमको आयोजना गरिँदैछ। मूल रूपमा सोही तालिममा प्रयोग गर्न र अन्य रेडियो पत्रकारहरूलाई पनि उपयोगी हुन सकोस् भन्ने उद्देश्यले सामुदायिक रेडियोमा लैङ्गिक

संवेदनशील कार्यक्रम उत्पादन तालिम पुस्तिका तयार गरिएको छ । यस पुस्तिकाले लिङ्ग र लैङ्गिकता, महिला सशक्तीकरण, लैङ्गिक समानता, सामुदायिक रेडियोको अवधारणा, नेपालमा सामुदायिक रेडियो, सामुदायिक रेडियोमा लैङ्गिक सम्वेदनशील कार्यक्रमको उत्पादनजस्ता विषयहरू समेटेको छ । यी विषयहरू रेडियो पत्रकारहरू र सरोकारवाला अन्य सबैका लागि पनि जानकारीमूलक हुनेछन् । यस तालिम पुस्तिकाको अध्ययन र उपयोगपछि नेपालका सामुदायिक रेडियोहरूमा लैङ्गिक सम्वेदनशील कार्यक्रमहरू बढ्नेछन् भन्ने विश्वास गरेका छौँ ।

यस पुस्तिकाको विषयवस्तुमाथि सल्लाह तथा सुझाव दिनुहुने युनेस्को काठमाडौंका पत्रकार सुरक्षा कार्यक्रमका संयोजक लक्ष्मणदत्त पन्तप्रति हार्दिक आभार व्यक्त गर्दछौँ । त्यसैगरी, तालिम पुस्तिकाको विषय–वस्तुमा सुझावका साथै सम्पादनमा सहयोग गरिदिनुभएकोमा युनेस्को काठमाडौंका सूचनाको हक सम्बन्धी कार्यक्रमका संयोजक जेबी विश्वकर्मालाई विशेष धन्यवाद दिन्छौँ । तालिम पुस्तिकाको अन्तिम चरणको भाषा सम्पादनमा सहयोग गरिदिनुहुने पत्रकार जयदेव गौतमप्रति हामी आभारी छौँ । यो तालिम पुस्तिका तयार गर्न र प्रकाशित गर्न हामीसँगको साझेदारीका लागि संयुक्त राष्ट्र संघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन (युनेस्को) काठमाडौं र सञ्चारको विकासका लागि अन्तर्राष्ट्रिय कार्यक्रम (आइपिडिसी) प्रति आभारी छौँ । यो पुस्तिका तयार गर्ने क्रममा आवश्यक प्रशासनिक र अन्य सहयोग जुटाइदिनुहुने अस्मिता संस्था र डब्ल्युडब्ल्युजेका कर्मचारी साथीहरूप्रति हामी कृतज्ञता व्यक्त गर्दछौँ ।

**मञ्जु थापा**
कार्यकारी निर्देशक
अस्मिता महिला प्रकाशन गृह

**शुभेच्छा बिन्दु तुलाधर**
अध्यक्ष
क्रियाशील पत्रकार महिला

# विषय-सूची


| शीर्षक | पृष्ठ |
|---|---|
| **अध्याय १ : तालिम पुस्तिका परिचय** | १-८ |
| पृष्ठभूमि | १ |
| उद्देश्य र विधि | २ |
| तालिम पुस्तिकाको संरचना | २ |
| दुई दिने तालिमको कार्ययोजना र समय–तालिका | ३ |
| विस्तृत तालिम सत्र योजना | ४ |
| सहजकर्ताले गर्नुपर्ने तयारी | ८ |
| **अध्याय २ : लैङ्गिक समानता : एक अवधारणा** | ९-२५ |
| लिङ्ग र लैङ्गिकता (Sex & Gender) | ९ |
| महिला सशक्तीकरण र लैङ्गिक समानताको अवधारणा | ११ |
| नेपालमा महिलाको समग्र अवस्था | १५ |
| लैङ्गिक सशक्तीकरणको प्रयास | १६ |
| महिला सशक्तीकरण र मिडिया | १८ |
| लैङ्गिक संवेदनशीलताका लागि राष्ट्रिय र अन्तराष्ट्रिय कानुनी तथा नैतिक दायित्वहरू | २१ |
| **अध्याय ३ : नेपालमा सामुदायिक रेडियो** | २६-२९ |
| सामुदायिक रेडियो | २६ |
| सामुदायिक रेडियोको प्रभाव र महत्व | २७ |
| नेपालमा सामुदायिक रेडियोको महत्व | २८ |

| | |
|---|---|
| **अध्याय ४ : सामुदायिक रेडियोमा लैङ्गिक संवेदनशील कार्यक्रम उत्पादन** | ३०-४३ |
| पृष्ठभूमि | ३० |
| सामुदायिक रेडियोको बोर्ड, पत्रकार र समग्र जनशक्तिमा लैङ्गिक समानता | ३१ |
| कार्यक्रम उत्पादकले ध्यान दिनुपर्ने कुरा | ३७ |
| **सन्दर्भ–सामग्री** | ४४ |
| **अनुसूचीहरू** | ४५-६९ |
| **अनुसूची १** : सामुदायिक रेडियो आचार संहिता–२०६४ | ४५ |
| **अनुसूची २** : सामुदायिक रेडियो, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति – २०६८ | ४८ |
| **अनुसूची ३** : मिडियामा लैङ्गिक संवेदनशीलता र लैङ्गिक समानता मापन गर्ने केही महत्वपूर्ण सूचकहरू | ५७ |
| **अनुसूची ४** : पारिभाषिक शब्दावली (ग्लोसरी) | ६६ |
| **अनुसूची ५** : पूर्वाग्रही शब्द, शब्दावली र विकल्पहरू | ६८ |
| **अनुसूची ६** : निषेध गर्नुपर्ने पूर्वाग्रही उखान टुक्काहरू | ६९ |

अध्याय : एक

# तालिम पुस्तिका परिचय

## पृष्ठभूमि

अभिव्यक्ति स्वतन्त्रता, प्रेस स्वतन्त्रता र सूचनाको हक आधारभूत रूपमा मानव अधिकारको एउटा महत्वपूर्ण पक्ष हो । यसको प्रयोगको अधिकार सबै जाति, भाषा, धर्म, लिङ्ग क्षेत्र आदि सबैलाई उत्तिकै छ । नागरिकको सूचनाको हकमा आधारित मिडियाले सैद्धान्तिक रूपमा सबैभन्दा पछाडि पारिएका समुदाय र लिङ्गको आवाजलाई प्रतिबिम्बत गर्नुपर्छ । अझ त्यसमा पनि सामुदायिक रेडियोमा नागरिककै स्वामित्व र सञ्चालन हुने भएका कारण पनि सामुदायिक रेडियोले लैङ्गिक सवाल र सरोकारलाई प्राथमिक विषयवस्तुका रूपमा लिनुपर्छ । नेपालका सामुदायिक रेडियोले लैङ्गिक सवाललाई थोरै स्थान दिन थालेको भए पनि खासै प्राथमिकता दिन सकेको देखिँदैन । यसका मूलतः दुई पक्ष छन्– एक, सामुदायिक रेडियोले लैङ्गिक सवाललाई प्राथमिकता दिने नीतिगत र संरचनागत व्यवस्था नहुनु । दुई, लैङ्गिक सवालमा कार्यक्रम उत्पादन र प्रसारणमा दक्ष जनशक्ति नहुनु वा उनीहरूमा लैङ्गिक सवालबारे प्रस्ट बुझाइ नहुनु । नेपाली समाजमा सबैभन्दा प्रभावकारी सञ्चारमाध्यमको रूपमा स्थापित सामुदायिक रेडियोमा लैङ्गिक समानताका सवालमा कार्यक्रम उत्पादन र प्रसारणमा सघाउन यो तालिम पुस्तिका तयार गरिएको हो ।

यो तालिम पुस्तिका सामुदायिक रेडियोमा कार्यरत पत्रकारहरूलाई लक्षित गरी तयार गरिएको छ । उनीहरूलाई महिला सशक्तीकरण र लैङ्गिक समानताको अवधारणा, यसका विभिन्न एजेन्डाहरू, भइरहेका प्रयास, चुनौती र समाधानका विषयमा व्यवहारिक ज्ञान तथा एफएम रेडियोहरूमा समाचार तथा कार्यक्रम उत्पादन गर्दा लैङ्गिक दृष्टिकोणबाट ध्यान पुऱ्याउनुपर्ने पक्ष र सीपहरूमा स्पष्ट पार्ने उद्देश्यले तयार गरिएको हो । सामुदायिक रेडियोमार्फत महिला सशक्तीकरण र लैङ्गिक समानतालाई प्रवर्द्धन गर्नका लागि त्यहाँ कार्यरत पत्रकारहरूलाई आवश्यक पर्ने ज्ञान र सीपको विकास गर्ने तथा अभिप्रेरणा जगाउने उद्देश्यले यो तालिम पुस्तिका तयार गरिएको छ । रेडियो पत्रकार र आम पत्रकारलाई लक्षित अन्य पत्रकारिता तालिमका प्रशिक्षक तथा सहजकर्ताहरूले पनि यसलाई सन्दर्भ–सामग्रीका रूपमा प्रयोग गर्नेछन् । मिडिया संस्थाहरूमा लैङ्गिक समानता प्रवर्द्धन गर्नका लागि सञ्चार संस्थाका मालिक तथा नीति निर्माण तहका व्यक्तिहरू, सञ्चारसम्बन्धी संघ, संगठन, युनियन र महासंघका कार्यकारी सदस्य तथा पदाधिकारीहरू, मिडियासम्बन्धी अध्ययन–अध्यापन हुने शैक्षिक निकाय तथा तालिम प्रदान गर्ने संस्थाका प्रमुख तथा कार्यकारीहरू, र सञ्चारमाध्यमको

अन्तर्वस्तुमा लैङ्गिक समानता प्रवर्द्धनका लागि पैरवी एवं अन्य गतिविधि सञ्चालन गर्ने गैरसरकारी संस्थाका प्रतिनिधिहरूका बीचमा बहस सिर्जना र अभिमुखीकरण गर्नका लागि पनि यो पुस्तिकाको प्रयोग गर्न सकिनेछ ।

**उद्देश्य र विधि :**

यो पुस्तिकाबाट मिडियामा महिला सशक्तीकरण, लैङ्गिक समानता र सामाजिक न्यायको प्रवर्द्धन गर्न आयोजना गरिने तालिमका सहजकर्ता तथा प्रशिक्षकले सहभागीलाई यस विषयमा दिइनुपर्ने अवधारणात्मक स्पष्टता, व्यवहारिक सीप र उत्प्रेरणा प्रदान गर्न आवश्यक सैद्धान्तिक ज्ञान र विधिहरू प्राप्त गर्नेछन् । यस पुस्तिकामा आधारित भएर तालिम सञ्चालन गर्दा सहभागितामूलक पक्षलाई विशेष जोड दिइएको छ जसले गर्दा सहभागीहरूका लागि प्रवचन, मष्तिष्क मन्थन, खेल, समूह कार्य, अनुभव आदान–प्रदान, समीक्षा, मूल्याङ्कन आदि विधिलाई अपनाइनेछ ।

**तालिम पुस्तिकाको संरचना**

यस तालिम पुस्तिकामा चार अध्याय छन् । पहिलो अध्यायमा पुस्तिकाको परिचय, उद्देश्यदेखि तालिम सञ्चालन गर्दा सहजकर्ताले गर्नुपर्ने तयारीसम्मका विषयहरू समेटिएका छन् । दोस्रो अध्यायमा लैङ्गिक समानताको अवधारणा सम्बन्धमा प्रस्ट पार्ने प्रयास भएको छ । तेस्रो अध्यायमा नेपालमा सामुदायिक रेडियोको अवस्था सम्बन्धमा जानकारी दिइएको छ । चौथो अध्यायमा सामुदायिक रेडियोमा लैङ्गिक सम्वेदनशील कार्यक्रम उत्पादन सम्बन्धमा केही जानकारी दिइएको छ । त्यसपछि सन्दर्भ–सामग्री र अन्त्यमा छवटा अनुसूचीमा मिडियासँग सम्बन्धित निकाय र संघ–संस्था तथा पत्रकारका लागि उपयोगी हुने विभिन्न सामग्रीहरू समेटिएका छन् ।

## लैङ्गिक सम्वेदनशील रेडियो कार्यक्रम उत्पादनसम्बन्धी दुई दिने तालिमको कार्ययोजना र समय-तालिका

| समय | विषय |
|---|---|
| | **पहिलो दिन** |
| ८:००–०८:३० | खाजा |
| ८:३०–९:०० | नाम दर्ता |
| ९:००–११:०० | तालिमको औपचारिक प्रारम्भ—परिचय, अपेक्षा, उद्देश्य, वातावरण निर्माण |
| ११:००–११:१५ | स्वास्थ्य विश्राम, चिया वा चिसो |
| ११:१५–१२:३० | नेपालमा सामुदायिक रेडियोको अवस्था, प्रभाव र महत्व (सहभागीहरूले महत्वपूर्ण मिडियामा काम गर्दैछन् भनेरमहसुस गराउने) |
| १२:३०–०१:३० | खाना |
| १:३०–०२:३० | नेपालमा महिलाको समग्र अवस्था (अवस्था विश्लेषणबाट महिला पछि पारिएको र भेदभाव भएको प्रस्ट गर्ने) |
| २:३०–०३:३० | महिला सशक्तीकरण र लैङ्गिक समानताको अवधारणा तथा नेपालमा भएका प्रयासहरू (अवधारणा र प्रक्रिया) |
| ३:३०–०३:४५ | स्वास्थ्य विश्राम, चिया वा चिसो |
| ३:४५–०४:४५ | महिला सशक्तीकरण र लैङ्गिक समानता प्रवर्द्धनमा मिडियाको प्रभाव सामुदायिक रेडियोमा लैङ्गिक सम्वेदनशीलताका लागि राष्ट्रिय र अन्तराष्ट्रिय कानुनी तथा नैतिक दायित्वहरू |
| ४:४५–०५:०० | निष्कर्ष र समापन |
| | **दोस्रो दिन** |
| ८:००–०८:३० | खाजा |
| ८:३०–९:०० | पहिलो दिनको पुनरावलोकन |
| ९:००–११:०० | सामुदायिक रेडियोको बोर्ड, पत्रकार र समग्र जनशक्तिमा लैङ्गिक समानता (जनशक्ति र काम गर्ने वातावरण) |
| ११:००–११:१५ | स्वास्थ्य विश्राम, चिया वा चिसो |
| ११:१५–१२:३० | रेडियो समाचारहरूमा लैङ्गिक संवेदनशीलता (समाचार संकलन र सम्पादन, भाषाको प्रयोग) |

| | |
|---|---|
| १२:३०–०१:३० | खाना |
| १:३०–०२:३० | रेडियो कार्यक्रमहरू लैङ्गिक संवेदनशील बनाउन ध्यान दिनुपर्ने पक्षहरू (विषय छनोट, सूचना संकलन, लैङ्गिक रूपमा विभाजित तथ्यांकहरूको प्रयोग, सूचना–स्रोतमा महिला, भाषाको प्रयोग आदि) |
| २:३०–०३:३० | निरन्तर...<br>लैङ्गिक संवेदनशील र प्रभावकारी अन्तर्वार्ता सीप |
| ३:३०–०३:४५ | स्वास्थ्य विश्राम, चिया वा चिसो |
| ३:४५–०५:०० | मूल्याङ्कन फर्म, सर्टिफिकेट वितरण र समापन |

**तालिमको विस्तृत सत्र योजना**

| **पहिलो दिन** | |
|---|---|
| ८:३०–९:०० | नाम दर्ता |
| ९:००–११:०० | तालिमको औपचारिक प्रारम्भ— परिचय, उद्देश्य, आधारभूत नियम, ४ समूह विभाजन, अपेक्षा संकलन, वातावरण निर्माण |
| | • सहजकर्ताले सहभागीहरूलाई आफ्नो परिचय दिने, आफूले प्रतिनिधित्व गरेको संस्था र कामका सम्बन्धमा जानकारी दिने र यो तालिम किन आवश्यक छ भन्ने जानकारी पनि दिने । |
| | • सहभागीहरूको परिचयलाई रोचक किसिमले अघि बढाउने । सहभागीको आधा संख्या जति कुर्सीहरू बाहिरपट्टि फर्काएर गोलो पारेर राख्ने, अनि त्यसमा एक–एकजना सहभागीलाई बस्न लगाउने । बाँकी आधा सहभागीलाई कुर्सीको वरिपरि उभिन लगाउने । अनि सहजकर्ताले कुनै संगीत बजाएर उभिएका सहभागीलाई घुम्न लगाउने । अचानक संगीत बन्द गर्ने । अनि जुन सहभागी कुर्सीमा बसेको जुन सहभागीको नजिक छ, उसैको जोडा बनाउने । |
| | • अनि ती दुईजना साथीलाई एकआपसमा निम्न प्रश्नहरूको जवाफ खोज्न लगाउने : नाम, सम्बद्ध रेडियो, पद वा भूमिका । अनि साथीको विचारमा लैङ्गिक सम्वेदनशीलता भन्नाले के बुझ्नुहुन्छ? सोधेर एक वा दुई वाक्यमा मेटाकार्डमा लेख्न लगाउने । पछि ती मेटाकार्डहरूलाई भित्तामा टाँस्न लगाउने । |
| | • तालिम अवधिका लागि आधारभूत नियम, समय व्यवस्थापन, जिम्मेवारी बाँडफाँड, समूह विभाजन (सामुदायिक, सशक्तीकरण, समानता र सम्वेदनशील समूह) जस्ता क्रियाकलाप सहभागितामूलक ढंगबाट सम्पन्न गरी मूल विषयवस्तुमा प्रवेश गर्ने वातावरण तयार गर्ने । |

| | |
|---|---|
| ११:००–११:१५ | स्वास्थ्य विश्राम, चिया वा चिसो |
| ११:१५–१२:३० | नेपालमा सामुदायिक रेडियोको अवस्था, प्रभाव र महत्व (सहभागीहरूले महत्वपूर्ण मिडियामा काम गर्दैछन् भनेर महसुस गराउने ) |
| | सहभागीलाई चार समूहमा पहिल्यै बाँडिएको छ । हरेक समूहलाई तलका अलगअलग प्रश्न दिने र समूहमा छलफल गरी प्रत्येक समूहलाई पालैपालो सबैका सामु प्रस्तुत गर्न लगाउने । समूहहरूले आफ्नो सृजनात्मक विधि अपनाएर प्रस्तुतिलाई आकर्षक र रोचक बनाउन सक्नेछन् ।<br><br>**प्रश्नहरू :**<br>१. सामुदायिक रेडियोको महत्व किन छ ? कसरी ?<br>२. सामुदायिक रेडियोका सामग्रीहरूले तपाईंको जिल्लाका स्रोताहरूमा कस्तो प्रभाव परेको छ ?<br>३. तपाईंहरूको जिल्लामा सामुदायिक रेडियोको अवस्था कस्तो छ ? अवसर र चुनौतीहरू ?<br>४. सामुदायिक रेडियोहरूको अवस्था सुदृढ बनाउनका लागि के गर्नुपर्ला?<br>उपर्युक्त जवाफलाई समेटेर सहजकर्ताले संश्लेषण गर्दै थप गर्नुपर्ने कुराहरू थप्ने । नेपालभरिका सामुदायिक रेडियोहरूको सम्बन्धमा जानकारी दिने । |
| १२:३०–०१:३० | खाना |
| १:३०–०२:३० | नेपालमा महिलाको समग्र अवस्था (अवस्था विश्लेषणबाट महिला पछि पारिएको र भेदभाव भएको प्रस्ट गर्ने) |
| | • नेपालमा महिलाको अवस्था दर्साउने करिब २० वटा जति प्रश्न तयार गर्ने । हरेक प्रश्नको एक सही उत्तरसमेत तीनवटा वैकल्पिक जवाफ राखेर पावर प्वाइन्टमा तयार गर्ने । |
| | • हरेक पटक एउटा प्रश्न मात्र प्रोजेक्टरबाट देखाएर प्रत्येक प्रश्नको सही उत्तर सहभागीलाई थाहा छ कि भनेर सोध्ने । सही जवाफ दिनेलाई चक्लेट वा डटपेन पुरस्कार दिने । कसैले सही उत्तर दिन नसकेमा सहजकर्ताले बताइदिने ।<br><br>हाजिरीजवाफ सकिइसकेपछि कस्तो लाग्यो भनेर सहभागीहरूलाई सोध्ने । यसबाट के बुझ्नुभयो भनेर सोध्ने । अन्तमा सहजकर्ताले महिलाको अवस्थालाई स्पष्ट गर्ने विभिन्न तथ्य–तथ्यांक र उदाहरणहरू दिँदै व्याख्या गर्ने । महिलाको अवस्था सुध्रँदै गए पनि सीमान्तीकरण र विभेद बाँकी रहेको स्थितिलाई उजागर गर्ने । |

| | |
|---|---|
| २:३०–०३:३० | महिला सशक्तीकरण र लैङ्गिक समानताको अवधारणा तथा नेपालमा भएका प्रयासहरू (अवधारणा र प्रक्रिया) |
| | • तलका चारवटा प्रश्न एक–एकवटा न्युजप्रिन्टमा लेख्ने । एउटा प्रश्नसहितका केही न्युजप्रिन्टहरू र केही मार्कर पेन कोठाको एउटा कुनामा राख्ने, अर्को प्रश्न केही न्युजप्रिन्ट र मार्करहरू अर्को कुनामा राख्ने, त्यसैगरी तेस्रो र चौथो प्रश्नसमेत न्युजप्रिन्ट र मार्करहरू पनि तेस्रो र चौथो कुनामा पहिल्यै राख्ने । |
| | • प्रश्नहरू : १) महिला सशक्तीकरण भनेको के हो ? २) लैङ्गिक समानता भनेको के हो ? ३) नेपालमा महिला सशक्तीकरणका लागि के प्रयास भएको छ ? ४) नेपालमा लैङ्गिक समानताका लागि के प्रयासहरू भएका छन् ? |
| | • सबै सहभागीहरूलाई हलको बीचमा बोलाउने । अनि प्रत्येक समूहलाई एउटा एउटा कुनामा गएर दिइएको प्रश्नमाथि आपसी छलफल गरी निष्कर्षमा आएका बुँदाहरू लेख्नका लागि १५ मिनेटको समय दिने । उनीहरूले आफू बसेको कुनामा राखिएका न्युजप्रिन्टमा मार्कर पेनले लेख्नेछन् । |
| | • ठीक १५ मिनेटपछि सबै समूहलाई लेख्ने क्रम रोक्न लगाउने । अनि प्रत्येक समूहले आफ्नो प्रश्न र लेखेको पेपर र मार्कर त्यहीँ छाडी नजिकैको अर्को समूहमा गई त्यस समूहको प्रश्न र लेखेको जवाफ हेरी छुटेका बुँदाहरू लेख्नका लागि पाँच मिनेट समय दिने । पाँच मिनेट हुने बित्तिकै त्यो समूह पनि छाडी तेस्रो समूहको ठाउँमा गई प्रश्न हेर्ने, जवाफ हेर्ने र छुट बुँदा थप गर्ने, पाँच मिनेट । अन्त्यमा अर्को समूहमा गई अन्तिम प्रश्न र जवाफ पढी थप गर्नुपर्ने बुँदाहरू थप्ने । |
| | • यसरी चारैवटा समूहले चारैवटा प्रश्नमाथि मन्थन गर्ने र आफ्नो फिड्ब्याक दिने मौका पाउनेछन् । |
| | • अन्त्यमा सहजकर्ताले आफूले तयार गरेको पावर प्वाइन्ट प्रस्तुतिमार्फत यी अवधारणाहरू र नेपालमा भएका प्रयासहरूका सम्बन्धमा स्पष्ट पार्दै निष्कर्ष दिने । |
| ३:३०–०३:४५ | स्वास्थ्य विश्राम, चिया वा चिसो |
| ३:४५–०४:४५ | महिला सशक्तीकरण र लैङ्गिक समानता प्रवर्द्धनमा मिडियाको प्रभाव |
| | सामुदायिक रेडियोमा लैङ्गिक सम्वेदनशीलताका लागि राष्ट्रिय र अन्तराष्ट्रिय कानुनी तथा नैतिक दायित्वहरू |

| | |
|---|---|
| | • महिला सशक्तीकरण र लैङ्गिक समानता प्रवर्द्धनमा मिडियाको प्रभाव कस्तो हुनुपर्छ ? नेपालमा कस्तो भइरहेको छ ? तपाईंको जिल्लामा कस्तो भइरहेको छ ? मिडियामध्ये पनि सामुदायिक रेडियोको प्रभाव कस्तो छ ? यी चारवटा प्रश्नको आधारमा सहभागीहरूको बुझाइ मेटा कार्डमा लेख्न लगाई संकलन गर्ने । ती मेटा कार्डलाई भित्तामा टाँसी सहजकर्ताले छलफल गराउने र निष्कर्ष दिने । |
| | • सहजकर्ताले सामुदायिक रेडियोमा लैङ्गिक सम्वेदनशीलताका लागि राष्ट्रिय र अन्तराष्ट्रिय कानुनी तथा नैतिक दायित्वहरू सम्बन्धमा सहजकर्ताले तयार गरेको जानकारी दिने । यी दस्तावेजहरूले लैङ्गिक समानता र लैङ्गिक सम्वेदनशील हुनका लागि मिडिया र पत्रकारहरूलाई कसरी निर्देशित गर्दछन् भनेर पनि बताउने । |
| ४:४५–०५:०० | समापन । दिनभरिको सिकाइ संकलन । |
| **दोस्रो दिन** | |
| ८:००–०८:३० | खाजा |
| ८:३०–९:०० | अघिल्लो दिनको पुनरावलोकन । मूल्याङ्कन प्रतिवेदन, सचेतन, मनोरञ्जन, व्यवस्थापन समूहको प्रस्तुति |
| ९:००–११:०० | सामुदायिक रेडियोको बोर्ड, पत्रकार र समग्र जनशक्तिमा लैङ्गिक समानता |
| | (जनशक्ति र काम गर्ने वातावरण) |
| | • सहभागीहरूलाई काम गर्ने रेडियोमा (बोर्ड, पत्रकार र समग्र जनशक्ति) महिला–पुरुष सहभागिता र उनीहरूको कार्यसम्पादन कस्तो छ ? महिलामैत्री काम गर्ने वातावरण छ कि छैन भनेर प्रश्न गर्ने । महिला र पुरुष सहभागी छन् भने उनीहरूको जवाफलाई अलगअलग रूपमा ध्यान दिने । |
| | • उनीहरूको जवाफका आधारमा छलफल अघि बढाउँदै सामुदायिक रेडियोहरूमा लैङ्गिक समानता र सम्वेदनशीलता ल्याउन के गर्न सकिन्छ भनेर सूचकहरू बताउने । |
| ११:००–११:१५ | स्वास्थ्य विश्राम, चिया वा चिसो |
| ११:१५–१२:३० | रेडियो समाचारहरूमा लैङ्गिक संवेदनशीलता (समाचार संकलन, सम्पादन, भाषाको प्रयोग) |
| | • रेडियो समाचारका केही क्लिपहरू सुनाएर सहभागीहरूलाई त्यसको विषयवस्तु छनोट, सम्पादन, प्रस्तुति कस्तो छ भनेर चारवटा अलग अलग समूहमा समीक्षा गर्न लगाउने । आ–आफ्नो समूहको छलफल–सार ठूलो समूहमा प्रस्तुत गर्न लगाउने । |

| | |
|---|---|
| | • संकलन, लेखन तथा सम्पादन गर्दा ध्यान दिनुपर्ने विषयहरूका सम्बन्धमा बताउने । |
| १२:३०–०१:३० | खाना |
| १:३०–०२:३० | रेडियो कार्यक्रमहरू लैङ्गिक संवेदनशील बनाउन ध्यान दिनुपर्ने पक्षहरू (विषय छनोट, सूचना संकलन, लैङ्गिक रूपमा विभाजित तथ्यांकहरूको प्रयोग, सूचना–स्रोतमा महिला, लैङ्गिकतटस्थ भाषाको प्रयोग आदि) |
| | • तपाईंले काम गर्ने रेडियोका बहसमूलक र विचारमूलक लोकप्रिय कार्यक्रमहरू कुन कुन हुन् ? तिनमा महिला अधिकार र लैङ्गिक समानताका मुद्दा कति उठाइन्छ ? महिला स्रोतव्यक्ति कत्तिको बोलाइन्छ ? |
| | • तपाईंको रेडियोमा लैङ्गिकता र महिलासम्बन्धी कार्यक्रम कति छन् र कस्ता छन् ? के ती पर्याप्त छन् ? के ती लैङ्गिक समानता र महिला अधिकारलाई सुनिश्चित गर्ने दिशातिर उन्मुख छन् ? सहभागीहरूसँग यी प्रश्नहरू गर्दै छलफल चलाउने, मुख्य बुँदाहरू बोर्डमा टिप्दै जाने र सहजकर्ताले निष्कर्षहरू प्रस्तुत गर्ने । |
| २:३०–०३:३० | लैङ्गिक संवेदनशील र प्रभावकारी अन्तर्वार्ता सीप |
| | पृष्ठ ४३ मा दिइएको अभ्यास २ (२०७२ सालको भूकम्प र सिन्धुपाल्चोक जिल्ला) गराउने |
| ३:३०–०३:४५ | स्वास्थ्य विश्राम, चिया वा चिसो |
| ३:४५–०५:०० | मूल्याङ्कन फर्म, सर्टिफिकेट वितरण र समापन |

### १.७ सहजकर्ताले गर्नुपर्ने तयारी

- सहजकर्ताले लैङ्गिकता, महिला र विविध सामाजिक समुदायका सम्बन्धमा लेखिएका राम्रा र आपत्तिजनक दुवै किसिमका रेडियोका समाचार तथा कार्यक्रमहरू रेकर्ड गरेर ल्याउने ।
- सहजकर्ता यस पुस्तिकामा दिइएका सबै विषयवस्तु, विधि र सामग्रीसँग परिचीत हुने ।
- तालिमका लागि आवश्यक ब्यानर, पावर प्रोजेक्टर, रंगीन मेटा कार्ड, बोर्ड मार्कर, मार्कर, मास्किङ टेप, पिन, ह्वाइट बोर्ड, न्युजप्रिन्ट, डटपेन, नोट प्याड, प्राथमिक उपचारका सामग्री आदिको पहिल्यै व्यवस्था गर्ने ।

अध्याय : दुई

# लैङ्गिक समानता : एक अवधारणा

**लिङ्ग र लैङ्गिकता** (Sex & Gender)

लैङ्गिक समानताको अवधारणामा प्रवेश गर्नुअघि लिङ्ग र लैङ्गिकताबारे स्पष्ट हुनु आवश्यक छ । लिङ्ग र लैङ्गिकता एक–अर्कासँग अन्तरसम्बन्धित भए पनि लिङ्ग र लैङ्गिकताबीचमा आधारभूत रूपमा भिन्नता छ। यी शब्दलाई एक–अर्काको पर्यायबाची शब्दका रूपमा बुझ्ने वा प्रयोग गर्ने गरेको समेत पाइन्छ। तर, आधारभूत रूपमा लिङ्ग र लैङ्गिकताबीच निकै भिन्नता रहेको छ। यी दुवै शब्दबारे स्पष्ट बुझाइ राख्नुका साथै यिनको सही प्रयोग गरिनुपर्छ । अझ सञ्चारमाध्यममा यी शब्दहरूको सही प्रयोग गरिनुपर्छ नत्र त्यसले दिने सन्देशमा नै प्रभाव पर्न सक्दछ । त्यसैले लिङ्ग र लैङ्गिकताबारे तल छोटो चर्चा गरिएको छ ।

**लिङ्ग** (Sex) : अंग्रेजी शब्द Sex को नेपाली रूपान्तरण लिङ्ग हो जुन प्राकृतिक वा जैविक हुने गर्दछ । महिला वा पुरुषका आ–आफ्नै जैविक र प्राकृतिक भिन्नता छन् जुन जन्मदेखि नै प्राप्त हुन्छ र यसलाई परिवर्तन गर्न पनि सकिँदैन ।

**लैङ्गिकता** (Gender) : अंग्रेजी शब्द Gender लाई नेपालीमा लैङ्गिकता भनिन्छ। महिला, पुरुष वा तेस्रोलिङ्गीको सामाजिक–सांस्कृतिक पहिचानलाई लैङ्गिकता भनिन्छ । लैङ्गिकता सामाजिक रूपमा निर्मित अवधारणा हो जुन समाज, संस्कृति, स्थान आदिका आधारमा फरक–फरक हुने गर्दछ । लैङ्गिकतालाई सामाजिक लिङ्ग वा जेन्डर नै पनि भनेर लेख्ने वा सम्बोधन गर्ने गरिँदै आएको छ। Gender लाई बुझाउने फरक–फरक नेपाली शब्दको प्रयोग हुँदै आएको पाइन्छ यद्यपि ती शब्दहरूको भाव र सारमा भने फरकपना रहेको छैन। तर, नेपालमा लैङ्गिकता (Gender) लाई कतिपयले 'महिला'को अर्थमा मात्र बुझ्ने गरेको पाइन्छ जुन सही होइन ।

प्राकृतिक हुनाले लिङ्ग निश्चित हुन्छ। यो सबै समय, समाज र सन्दर्भमा उस्तै हुन्छ। जस्तो– नेपाली वा अमेरिकी वा अफ्रिकी महिला वा पुरुषको एक सय वर्षअघिको वा अहिलेको वा सय वर्षपछिको शरीर र त्यससँग जोडिएको जैविक भूमिका उस्तै हुन्छ । तर मानव तथा संस्कृतिद्वारा निर्मित भएको हुनाले लैङ्गिकतालाई परिवर्तन गर्न सकिन्छ र यो अप्राकृतिक हो । यो समय, स्थान, सन्दर्भ र संस्कृतिअनुसार फरक–फरक हुन्छ। उदाहरणका लागि सामान्यतया महिलालाई घरमूली मानिँदैन वा उनीहरू लडाइँमा लड्न सक्दैनन् भन्ने ठानिन्छ । तर घरमा पुरुषको अनुपस्थितिमा उनीहरू घरमूली मानिन्छन् वा परिस्थितिअनुसार उनीहरू लडाइँमा सामेल हुन

पनि सक्छन् । महिलाप्रतिको यस किसिमको बुझाइ प्राकृतिक रूपमा सत्य नभई समाजसिर्जित बुझाइ मात्र हो ।

लिङ्ग र लैङ्गिकताबीच तात्विक भिन्नताहरू रहेका छन् । यसलाई तलको तालिकामा उल्लेख गरिएको छ ।

| **लिङ्ग** (Sex) | **लैङ्गिकता** (Gender) |
|---|---|
| महिला र पुरुषबीचको जैविक फरक वा भिन्न जैविक पहिचान हो जुन जन्मैदेखि प्राप्त हुन्छ । | महिला, पुरुष र तेस्रोलिङ्गीको सामाजिक–सांस्कृतिक पहिचान हो, जुन समाज र संस्कृतिले निर्माण गरेको व्यक्तिको परिचय हो । |
| महिला वा पुरुषबीचको प्राकृतिक जैविक भिन्नता हो । | महिला र पुरुषबीचको अप्राकृतिक अर्थात् समाजनिर्मित सम्बन्ध तथा पहिचान हो । यो अक्सरजसो भेदभावपूर्ण हुन्छ । तेस्रोलिङ्गीप्रति गरिने भेदभाव पनि लैङ्गिकतासँग सम्बन्धित छ । |
| जुनसुकै समय, समाज, सन्दर्भ र परिस्थितिमा पनि उस्तै हुन्छ । | समय, स्थान, सन्दर्भ र संस्कृतिअनुसार फरक–फरक हुन्छ । |
| प्राकृतिक भिन्नता भएको हुनाले अपरिवर्तनीय हुन्छ । | समाज तथा संस्कृतिद्वारा निर्मित हुनाले परिवर्तन गर्न सकिन्छ । |
| महिला र पुरुषका विशेष भूमिका र आवश्यकताहरू छन् । | महिला र पुरुषमा भेदभाव गर्ने वा महिला तथा पुरुषप्रति लक्षित धेरैजसो भेदभावपूर्ण मूल्य–मान्यता, विचार र बुझाइ लैङ्गिकतासँग सम्बन्धित छन् । |
| महिला र पुरुष फरक हुन् । उस्तै होइनन् तर एउटा शक्तिशाली र अर्को कमजोर होइनन् । | महिला र पुरुष फरक छन् । महिला निर्बलिया, कमजोर, भावुक र पुरुष बलिया, बहादुर, साहसिला हुन्छन् भन्नेजस्ता समाजनिर्मित मूल्य–मान्यता लैंङ्गिकतासँग सम्बन्धित छन् । |

फरक जैविक विशेषता र सामाजिक–सांस्कृतिक मूल्य–मान्यताका कारण महिला र पुरुषका अलग–अलग आवश्यकता छन् । सामाजिक र राजनीतिक जीवनमा महिला र पुरुषको पूर्ण सहभागितालाई सुनिश्चित गर्न मानवअधिकार र विकाससँग सम्बन्धित

विभिन्न सिद्धान्त तथा कार्यक्रमहरूले यी अलग आवश्यकतालाई अलग रूपमा सम्बोधन गर्ने प्रयास गरेका छन् । लैङ्गिक दृष्टिकोणले महिला र पुरुषको अलग–अलग भूमिका तथा सम्पादन गर्ने गतिविधिलाई मात्र हेर्दैन, बरु महिला र पुरुषबीचको सम्बन्धलाई पनि केलाउँछ ।

महिला र पुरुषमा भेदभाव गर्ने वा महिला र पुरुष–लक्षित विद्यमान धेरैजसो मूल्य–मान्यता, विचार र बुझाइ लैङ्गिकतासँग सम्बन्धित छन् । यस्ता मूल्य–मान्यताले निर्माण गरेको सामाजिकीकरणले महिलालाई क्रमशः कमजोर बनाउँदै लगिरहेको छ । यसले उनीहरूको व्यक्तित्व विकासमा समेत बाधा पुऱ्याइरहेको छ र उनीहरूले समाज, राज्य वा विश्वका लागि गर्न सक्ने योगदानबाट समेत वञ्चित गराइरहेको छ ।

नेपालमा पनि लैङ्गिकतासँग सम्बन्धित भेदभावपूर्ण मूल्य–मान्यता, विचार, सोचाइ र व्यवहार जतातत्तै व्याप्त छन् । व्यक्तिको मन–मष्तिष्कमा रहेका यस्ता विचार र त्यसद्वारा निर्देशित व्यवहारले परिवार, समाज, संघ–संस्था, राज्य तहसम्मको सहभागिता र निर्णय प्रक्रियामा प्रभाव पारिरहेका छन् । यहीं कारणले गर्दा परिवारमा छोरा र छोरीबीच भेदभाव गर्ने, महिलालाई निर्णय प्रक्रियाबाट अलग राख्ने, सामुदायिक गतिविधिमा महिलालाई सामेल नगराउने वा कम गराउने, संघ–संस्थाको नेतृत्व तहमा पुरुषको पकड र वर्चस्व हुने, राजनीति तथा राजकीय सत्तामा पुरुषको मात्रै बोलबाला हुने अवस्था सिर्जना भइरहेको छ । यसको मुख्य कारक तत्व लैङ्गिक विभेद नै हो । यद्यपि, लैङ्गिक समानताका लागि भएका अभियानहरूले यस्तो अवस्थामा क्रमशः परिवर्तन आइरहेको तथ्यलाई पनि भुल्न मिल्दैन ।

लैङ्गिक भेदभावपूर्ण मूल्य–मान्यता र व्यवहारलाई फैलाउनमा मिडियाको महत्वपूर्ण भूमिका रहँदै आएको छ भने यस अवस्थालाई बदल्नमा पनि मिडियाले सकारात्मक भूमिका निर्वाह गर्न सक्दछ । मिडियाले मानिसहरूमा विद्यमान सामाजिक–सांस्कृतिक रूपमा रहेको विभेदकारी ज्ञान, विचार र व्यवहार परिवर्तन गराएर न्यायपूर्ण समाज निर्माणमा सकारात्मक योगदान गर्न सक्छ । अझ त्यसमा पनि नेपालजस्तो भौगोलिक, आर्थिक र सामाजिक परिवेश रहेको समाजमा रेडियो निकै सशक्त माध्यमको रूपमा स्थापित भइरहेको छ । लैङ्गिक रूपमा हुने भेदभावजन्य मूल्य–मान्यता तथा व्यवहारलाई रूपान्तरण गर्नका लागि सामुदायिक रेडियो, ती रेडियोमा कार्यरत सञ्चारकर्मीले सम्प्रेषण गर्ने समाचार, कार्यक्रम, अन्तरवार्ता र अन्य सामग्रीले महत्वपूर्ण प्रभाव पार्न सक्दछन् ।

## महिला सशक्तीकरण र लैङ्गिक समानताको अवधारणा

नेपालमा महिला सशक्तीकरण र लैङ्गिक समानताका लागि आवाज उठ्न थालेको धेरै भइसकेको छ । नेपालमा वि.सं.२००३ सालमा भएको राणाविरोधी आन्दोलनसँगै

महिला आन्दोलन पनि सुरु भएको इतिहास छ । करिब सात दशकको इतिहास बोकेको महिला जागरण अभियान वि.सं.२०४६ सालको राजनीतिक परिवर्तनपछि महिला सशक्तीकरणका लागि घनीभूत रूपमा अगाडि बढिरहेको छ । अहिले संसारभरि नै महिला सशक्तीकरणका अभियानहरू चलिरहेका छन् । सन् १९९५ मा चीनको राजधानी बेइजिङमा सम्पन्न चौथो विश्व महिला सम्मेलन र त्यसपछिका कार्यक्रमहरूले महिला सशक्तीकरणको प्रक्रियालाई तीव्र रूपमा अगाडि बढाइरहेका छन् । यसबीचमा नेपाली महिलाको अवस्थामा पनि केही उल्लेखनीय परिवर्तन आएका छन् भने कतिपय मामिलामा आधारभूत रूपमा तात्विक भिन्नता आउन नसकेको अवस्था पनि छँदैछ । यही सन्दर्भमा चौथो विश्व महिला सम्मेलनले पारित गरेका तथा महिला सशक्तीकरण एवं लैङ्गिक समानताका लागि कोसेढुंगा मानिएका घोषणापत्र र कार्ययोजनाको सन् २०१५ मा २० वर्षीय समीक्षा (बेइजिङ + २०) कार्यक्रम सम्पन्न भयो । राष्ट्रिय, क्षेत्रीय र विश्वस्तरमा भएको यो समीक्षापश्चात् आगामी रणनीतिसमेत तयार गरिसकिएको छ । सन् २०१५ मार्चमा अमेरिकाको न्युयोर्कमा सम्पन्न विश्व समीक्षापछि तयार पारिएको रणनीतिले सन् २०३० सम्ममा हरेक क्षेत्रमा महिला र पुरुषको समान अर्थात् पचास–पचास प्रतिशत सहभागिता सुनिश्चित गर्ने लक्ष्य तय गरेको छ ।

नेपालको सन्दर्भमा पनि लैङ्गिक सशक्तीकरणका लागि केही उपलब्धि प्राप्त भएका छन् । संवैधानिक रूपमा समावेशीकरणलाई स्वीकार गरिएका कारण नीति निर्माण तहमा महिलाको सहभागिता बिस्तारै बढ्दै गइरहेको छ भने २०७२ सालमा मुलुकका दुई मुख्य स्थान राष्ट्रपति र सभामुख पदमा महिलालाई निर्वाचित गरिएको छ । यी नेपालको इतिहासमा नै महिलाले प्राप्त गरेको मुख्य दुई ठूला स्थान हुन् । यद्यपि आधारभूत रूपमा समाजमा लैङ्गिक विभेद कायमै छ । यसको अन्त्यका लागि मिडियाको भूमिका निकै सशक्त हुने गर्दछ ।

नेपालमा लैङ्गिक समानताको अवस्था कस्तो छ ? नेपाली महिलाको सशक्तीकरणको प्रक्रिया कसरी अगाडि बढिरहेको छ ? नेपाली महिला आन्दोलनका एजेन्डा के–के हुन् ? जस्ता आधारभूत विषयहरूमा सामुदायिक रेडियोमा कार्यरत सञ्चारकर्मीले पर्याप्त जानकारी र सूचना राख्नु उपयोगी हुन्छ । यसबाट उनीहरूले आफ्नो पेसामार्फत लैङ्गिक समानताको अभियानलाई प्रभावकारी बनाउन र सामाजिक समानता स्थापिन गराउन योगदान गर्न सक्दछन् । तसर्थ, यस अध्यायमा नेपालमा महिलाको समग्र अवस्था, महिला सशक्तीकरणको अवधारणा र नेपालमा भएका प्रयास, लैङ्गिक समानताको अवधारणा र मिडियाको प्रभाव, एवं लैङ्गिक संवेदनशीलताका लागि राष्ट्रिय र अन्तराष्ट्रिय कानुनी तथा नैतिक दायित्व आदिबारे विभिन्न उप–शीर्षकअन्तर्गत चर्चा गरिएको छ ।

## महिला सशक्तीकरण

सन् १९९० को दशकयता विश्वभरि नै महिला अधिकार र मानव अधिकारका सन्दर्भमा महिला सशक्तीकरण प्रमुख सरोकारको विषय बन्दै आएको छ । सशक्तीकरण भनेको व्यक्ति वा समूहको छनोट गर्ने र ती छनोटलाई अपेक्षित कार्यहरू एवं परिणाममा रूपान्तरण गर्ने क्षमता बढाउने प्रक्रिया हो । तसर्थ, महिला सशक्तीकरण भनेको महिलाको क्षमता बढाउने प्रक्रिया हो । समाजशास्त्रीय परिप्रेक्ष्यमा हेर्दा नीति–निर्णय प्रक्रियामा उपेक्षा गरिएका महिलालगायतका सीमान्तीकृत समुदायका सदस्यहरूको शक्तिलाई अभिवृद्धि गर्नु भन्ने बुझाउँछ । महिला सशक्तीकरण सहस्राब्दी विकास लक्ष्यको पनि एउटा प्रमुख लक्ष्यसमेत हो ।

सामान्यतया महिला सशक्तीकरणका पाँचवटा पक्ष छन्– १) महिलाको आत्मसम्मानप्रतिको चेतना २) छनोट गर्न पाउनु र तिनको निर्णय गर्न सक्ने अधिकार ३) अवसर र साधन–स्रोतहरूमा पहुँचको अधिकार ४) घरभित्र र घरबाहिर दुवै स्थानमा आफ्नो जीवनलाई नियन्त्रण गर्ने शक्तिमाथिको अधिकार, र ५) राष्ट्रिय तथा अन्तराष्ट्रिय तहमा न्यायपूर्ण सामाजिक र आर्थिक सन्तुलन बनाइराख्नका लागि सामाजिक परिवर्तनको दिशालाई प्रभावित गर्न सक्ने उनीहरूको क्षमता (महिला सशक्तीकरणसम्बन्धी निर्देशिका ।[१]

महिला सशक्तीकरणका प्रमुख पक्षहरूमा आर्थिक पक्ष (आर्थिक वृद्धि र आयको वितरणमा महिलाको समान सहभागिता तथा पहुँच), राजनीतिक पक्ष (राजनीतिक र सार्वजनिक क्षेत्रमा महिलाको सहभागिता तथा पहुँच), सांस्कृतिक पक्ष (महिलाविरुद्ध रहेका र महिलाको हैसियतलाई कमजोर आँक्ने विद्यमान परम्परा, चलन तथा खराब अभ्यासप्रतिको चेतना र अन्त्य) आदि पर्दछन् । महिला सशक्तीकरणले महिलालाई राजनीतिक र सार्वजनिक क्षेत्रहरूमा बलियो बनाउने मात्र होइन कि पारिवारिक र सामाजिक तहमा पनि महिला पुरुषबीचको असमान र विभेदपूर्ण शक्ति सम्बन्धलाई साझेदारीपूर्ण र सम्मानित बनाउनमा पनि योगदान गर्न सक्नुपर्दछ ।[२]

महिलालाई स्वतन्त्र मानवका रूपमा पुरुषसरह समान रूपमा शक्तिशाली (राजनीतिक, आर्थिक, सामाजिक, बौद्धिक आदि हरेक पक्षमा) बनाउन गरिने प्रयास वा प्रक्रिया महिला सशक्तीकरण हो । उनीहरूलाई आफ्नो हक–अधिकारका लागि आवाज उठाउन सक्ने र त्यसको उपभोग गर्न सक्ने गरी सक्षम बनाउनु सशक्तीकरण हो । यसले उनीहरूको क्षमता र दक्षतालाई बढाउँछ । जस्तो– महिलालाई कुनै पदमा लगेर राखिदिँदैमा उनको सशक्तीकरण हुन सक्तैन । त्यसका लागि उनको राजनीतिक, बौद्धिक, आर्थिक आदि क्षमता वृद्धि गर्नुपर्दछ ।

---

१ http://www.un.org/popin/unfpa/taskforce/guide/iatfwemp.gdl.html)

२ http://d1ut5qew9qw9tl.cloudfront.net/app/media/693

## लैङ्गिक समानता

लैङ्गिक समानता आधारभूत मानव अधिकार हो । लैङ्गिक समानता आधारभूत मानव अधिकारको अन्तिम लक्ष्य मात्र होइन बरु यसको माध्यमबाट महिला र सिङ्गो समाजको समृद्धि प्राप्त गर्ने लक्ष्यसमेत हो ।

महिला र पुरुषप्रति समान व्यवहार, समान कामका लागि समान ज्याला, नीति निर्णायक तहमा समान पहुँच, रोजगारी, राज्यले दिने सुविधा, स्वास्थ्य सेवा आदिमा समान अवसर, पहुँच र सहभागिता आदि लैङ्गिक समानताका सूचकहरू हुन् । राम्रो शिक्षा–दीक्षामा समान अवसर र पहुँच भएपछि महिलाहरू आर्थिक गतिविधि र निर्णय प्रक्रियामा प्रभावकारी ढङ्गले सहभागी हुन सक्छन् । यो सहभागितामार्फत उनीहरू दिगो विकास र गरिबीविरुद्धको लडाइँमा ठोस योगदान गर्न सक्छन् । लैङ्गिक समानता महिलालाई स्तरीय शिक्षा, राम्रो स्वास्थ्य, सम्पत्तिमाथिको स्वामित्व, सार्वजनिक र राजनीतिक जीवनमा सहभागिता, हिंसामुक्त स्वतन्त्र र सम्मानित जीवनजस्ता अन्य आधारभूत अधिकारहरू उपभोग गर्नका लागि अत्यावश्यक पक्ष हो ।[३]

लैङ्गिक समानताको सवालमा कहिलेकाँही यसको अपव्याख्या पनि हुने गरेको छ । प्रकृतिले नै भिन्न बनाएका महिला–पुरुष कसरी समान हुन सक्छन् भन्ने तर्क पनि गरिन्छ । तर यस विषयमा सचेत हुनुपर्ने कुरा के हो भने, 'लैङ्गिक समानताको अर्थ महिला र पुरुष उस्तै हुनुपर्छ भनेको होइन, बरु उनीहरूको कर्तव्य, पाउने अधिकार र अवसर उनीहरू महिला वा पुरुष के हुन् भन्ने कुरामा निर्भर हुनुहुँदैन भन्ने हो।'[४] यसको अर्थ, कुनै पनि व्यक्तिलाई जैविक लिङ्गको आधारमा भेदभाव नगरी समान व्यवहार गर्नु लैङ्गिक समानता हो । यसमा मुख्य रूपमा कानुनी समानता, अवसरको समानता (अवसर प्राप्तिका लागि आवश्यक क्षमता अभिवृद्धि गर्न, काम र कामको समान पारिश्रमिक पाउन) र आवाजको समानता (अरूलाई प्रभावित गर्न र विकास प्रक्रियामा योगदान गर्न) आदि पर्दछन् । जैविक लिङ्गका आधारमा एकथरिले बढी अधिकार, अवसर तथा दायित्व पाउने र अर्कोथरिले अधिकार, अवसर तथा दायित्वबाट वञ्चित हुनुपर्ने स्थितिको अन्त्य गरी सामाजिक न्यायमा आधारित विभेदरहित अवस्था सिर्जना गर्नु नै लैङ्गिक समानता हो । महिला र पुरुषका बीचमा प्राकृतिक जैविक रूपमा भिन्नता भए पनि त्यसका आधारमा उनीहरूलाई असमान र विभेदपूर्ण व्यवहार नगरी समान

३ http://d1ut5qew9qw9tl.cloudfront.net/app/media/693

४ आइएलओले प्रकाशित गरेको 'महिला श्रमिकहरूको अधिकार र लैङ्गिक समानताको एबिसी'मा यस विषयमा चर्चा गरिएको छ । यहाँ UNESCO & IFJ.2009.Getting the Balance Right- Gender Equality in Journalism पृष्ठ ८ बाट उद्धृत ।

दृष्टिकोणबाट हेर्नु र समान अधिकार, पहुँच, अवसर, शक्ति प्राप्त भएको अवस्था नै लैङ्गिक समानता हो । महिला र पुरुषका बीचमा असमान शक्ति सम्बन्धका कारण समाजमा विद्यमान असमान भेदभावपूर्ण अवस्थाको अन्त्य गर्दै महिला सशक्तीकरण र लैङ्गिक समताको रणनीतिमार्फत लैङ्गिक समानता प्राप्त गर्न सकिन्छ ।

## नेपालमा महिलाको समग्र अवस्था

नेपालमा आधाभन्दा बढी जनसंख्या रहेका महिलाको समग्र अवस्था बुझ्नका लागि उनीहरूको जीवनका विभिन्न पक्षहरू नियाल्न जरुरी हुन्छ । समाज र नागरिकको विकास एवं समृद्धिलाई उजागर गर्ने विभिन्न सूचकहरूले नै महिलाको अवस्थालाई पनि प्रस्ट गर्दछन् । ती केही तथ्य र सूचकहरू यसप्रकार छन् :

- राष्ट्रिय जनगणना–२०६८ अनुसार अहिले नेपालको कुल जनसंख्यामध्ये ५१.५ प्रतिशत महिला र ४८.५ प्रतिशत पुरुष जनसंख्या छ ।
- नेपालीको औसत आयु ६८.५ वर्ष छ जसमध्ये महिलाको औसत आयु ६९.७ वर्ष र पुरुषको ६७.३ वर्ष रहेको छ ।[५]
- पाँच वर्षमाथिको उमेर समूहका नेपालीको औसत साक्षरता दर ६५.९ प्रतिशत रहेको छ जसमध्ये महिला ५७.४ प्रतिशत र पुरुष ७५.१ प्रतिशत साक्षारता दर रहेको छ । (केन्द्रीय तथ्यांक विभाग, वि.सं. २०६९)
- नेपालका कुल घरपरिवारमध्ये २५.७३ प्रतिशतमा मात्रै घरमूली महिला छन् । (उही)
- करिब १९.७ प्रतिशत घरपरिवारमा मात्रै महिलाको नाममा अचल सम्पत्तिको (जग्गा र घर वा दुवै) स्वामित्व रहेको छ । (आचार्य, वि.सं. २०७१)
- घरायसी काममा महिलाको योगदान झण्डै ९३ प्रतिशत र बजारको उत्पादनमा महिलाको योगदान जम्मा २७ प्रतिशत मात्र देखिन्छ । यसको अर्थ धेरै महिलालाई पारिश्रमिकविनाको सेवामूलक काममा लाग्नुपर्ने अवस्था छ । (उही)
- सन् २००३/०४ मा गरिएको नेपाल जीवनस्तर सर्वेक्षण (दोस्रो) अनुसार विप्रेषण (रेमिटेन्स) आम्दानीमा ११ प्रतिशत योगदान महिलाको छ । (घिमिरे निरौला, वि.सं. २०७१)
- राज्यका सबै निकायमा ३३ प्रतिशत महिला सहभागिता हुनुपर्ने व्यवस्था भए पनि दोस्रो संविधान सभामा महिलाको प्रतिनिधित्व करिब ३० प्रतिशत मात्र छ । (तुलाधर, वि.सं. २०७१)

---

५ http://www.worldlifeexpectancy.com/nepal-life-expectancy, accessed on September 15, 2015

व्यवहारिक जीवनमा पनि महिला र पुरुषबीच अत्यन्त धेरै विभेद रहेका छन् । छोरालाई निजी र छोरीलाई सामुदायिक विद्यालयमा पढाउने चलन अझै पनि कायमै छ । सरकारी र गैरसरकारी क्षेत्रबाट भएका विभिन्न प्रयासले महिलाको स्वास्थ्य अवस्थामा केही सुधार आएको छ तथापि स्वास्थ्य सेवामा सुलभ र सहज पहुँचमा समेत लैङ्गिक रूपमा भेदभाव कायमै छ । लैङ्गिक र महिलाविरुद्धको हिंसा कम गर्ने प्रयासका बाबजुद अझै धेरै महिलाहरू घरेलु र सामाजिक हिंसाबाट पीडित हुनु परिरहेको छ । लैङ्गिकतामा आधारित हिंसाका विभत्स घटना दिनानुदिन सार्वजनिक भइरहेका छन् । यसबाट महिलामाथि शारीरिक यातना, मानसिक र मनोवैज्ञानिक असर परिरहेका छन् । यति मात्रै होइन उनीहरू संवैधानिक र कानुनी रूपमा प्राप्त अधिकार उपभोगबाट अझैं पनि वञ्चित भइरहेका छन् भने सार्वजनिक एवं पेसागत जीवनमा सहभागी हुनबाट पनि वञ्चित हुनुपर्ने अवस्था जीवित छ ।

## लैङ्गिक सशक्तीकरणको प्रयास

नेपालमा महिला सशक्तीकरणका लागि छिटपुट प्रयासहरू वि.सं.२०३७ सालको छैटौं योजनादेखि नै सुरु भएका थिए। तर, लैङ्गिक समानता र मूलप्रवाहीकरणको योजनाबद्ध प्रयास भने वि.सं. २०५४ सालमा नवौं पञ्चवर्षीय योजनादेखि मात्र सुरु भएको हो (आचार्य, २०७२) ।[६] महिलाहरूलाई आर्थिक रूपमा सशक्त बनाउने, कानुनी रूपमा समान अधिकार प्रदान गर्ने, शिक्षा र स्वास्थ्य अवस्था राम्रो बनाउने, समाज र राज्यका विभिन्न निकायमा उनीहरूको सहभागिता तथा प्रतिनिधित्वलाई सुनिश्चित गर्नेजस्ता प्रयासस्वरूप सरकारले विभिन्न कानुन, नीति, कार्यक्रम र कार्ययोजना निर्माण गरेको छ । त्यसैगरी गैरसरकारी क्षेत्रबाट पनि महिला सशक्तीकरणका लागि विभिन्न प्रयत्नहरू भएका छन् । विशेषगरी सरकारी कामकारबाहीको निगरानी राख्ने, महिला जागरणका अभियानहरू सञ्चालन गर्ने र आवश्यकताअनुसार महिला अधिकार स्थापित गर्नका लागि बहस र पैरवी गर्ने काम गैरसरकारी तथा निजी क्षेत्रबाट पनि हुँदै आइरहेका छन् । सरकारी र गैरसरकारी स्तरबाट महिला सशक्तीकरण र लैङ्गिक समानताका लागि भएका केही प्रमुख पहलदकदमीहरू यसप्रकार छन् :

- नेपालको संविधान–२०७२ अनुसार सबै नागरिक कानुनको दृष्टिमा समान हुने, लिङ्ग गर्भावस्था आदिको कुनै आधारमा भेदभाव नगरिने,

६ अस्मिता प्रकाशन गृहले प्रकाशन गरेको पुस्तक 'रूपान्तरणमा महिला' मा प्रकाशित डा. मीना आचार्यको 'अर्थनीतिका विभिन्न चरण र महिला' शीर्षकको लेखमा यस विषयमा विस्तृत चर्चा गरिएको छ ।

लैङ्गिक भेदभावबिना समान वंशीय हक हुने, सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्यसम्बन्धी हक हुने, महिलाविरुद्ध कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण नगरिने, हिंसा भएमा कानुनबमोजिम दण्डनीय हुने र पीडितलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक आदिको व्यवस्था गरेको छ ।

- संवैधानिक रूपमा संघीय, प्रदेश र स्थानीय व्यवस्थापिकामा महिला सहभागिता हुने व्यवस्था गरिएको छ ।
- सबैलाई माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने अधिकार दिएको छ भने लिङ्गका आधारमा महिलामाथि कुनै प्रकारको विभेद नगरिने उल्लेख छ ।
- ग्रामीण महिलाका लागि उत्पादन कर्जा कार्यक्रम, ग्रामीण स्वावलम्बन कोष, ग्रामीण विकास बैंकको स्थापना गरिने उल्लेख छ ।
- विधवा महिलाहरूले सामाजिक सुरक्षा भत्ताअन्तर्गत मासिक **५००** रूपैयाँ प्राप्त गर्ने व्यवस्था छ ।
- महिलाका नाममा घरजग्गा दर्ता–पास गर्दा सहरका लागि **२५** प्रतिशत र ग्रामीण क्षेत्रका लागि **३०** प्रतिशत राजस्व छुट हुने व्यवस्था गरिएको छ ।
- स्वास्थ्य सेवालाई आधारभूत अधिकारका रूपमा व्यवस्था गरिएको छ भने सरकारका तर्फबाट निःशुल्क स्वास्थ्य सेवा प्रदान गर्ने व्यवस्था गरिएको छ । तीन वर्षीय अन्तरिम स्वास्थ्य योजना (वि.सं. **२०६४–२०६७**) अनुसार जोखिमपूर्ण गर्भवतीलाई विशेष स्वास्थ्य सेवा सञ्चालन, जिल्ला अस्पतालमा स्त्रीरोग विशेषज्ञको व्यवस्था भएको छ । प्रजनन्, यौन स्वास्थ्य, पाठेघर खस्ने समस्याको रोकथामलाई राष्ट्रिय कार्यक्रमका रूपमा पहिचान गरिएको छ ।
- लैङ्गिक हिंसा नियन्त्रणका लागि सरकार तथा नागरिक समाजको निरन्तर प्रयास प्रशंसनीय छ । । महिलाविरुद्धका हिंसाबारे आवाज उठाउन चेतनामूलक कार्यक्रमहरू भइरहेका छन् । लिङ्ग आधारित हिंसा अन्त गर्नका लागि वि.सं. **२०६७** सालमा एक अन्तरमन्त्रालय समिति गठन गरिएको छ । विभिन्न जिल्लामा घरेलु हिंसापीडित र बेचबिखनमा परेका महिलाका लागि आश्रयस्थल निर्माण भएका छन् ।
- सरकारले महिलाविरुद्ध हुने सबै भेदभाव अन्त्य गर्ने महासन्धि (सिड), बेइजिङ घोषणापत्र र कार्ययोजना (बिपिएफए), संयुक्त राष्ट्र संघको सुरक्षा परिषद्को प्रस्ताव नम्बर **१३२५** र **१८२०** आदिमा जनाएको स्वीकारोक्ति आदि महिलाको मानव अधिकारलाई सम्मान गर्ने प्रतिबद्धता हुन् ।

- महिलालाई राजनीतिक र आर्थिक रूपमा सशक्त बनाउने प्रयास पनि भएका छन् । राज्यका सबै निकायमा ३३ प्रतिशत महिला सहभागिता हुनुपर्ने संकल्प प्रस्ताव वि.सं. २०६४ सालमा तत्कालीन व्यवस्थापिका संसदले पारित गरेको छ जसले महिलालाई धेरै स्थानमा आफ्नो प्रतिनिधित्वको हक दाबी गर्ने नैतिक आधार प्रदान गरेको छ ।
- नेपाल सरकारले महिलाको राजनीतिक र आर्थिक सहभागितालाई सरकारी, अर्ध–सरकारी र अन्य नीति निर्माण गर्ने निकायमा बढाउनका लागि प्रयत्न गरिरहेको छ । परिणामस्वरूप रोजगारी (विशेषतः सेवा क्षेत्र र प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तहका शिक्षक) मा महिलाको पहुँच बढेको छ । त्यसैगरी निजामती सेवाको राजपत्राङ्कित तहमा पनि महिलाको सहभागिता बढेको छ ।
- महिलामाथिको भेदभावलाई वैधानिकता दिने धेरै कानुन संशोधन गर्ने र आवश्यकताअनुसार नयाँ कानुनहरू तर्जुमा गर्ने काम भएको छ ।

## महिला सशक्तीकरण र मिडिया

सामान्यतया सञ्चार प्रभावका लागि नै गरिन्छ । विशेषगरी पपुलर प्रेसको विकाससँगै आमसञ्चारको प्रभाव र पहुँचको आधारमा आमसञ्चारलाई शक्तिको रूपमा हेरियो । २०सौं शताब्दीभन्दा अगाडि मिडियाले मान्छेको धारणा, सोचाइ, आचार व्यवहार निर्माण गर्नका लागि प्रभावकारी हुन्छ भन्ने मान्यता स्थापित गरेको थियो । सोभियत संघको विघटन, बाल्कन युद्ध र दुईवटा खाडी युद्धमा भएको आमसञ्चार माध्यमको प्रयोगले आमसञ्चार अन्तर्राष्ट्रिय शक्ति संघर्षको महत्वपूर्ण र अत्यावश्यक तत्व हो भन्ने कुरा स्थापित भयो । यसले पनि के प्रमाणित गर्छ भने युद्धका बेला होस् वा शीतयुद्ध वा जुनसकै शक्ति संघर्षमा पनि, मिडिया प्रभावकारी माध्यम हो । साथै सामाजिक रूपान्तरणका लागि पनि मिडिया अत्यन्तै प्रभावशाली हुन्छ (विश्वकर्मा, २०६९) ।

मिडिया समाजको प्रतिबिम्ब हो र सँगसँगै समाजको मार्गनिर्देशक पनि । मिडियाप्रतिको आम विश्वासलाई हेर्दा मिडियासँग जुनकुनै समुदायको मुद्दा र सवाललाई सामाजिक स्वीकारोक्ति दिलाउन र सम्बन्धित समुदायको सशक्तीकरणको प्रक्रियालाई घनीभूत बनाउनका लागि महत्वपूर्ण प्रभाव पार्न सक्ने तागत हुन्छ । तसर्थ, महिला सशक्तीकरण र लैङ्गिक समानता प्राप्तिको प्रक्रियामा पनि मिडियाको प्रभाव अत्यन्त उल्लेखनीय रहेको हुन्छ । यही कारणले गर्दा नै विश्वभरिको महिला अधिकार आन्दोलनले मिडियालाई प्रमुख सरोकारको विषय मान्दै आएको छ । चौथो विश्व महिला सम्मेलनले महिलाको अधिकार र उन्नतिका लागि प्रमुख सरोकारका क्षेत्रमध्ये मिडियालाई एक मानेको छ । अन्तर्राष्ट्रिय महिला आन्दोलनले मिडियालाई निरन्तर साझेदार बनाइरहेको छ ।

मिडिया र सूचना तथा सञ्चारका क्षेत्रमा विकास भएका नयाँ–नयाँ प्रविधिको विस्तारले लैङ्गिक समानतासम्बन्धी सूचना, ज्ञान र अनुभवको आदान–प्रदान गराउने काममा निकै ठूलो योगदान गरेको छ। ती प्रविधिहरू समाचारमूलक, सूचना, विचार र जनमत निर्माण गर्ने महत्वपूर्ण स्रोतका रूपमा स्थापित भएका छन् । असमानता, विभेद र लैङ्गिक रूपमा भेदभावजन्य स्थापित ढाँचा ९क्तभचभयतथउभ० समाज तथा आम मानिसको मन–मष्तिष्कमा विद्यमान छ । त्यस्ता विभेदकारी सामाजिक–सांस्कृतिक मूल्य–मान्यतालाई निरन्तरता दिने वा अन्त्य गर्ने दुवै प्रक्रियामा मिडियाको भूमिका निर्णायक हुन सक्दछ । मिडियाका अर्न्तवस्तु उत्पादन गर्ने सञ्चारकर्मीमा लैङ्गिक रूपमा पूर्वाग्रही र भेदभावपूर्ण मूल्य–मान्यता छन् भने उनीहरूले महिला सशक्तीकरण र लैङ्गिक समानताको पक्षमा सकारात्मक रिपोर्टिङ गर्ने वा सम्पादन गर्ने क्षमता राख्दैनन् । पत्रकार हुनुभन्दा धेरै पहिले महिलाका वा पुरुषका रूपमा मिडियाका मालिक, निर्णय प्रक्रियामा संलग्न व्यक्ति, पत्रकार तथा सम्पादकको सामाजिकीकरण जसरी भएको छ वा उनीहरूमा कुन किसिमको सांकृतिक मूल्य–मान्यता बनेको छ, त्यसले नै मिडियाका विषयवस्तु उत्पादन प्रक्रियामा महिलाका मुद्दा र सरोकारलाई कसरी स्थान दिने, महिलाका सम्बन्धमा कसरी रिपोर्टिङ गर्ने, उनीहरूलाई कसरी चित्रण गर्ने, आम विषयहरूमा महिलाको भावना, विचार र दृष्टिकोणलाई कसरी सम्प्रेषण गर्ने भन्ने कुराको निर्क्यौल हुने गर्दछ । त्यसैले मिडियाका विषय–वस्तुको निर्माण अन्ततः उत्पादकको सांस्कृतिक अभिव्यक्ति हो (विश्वकर्मा, २०६९) । अर्थात्, उत्पादकको सामाजिक–सांस्कृतिक वा राजनीतिक दृष्टिकोणकै आधारमा उनीहरूले मिडियाका अन्तर्वस्तु निर्माण गर्ने गर्दछन् । त्यसैले उत्पादकको दृष्टिकोण लैङ्गिक रूपमा विभेदजन्य सामाजिक–सांस्कृतिक आधारमा बनेको छ भने उनीहरूले लैङ्गिक समानताका लागि योगदान पुऱ्याउन सक्दैनन् ।

सामान्यतया मिडियाले महिला सशक्तीकरण र लैङ्गिक समानताको लक्ष्य प्राप्त गर्ने प्रक्रियामा विशिष्ट किसिमले प्रभाव पार्न सक्दछ। पहिलो, दृष्टिकोणअनुसार मिडियाका अन्तर्वस्तु (कन्टेन्ट) उत्पादन गर्ने कार्यमा महिलालाई बढीभन्दा बढी सहभागी बनाउन सक्यो भने महिलाले बढी संवेदनशीलताका साथ यी एजेन्डालाई मिडियामार्फत उजागर गर्दछन् भन्ने मान्यता राखिन्छ। दोस्रो, महिलासँग प्रत्यक्ष सरोकार राख्ने सबै विषयलाई महत्वका साथ प्रकाशन/प्रसारण गर्ने तथा त्यसबाहेक अन्य विषयमा पनि महिलाको विचार, दृष्टिकोण एवं अनुभवलाई समेट्ने काम मिडियाले गर्न सक्दछ । मिडियाका अन्तर्वस्तुमा महिलाको सकारात्मक र सबल छविलाई चित्रण गरेर पनि मिडियाले महिला सशक्तीकरणका लागि टेवा पुऱ्याउन सक्दछ । त्यति मात्रै होइन, महिला उपभोक्ताको रुचि, विचार र उनीहरूलाई अघि बढाउने किसिमका सामग्रीको प्रकाशन/प्रसारणमार्फत महिला अधिकार र लैङ्गिक समानताको लक्ष्यलाई प्रभावित

गर्न सक्दछ। तर, यी सबै गरिरहँदा मिडियाले महिलालाई एउटा बेग्लै सामाजिक प्राणीका रूपमा हेर्ने र प्रस्तुत गर्ने गर्नु हुँदैन । समाजमा महिलाको हीन र अधीनस्थ अवस्था हुँदा उनीहरू र उनीहरूलाई प्रत्यक्ष प्रभाव पार्ने सवाललाई विशेष रूपमा सम्बोधन गर्नुपर्ने आवश्यकता छ। तर यसको अर्थ यस्ता सवाललाई अन्य सामाजिक राजनीतिक सवालभन्दा बिल्कुलै अलग राख्नु वा अन्य सवालमा महिलाको दृष्टिकोणलाई स्थान नदिने दृष्टिकोण उचित होइन ।

यसको तात्पर्य महिला र पुरुषप्रति समान व्यवहारजस्तो समान कामका लागि समान ज्याला, नीति निर्णायक तहमा समान पहुँच, रोजगारी, राज्यले दिने सुविधा, स्वास्थ्य सेवा आदिमा समान सहभागिता आदि सुनिश्चित गर्नु हो। मिडियाले एकातिर लैङ्गिक समानताका यी सवालहरूलाई उजागर गर्दै यिनको पक्षमा जनमत तयार गर्न र पैरवी गर्न महत्वपूर्ण भूमिका खेल्न सक्छ। अर्कातिर, मिडियाभित्रको लैङ्गिक समानता भनेको मिडियाका निर्णय प्रक्रियामा र जनशक्तिमा महिला र पुरुष सहभागिता, समाचार तथा अन्य मिडिया सामग्रीमा स्वच्छ लैङ्गिक चित्रण, तटस्थ र लिङ्ग-केन्द्रित नभएको भाषाको प्रयोग, महिला पत्रकारलाई फेसन वा महिला बिटजस्ता सफ्ट समाचारमा मात्र सीमित राख्ने अभ्यासको अन्त्यजस्ता विषयहरू हुन्। मिडियाले आफ्ना संरचना र आफूले उत्पादन गर्ने सञ्चार सामग्रीमा लैङ्गिक समानता अपनाएर तथा लैङ्गिक रूपमा संवेदनशील भएर लैङ्गिक समानता तथा महिला सशक्तीकरणका सवालमा टेवा पुग्ने गरी मिडियामा स्थान तथा प्रस्तुति दिएर लैङ्गिक समानताको प्रवर्द्धनमा सघाउ पुऱ्याउन सक्छ । यस्तो अवस्था सृजना गर्न र यस्ता सामग्री उत्पादन गरी सम्प्रेषण गर्नमा पत्रकार महिला मात्र सचेत भएर हुँदैन, मिडियाका मालिक, निर्णय प्रक्रियामा संलग्न व्यक्ति, आम पत्रकार र मिडियासँग सम्बन्धित अन्य निकाय वा संघ-संगठन लैङ्गिक रूपमा संवेदनशील हुनुपर्दछ । महिलाको अभिव्यक्ति तथा सूचनासम्बन्धी स्वतन्त्रताको अधिकारलाई सीमित तुल्याउने विभिन्न संरचनागत, आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक अवरोधलाई अन्त्य गरी लैङ्गिक समानताको लक्ष्य प्राप्त गर्नका लागि मिडियाको अत्यन्त अहम् भूमिका रहेको छ ।

कुनै पनि उपेक्षित र सीमान्तीकृत समुदायको पक्षमा आवाज उठाउन वा पैरवी गर्नका लागि क्रियाशील रहनु सञ्चार माध्यमको दायित्व पनि हो । त्यसमा पनि नेपालजस्ता भौगोलि रूपमा विकट र अविकसित मुलुकमा यस्तो आवाज उठाउनका लागि रेडियो माध्यमको विशेष योगदान रहेको हुन्छ। नेपालमा अहिले सरकारी, निजी र सामुदायिक तहबाट रेडियो सञ्चालित छन् । यीमध्ये व्यवसायिक रेडियोको मूल उद्देश्य व्यापार प्रवर्द्धन र मुनाफा आर्जन रहेको हुँदा पछाडि पारिएको समुदायको पक्षमा आवाज उठाउने सबैभन्दा प्रभावकारी माध्यम सामुदायिक रेडियो नै हुन्। सामुदायिक रेडियोले महिला

सशक्तीकरण र लैङ्गिक समानताका लागि जनचेतना जगाउने, जनतालाई सशक्त बनाउने र नीति निर्मातासँग पैरवी गर्ने काम गर्न सक्छ । समुदायप्रति नै समर्पित र समुदायले नै सञ्चालन गर्ने रेडियो भएका कारण यस्ता रेडियोले बहिस्करणमा पारिएका समुदायको आवाजलाई बढी प्राथमिकता दिनुपर्छ । सैद्धान्तिक रूपमा सामुदायिक रेडियोको भूमिका मूलतः सामाजिक रूपान्तरण गर्नु नै हो । यसका लागि लैङ्गिक समानताको लक्ष्य प्राप्तिको दिशामा आम जनताको सहभागिता र महिलाहरूको सशक्तीकरण सामुदायिक रेडियोको एउटा मुख्य ध्येय हो । सामुदायिक रेडियोले सूचनाको प्रचार–प्रसार गर्न, जनपरिचालन गर्न, समाजलाई सुशिक्षित गर्न र नीति परिवर्तन गर्न पैरवी गर्दछ । रेडियोले समाजमा मूल्य–मान्यता निर्माण, विकास र परिवर्तन गर्न महत्वपूर्ण भूमिका खेल्दछ । एफएमहरूले समाचार, टक शो, अन्तरक्रिया, बहस, फिचर आदिका माध्यमबाट महिला सशक्तीकरण र लैङ्गिक समानताका सवालहरूलाई बहसमा ल्याउन सक्दछन् । तसर्थ सामुदायिक रेडियोहरूमा कार्यरत पत्रकारहरूले यस उद्देश्यमा अत्यन्त ठूलो योगदान गर्न सक्ने अवस्था रहन्छ । सामुदायिक रेडियोहरूले समुदायमा बसोबास गर्ने सबै नागरिकहरूलाई र नागरिकहरूबाट सूचना, शिक्षा, मनोरञ्जन र अभिप्रेरणा आदान–प्रदान गर्ने वातावरण सिर्जना गर्दछ । यो समुदायका लागि मात्र लक्षितभन्दा पनि समुदायले आफूलाई अभिव्यक्त गर्ने सञ्चारमाध्यम समेत हो ।

## लैङ्गिक संवेदनशीलताका लागि राष्ट्रिय र अन्तराष्ट्रिय कानुनी तथा नैतिक दायित्वहरू

नेपाल सरकारले विभिन्न समयमा लैङ्गिक समानताका लागि विभिन्न राष्ट्रिय तथा अर्न्तार्ष्ट्रिय सन्धि तथा अभिसन्धिमा हस्ताक्षर गरी पक्ष राष्ट्र भएको छ । ती विभिन्न अन्तर्राष्ट्रिय सन्धि, महासन्धि, घोषणापत्रमा हस्ताक्षर गरिसकेपछि त्यसको कार्यान्वयन गर्ने दायित्व सम्बन्धित देशका सरकारहरूको हुन्छ । राज्यले प्रतिबद्धता जनाएअनुसार कानुन तथा नीति निर्माण गर्नुपर्ने हुन्छ । मुलुकको संविधान तथा कानुनले पनि मिडिया क्षेत्रमा पुरुष सरह महिलाले पनि बराबर काम गर्ने अवसर तथा वातावरण पाउनुपर्ने, मिडियामा लैङ्गिक रूपमा अपहेलित वा पूर्वाग्रही चित्रण दिन नहुने र महिला सशक्तीकरण तथा लैङ्गिक समानताको सवाललाई प्रवर्द्धन गर्नुपर्ने अवस्थालाई सुनिश्चित गर्दछन् । यी कानुनी तथा नैतिक दायित्वहरूलाई व्यवहारमा कार्यान्वयन गर्ने दायित्व सरकारी र गैरसरकारी क्षेत्रका मिडिया र मिडियासम्बन्धी काम गर्ने संघ–संस्था एवं पत्रकारहरूको नै हो । अझ त्यसमा पनि समाजकै लागि र समाजका समुदायहरूकै अपनत्व र स्वामित्वमा उनीहरूकै लागि स्थापित सामुदायिक रेडियोको दायित्व अझ बढी नै हुने गर्दछ । मिडिया र सञ्चारकर्मीलाई लैङ्गिक रूपमा संवेदनशील हुन र लैङ्गिक समानताका लागि क्रियाशील रहन नैतिक र कानुनी रूपमा निर्देशित गर्ने केही प्रमुख राष्ट्रिय अन्तराष्ट्रिय संयन्त्रहरू निम्नअनुसार छन् :

१. **अन्तर्राष्ट्रिय मानव अधिकार घोषणापत्र** (**सन् २०४८ डिसेम्बर १० मा संयुक्त राष्ट्रसंघको महासभाबाट घोषित र पारित**)

- रंग, जाति, लिङ्ग, भाषा, धर्म, राजनीति र अन्य धारणा, राष्ट्रिय तथा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म र अन्य स्तरका आधारमा कुनै विभेद नहुने गरी सबैले यो घोषणापत्रमा उल्लिखित सम्पूर्ण अधिकार र स्वतन्त्रता उपभोग गर्न पाउँछन् (धारा २) ।

- सबैसँग आफ्नो विचार अभिव्यक्त गर्ने स्वतन्त्र अधिकार छ । यसअन्तर्गत बिनाकुनै हस्तक्षेप, कुनै सीमा र रोकटोकबिना सञ्चारमाध्यममार्फत आफ्नो विचार र सूचना स्वतन्त्र ढंगले प्रवाह गर्न पाइन्छ (धारा १९) ।

२. **अन्तर्राष्ट्रिय पत्रकार महासंघको आचार संहिता** (**१९८६ बाट संशोधित**)

- पत्रकारले मिडियाबाट हुनसक्ने असमान वा भेदभावपूर्ण व्यवहारबाट उत्पन्न हुने खतराप्रति सजग रहनुपर्दछ र जाति, वर्ण, लिङ्ग, धर्म, भाषा, राजनीतिक र अन्य विचार एवं आस्थाका आधारमा सामाजिक तथा राष्ट्रिय तहमा मिडियाका तर्फबाट भेदभाव हुन नपाओस् भनेर सजग रहनुपर्दछ ।

३. **नागरिक र राजनीतिक अधिकारमाथि अन्तराष्ट्रिय सम्झौता-पत्र** (**सन् १९६९ डिसेम्बर १६ मा राष्ट्र संघको महासभाबाट हस्ताक्षर, प्रमाणीकरण र प्रवेशका लागि खुला गरिएको**)

- सबैसँग बिनाकुनै हस्तक्षेप आफ्नो भनाइ राख्ने अधिकार हुन्छ। सबैसँग स्वतन्त्र अभिव्यक्तिको अधिकार हुन्छ। आफ्नो छनोटअनुसारको सञ्चारमाध्यममार्फत सबै प्रकारका सूचना र विचार खोज्न, दिन र प्राप्त गर्न सकिन्छ (धारा १९) ।

४. **महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि** (**सिड कन्भेन्सन**): सन् १९७९ डिसेम्बर १८ मा संयुक्त राष्ट्रसंघको महासभाबाट पारित सिड कन्भेन्सनका सबै भाग र धाराले महिला तथा पुरुषको बीचमा पूर्ण समानता प्राप्तिका लागि र महिलाविरुद्ध भेदभाव उन्मूलनका लागि विभिन्न व्यवस्था गरेको छ । यो सिङ्गो महासन्धि नै महिला सशक्तीकरण र लैङ्गिक समानताका लागि कोसेढुङ्गा सरह रहेको छ । मिडियासम्बन्धी संघ–संस्था र पत्रकारहरूले यस महासन्धिका आधारमा पनि लैङ्गिक समानतालाई प्रवर्द्धन गर्न भूमिका निर्वाह गर्नु जरुरी छ ।

५. **समानता, विकास र शान्तिका लागि बेइजिङ कार्ययोजना (सन् १९९५ मा बेइजिङमा सम्पन्न चौथो विश्व महिला सम्मेलनद्वारा पारित)** : बेइजिङ सम्मेलनले महिलाको प्रगतिका लागि **१२** वटा संवेदनशील सरोकारका क्षेत्रहरूमध्ये 'महिला र मिडिया'लाई पनि मानेको छ । समानता, विकास र शान्तिका लागि बेइजिङ कार्ययोजनाले मिडियाका सम्बन्धमा दुई प्रमुख रणनीतिहरू सिफारिस गरेको छः

- सञ्चारमाध्यम तथा सञ्चारका नयाँ प्रविधिहरूमा र तीमार्फत हुने अभिव्यक्तिहरूमा तथा निर्णय प्रक्रियामा महिलाको सहभागिता र पहुँच अभिवृद्धि गर्ने,

- सञ्चारमाध्यममा महिलाको सन्तुलित र गैरपरम्परागत चित्रणलाई प्रोत्साहित गर्ने

६. **नेपालको संविधान** : नेपालको संविधान **२०७२** को धारा–**१९** मा सञ्चारको हकअन्तर्गत विद्युतीय प्रकाशन, प्रसारण तथा छापा लगायतका जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य, श्रव्य–दृश्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा सूचना प्रवाह गर्न वा छाप्न पूर्वप्रतिबन्ध लगाइने छैन । तर, नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा संघीय इकाइबीचको सु–सम्बन्ध वा विभिन्न जात, जाति, धर्म वा सम्प्रदायबीचको सु–सम्बन्धमा खलल पर्ने, राज्यद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार, नैतिकताको प्रतिकूल कार्य गर्ने, श्रमप्रति अवहेलना गर्ने र जातीय छुवाछूत एवं लैङ्गिक भेदभावलाई दुरुत्साहन गर्ने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन भन्ने उल्लेख छ । साथै धारा–**२७** मा सूचनाको हकअन्तर्गत प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ । तर कानुनबमोजिम गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पारिने छैन ।

७. **पत्रकार आचार संहिता–२०६० (संशोधित तथा परिमार्जित–२०६४)** : सार्वजनिक हितमा प्रतिकूल असर पार्ने बाहेकको अवस्थामा वैयक्तिक एवं व्यावसायिक गोपनीयताको सम्मान गर्नुपर्दछ ।

- अशक्त, असहाय, अपाङ्ग, बालबालिका, महिला तथा पिछडिएका वर्ग, क्षेत्र, भाषा–भाषी र अल्पसंख्यक समुदायको उत्थान र विकासमा सूचना र विचार प्रवाहद्वारा विशेष सहयोग पुऱ्याउनु पत्रकार र सञ्चारमाध्यमको सामाजिक दायित्व हुनेछ ।

- सामाजिक न्याय र सद्भावमा प्रतिकूल असर पुऱ्याउने तथा व्यावसायिक मर्यादाविपरीत हुने, विकृत र उत्तेजक सामग्री प्रकाशन–प्रसारण तथा उत्पादन–वितरण गर्नु हुँदैन ।

- जातीय, लैङ्गिक, धार्मिक, क्षेत्रीय, भाषिक र रंगजस्ता आधारमा भेदभाव हुने गरी समाचार र विचारको सम्प्रेषण गर्न हुँदैन ।

- पीडितलाई थप पीडा पुग्ने गरी भाषा, ध्वनि, तस्बिर, चित्र र दृश्यसमेतको प्रयोग गरी समाचार तथा विचार प्रकाशन–प्रसारण वा उत्पादन–वितरण गर्न हुँदैन ।

- यौनजन्य अपराध र सामाजिक अपहेलना एवं घृणाजन्य घटना वा सन्दर्भमा पीडित व्यक्तिहरूको सचेत स्वीकृतिबिना नाम, ठेगाना र पहिचान खुल्ने गरी समाचार, तस्बिर र दृश्य प्रकाशन–प्रसारण वा उत्पादन–वितरण गर्नुहुँदैन ।

८. **सामुदायिक रेडियो लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति–२०६८** (**जेसी नीति**) : यस नीतिले सामुदायिक रेडियोमा महिलासम्बन्धी समाचार तथा कार्यक्रम प्रसारण गर्ने, सामुदायिक रेडियो स्टेसनहरू आफैंमा र मार्फत मुलुकको लैङ्गिक समानता र महिला सशक्तीकरण गर्न प्रभावकारी वकालत गर्नेजस्ता व्यवस्था गरेको छ । साथै, यसले रेडियोका मुख्य पदहरूमा कम्तीमा ३३% महिला समावेश गर्ने, पदपूर्ति समितिमा महिला राख्नुपर्ने, तालिममा सहभागीहरूको छनोट गर्दा महिलाहरूका लागि ५०% सिट आरक्षणको विशेष व्यवस्था गरिनुपर्ने प्रावधान बनाएको छ । महिला कर्मचारीहरूका लागि विशेष सुरक्षा र खतरामुक्त अवस्था बनाउन विभिन्न प्रावधानहरूको व्यवस्था गरेको छ भने रेडियो कार्यक्रमहरूमा महिलाका मुद्दाहरूलाई समावेश गर्ने नीति बनाउनुपर्ने व्यवस्था गरेको छ (यस नीतिको पूर्ण पाठ अनुसूची २ मा हेर्नुहोला) ।

९. **सामुदायिक रेडियो आचार संहिता–२०६४**

- लोकतन्त्रिक मूल्य–मान्यता, विधिको शासन, मानवअधिकार, समता, समावेशीकरण, सामाजिक न्याय र पारदर्शिताको सिद्धान्तलाई आत्मसात् गर्दै यी मान्यता र सिद्धान्तअनुरूपको समाज निमार्णका लागि वकालत गर्नुपर्दछ ।

- अशक्त, असहाय, निमुखा र समाजिक उत्पीडनमा पारिएकाहरूका पक्षमा आवाज उठाउँदै सामाजिक न्यायका लागि उत्तरदायीपूर्ण कार्यक्रमहरू प्रसारण गर्नुपर्दछ ।

- कुनै पनि समुदाय, वर्ग, धर्म, लिङ्ग तथा भाषाभाषी तथा क्षेत्रलाई होच्याउने

र अपमान गर्ने अनि कुनै पनि जातजाति, सम्प्रदाय र वर्गबीच वैमनस्य उत्पन्न गर्ने खालका सामग्री प्रसारण गर्नुहुँदैन ।

- अश्लील र घृणाजन्य सामग्रीलाई स्टेसनको प्रसारणमा स्थान दिनुहुँदैन ।
- महिला, विभिन्न भाषाभाषी तथा जातजातिलाई होच्याउने र सामाजिक विसंगतिलाई प्रश्रय दिने खालका गीत–सङ्गीत र अन्य सामग्री प्रसारण गर्नुहुँदैन ।

(यस आचार संहिताको पूर्ण पाठ **अनुसूची १** मा हेर्नुहोला)

१०. **सामुदायिक रेडियो सदाचार नियमावली–२०७०**

- खुला समावेशी, लोकतन्त्र र पारदर्शिताका सिद्धान्तका आधारमा कार्य सम्पादन गर्ने ।
- जातीय, धार्मिक, सांस्कृतिक, लैङ्गिक, साम्प्रदायिक र सामाजिक सद्भावको पालना गर्ने र त्यस प्रतिकूलका भावनालाई व्यवसायिक रूपले सार्वजनिक महत्वको विषय नबनाउने ।
- सीमान्तीकृत, लाभवञ्चित र अल्पसंख्यक स्थितिमा रहेका मानिसहरूको हित संरक्षणलाई प्राथमिकताको विषय बनाउने ।

यस्ता विभिन्न राष्ट्रिय र अन्तराष्ट्रिय प्रावधानहरूले मिडियासम्बन्धी संघ–संगठन, सञ्चार–गृह र सञ्चारकर्मीहरूलाई लैङ्गिक रूपमा संवेदनशील हुनुपर्ने तथा लैङ्गिक समानताका लागि क्रियाशील रहनुपर्ने दायित्व सुम्पेका छन् ।

अध्याय : तीन

# नेपालमा सामुदायिक रेडियो

## सामुदायिक रेडियो

रेडियोको प्रकृतिलाई हेरेर सार्वजनिक रेडियो, निजी व्यापारिक रेडियो र समुदायिक रेडियो गरी रेडियोहरूलाई विभिन्न किसिमले विभाजित गर्ने गरिएको पाइन्छ। समुदायकै व्यवस्थापनमा उनीहरूकै हितका लागि स्थानीय क्षेत्रमा सञ्चालित गैरनाफामूलक रेडियोलाई सामुदायिक रेडियोको रूपमा व्याख्या गरिँदै आएको छ । युनेस्कोले सन् २००१ मा प्रकाशित गरेको सामुदायिक रेडियोको हाते पुस्तकमा सामुदायिक रेडियोलाई निमुखा वा बोल्न नसक्ने सोझा, सीधा मानिसको बोली बोल्ने अथवा बोल्न सघाउने माध्यमको रूपमा व्याख्या गरेको छ । त्यस्तै, सामुदायिक रेडियोहरूको विश्व संगठन अमार्कले सन् १९८८ सामुदायिक रेडियोको सिद्धान्तको घोषणा गरेको थियो, जुन घोषणामा 'सामुदायिक रेडियोले आफू जुन समुदायको सेवा गर्नका लागि जन्मेको हो त्यही समुदायको सामाजिक परिवर्तनको पक्षमा प्रगतिशील ढंगले विकासमा योगदान दिँदै समुदायका आवश्यकताहरू पूरा गर्छ। सामुदायिक रेडियोले आफ्नो प्रसारण क्षेत्रका सबै समुदायलाई सहभागिता गराएर मात्रै सञ्चारको प्रजातन्त्रीकरण गर्न सघाउँछ' भन्ने उल्लेख गरिएको छ । त्यस्तै, अमार्कले सामुदायिक रेडियोलाई आवाजविहीनहरूको आवाजका साथै रंग, लिङ्ग, जाति, वर्ग तथा समुदायका आधारमा दबाइएका जनताको मुखपत्रका रूपमा व्याख्या गरेको छ (अमार्क, सन् २००७) ।

अहिलेसम्म सामुदायिक रेडियोको एउटै मात्रै परिभाषा छैन। विभिन्न देशमा भिन्नाभिन्नै किसिमले सामुदायिक रेडियोलाई परिभाषित गरिएको छ। सरल रूपमा भन्दा सामुदायिक रेडियोलाई 'जनताद्वारा र जनताका लागि सञ्चालित रेडियो' भन्न सकिन्छ । यस परिभाषाले सामुदायिक रेडियोको प्रमुख सिद्धान्त र आदर्शहरूको झलक दिन्छ । एउटा सामुदायिक रेडियो हुनका लागि सबैभन्दा पहिले यो समुदायद्धारा सञ्चालित र नियन्त्रित हुनुपर्छ भने यसको उद्देश्य त्यही समुदायका बासिन्दाका लागि उपयोगी सामाग्रीहरू प्रसारण गरेर जनताको सेवा गर्ने हुनुपर्छ (पौड्याल, २०५८) । समुदायका मानिसहरूले कुनै संगठित समूह, निकाय वा संघ–संस्थाको माध्यमबाट चलाउने रेडियो सामुदायिक रेडियो हो ।

समुदाय विकासका लागि समुदायद्वारा नै समुदायसम्बन्धी कार्यक्रमहरू तयार गरी प्रसारण गर्ने हेतुले सञ्चालन गरिएको रेडियो नै 'सामुदायिक रेडियो' हो। खासगरी नेपालजस्तो हिमाली र पहाडी भू–भागमा अवस्थित गरिब, अल्पविकसित एवं अत्यधिक अशिक्षित समुदाय रहेको देशमा स्थानीय रूपमा समुदायको विकास गर्ने कार्यमा सामुदायिक

रेडियोको विशिष्ट भूमिका रहेको हुन्छ (प्रिङ्गल र सुब्बा, सन् २००७) । सामुदायिक रेडियोको स्वामित्व, व्यवस्थापन, कर्मचारी र कार्यक्रम तर्जुमासमेत समुदायले गर्नुपर्ने व्यवस्था सामुदायिक रेडियोमा हुन्छ । जुन समुदायमा सामुदायिक रेडियो स्थापना गरिएको हो, त्यो समुदायमा विद्यमान विभिन्न जाति, वर्ग, लिङ्ग, भाषाका कार्यक्रम त्यसमा प्रसारण हुन्छ । त्यसैले सामुदायिक रेडियोलाई 'समुदायको ढुकढुकी' पनि भन्ने गरिन्छ (कसजू, सन् २००७) । यस अर्थमा लैङ्गिक समानताका सन्देश र विचार प्रवाह गर्नमा पनि यस्ता सामुदायिक रेडियोले अहम् भूमिका निर्वाह गर्न सक्दछ । महिलाहरू आफैंले मात्र पनि महिला हक, हित र सरोकारका विषयमा सामुदायिक रेडियोहरू सञ्चालन गर्न सक्दछन् ।

सैद्धान्तिक रूपमा हेर्दा व्यापारिक रेडियो वा एफएमभन्दा सामुदायिक रेडियो भिन्न हुन्छ । व्यावसायिक रेडियो विज्ञापनदाताबाट प्रभावित हुन्छ भने सामुदायिक रेडियोले समुदायको सेवा गर्छ । सामुदायिक रेडियो मूलतः समुदायले स्थानीय स्रोतबाटै सञ्चालन गरेका हुन्छन् । व्यावसायिक रेडियो र सामुदायिक रेडियोबीचको भेद छुट्याउन फिलिपिन्समा यसो पनि भन्ने गरिन्छ : व्यावसायिक रेडियोले पाँच 'पी (ए)' (profit, propaganda, power, politics, privilege) का लागि काम गर्दछ भने सामुदायिक रेडियोले एउटै 'पी (ए)' नागरिक (People) का लागि काम गर्दछ ।

सामुदायिक रेडियोको जन्म मूलतः ल्याटिन अमेरिकी देशहरूमा भएको मानिन्छ । तर संसारका विभिन्न देशमा यसको सञ्चालन भने भिन्न–भिन्न तरिकाबाट भइरहेको छ । ल्याटिन अमेरिकी देशहरूमा विशेषगरी शैक्षिक र विकाससम्बन्धी कार्यक्रमका लागि सामुदायिक रेडियो प्रयोग गरिएको पाइन्छ । यसलाई क्याथोलिक चर्चले सहयोग गरेका हुन्छन् । अफ्रिकी मुलुकहरूमा विकास र सामाजिक गतिविधिसम्बन्धी जानकारीका लागि यसको प्रयोग भएको पाइन्छ । युरोपमा भने सामुदायिक रेडियोलाई 'लोकल रेडियो' भनिन्छ । त्यहाँ विशेषगरी प्रगतिशील समूह, कलाक्षेत्रका कर्मीहरू, अल्पसंख्यक समुदाय र साना राजनीतिक दलहरूले यसको प्रयोग गरेको पाइन्छ । समलिङ्गी, वातावरणवादी एवं आदिवासी अधिकारका मुद्दाहरू पनि त्यहाँका 'लोकल रेडियो'बाट प्रसारण हुने गर्दछन् । सामुदायिक रेडियोलाई ठाउँ हेरी अनेक नाम दिइएको पाइन्छ । यसलाई रुरल रेडियो, को–अपरेटिभ रेडियो, पार्टिसिपेटरी रेडियो, फ्री रेडियो, अल्टरनेटिभ रेडियो, पपुलर रेडियो, एजुकेसनल रेडियो आदि पनि भन्ने गरिन्छ (छैठौं सामुदायिक रेडियो विश्व सम्मेलन प्रतिवेदन, सन् १९९५) ।

**सामुदायिक रेडियोको प्रभाव र महत्व** :
समुदायबाटै स्थापित भई समुदायकै लागि कार्यक्रम सञ्चालन गर्ने भएकोले समुदायको विकासमा सामुदायिक रेडियोको प्रभाव गहिरो रहेको हुन्छ । त्यसैले नेपालजस्तो गरिब,

विकट भौगोलिक अवस्था रहेको र अत्यधिक अशिक्षित वर्ग रहेको देशमा सामुदायिक रेडियाको महत्व अरूभन्दा धेरै छ । भौगोलिक विकटताले गर्दा नेपालका धेरै भू–भागमा पत्रपत्रिका पुग्न सकेका छैनन् भने अझै पनि नेपालमा निरक्षरको संख्या निकै ठूलो भएकोले पत्रपत्रिकाबाट उनीहरूले लाभ लिन सक्ने सम्भावना कम हुन्छ । विद्युत अभाव र गरिबीका कारण सबै क्षेत्रका नागरिकले टेलिभिजनको प्रयोग गर्न सम्भव छैन । यस्तो अवस्थामा बहुसंख्यक नेपाली जनताको पहुँचमा पुग्ने सञ्चारमाध्यम रेडियो नै हो । वास्तवमा नागरिकलाई आफ्नै सरोकारबारे छलफल गर्ने र आफ्ना भाका र बोली प्रसारण गर्ने सञ्चार भनेको सामुदायिक रेडियो नै हुन् ।

समुदायमा सामुदायिक रेडियोले मानिसको सोच र व्यवहार नै बदल्न सक्छ भन्ने विश्वास गरिन्छ । सामुदायिक रेडियोले प्रसारण गर्ने शिक्षामूलक कार्यक्रमले सामाजिक व्यवहार बदल्न सघाउ पुऱ्याइरहेका हन्छन् । ती कार्यक्रममा प्रसारण हुने अधिकांश विषय, विचार र सरोकार सम्बन्धित समाजकै हुने भएकाले पनि यसमा स्रोताको सहभागिता र विश्वास बढी हुने गर्दछ । स्रोता, कार्यक्रम उत्पादक तथा प्रस्तोता आदिबीचको सम्बन्ध अत्यन्तै निकटको हुने भएकाले पनि स्रोताका गुनासा ती रेडियोमा सहजै सुनुवाइ हुने विश्वास लिइन्छ । कसैको बच्चा, पशु वा कुनै सामाग्री हरायो भने सीधै रेडियो स्टेसन पसेर हराएको चिज खोजिदिन 'अन एअर' आह्वान गर्न सकिने भएकोले पनि सामुदायिक रेडियो अन्य सञ्चारमाध्यमको तुलनामा बढी प्रभावकारी हुने विश्वास गरिन्छ (कसजू, सन् २००७) ।

सामुदायिक रेडियोले यस्ता भूमिकाका साथै अस्तित्वमा नभएका नयाँ समुदाय सिर्जना गर्ने काम पनि गर्दछ । सामुदायिक रेडियोको प्रभाव बुझिसकेपछि समाजमा रहेका महिला, युवा वा कुनै समुदाय विशेषका अगुवाहरूले आफ्नो समुदायबाट पनि रेडियो चलाउने उत्प्रेरणा जाग्न सक्छ । उनीहरूले आफ्नै अग्रसरतामा रेडियो स्थापना गर्ने र आफ्ना सरोकारबारे कार्यक्रम उत्पादन र प्रसारण गर्न सक्छन् । यसले समुदायको सशक्तीकरण गर्ने काममा सशक्त भूमिका निर्वाह गर्न सक्छन् । अचेल नेपालमा रेडियो सुनी आफ्नो सुझाव राख्ने, कार्यक्रमको खाका नै तयार पार्ने 'स्रोता क्लब' हरू सक्रिय छन् । स्रोता क्लब सामुदायिक रेडियोले निर्माण गरेको सचेत नयाँ समुदायकै एउटा अंश हो । यसरी रेडियोमार्फत छुट्टै समुदाय निर्माण गर्नु र सामाजिक रूपान्तरणका लागि उनीहरूलाई परिचालन गर्नु पनि निकै सकारात्मक काम हो । वास्तवमा सामुदायिक रेडियोको उत्पत्ति नै समाजलाई सशक्तीकरण गर्नु र सामाजिक रूपान्तरण गरी न्याय एवं समतामा आधारित समाजको निर्माण गर्नु हो ।

### नेपालमा सामुदायिक रेडियोको महत्व

नेपालको सन्दर्भमा सामुदायिक रेडियो सञ्चार क्षेत्रको नयाँ र महत्वपूर्ण आयाम हो । नेपालमा सामुदायिक रेडियोको सुरुवात नब्बेको दशकदेखि मात्र भएको थियो । तर

नेपालमा अहिले सबैजसो क्षेत्रमा सामुदायिक रेडियोको पहुँच स्थापित भइसहेको छ । हाल देशमा **२५०** वटा सामुदायिक रेडियोहरू सञ्चालनमा छन् जसले **७४** जिल्लाका ९० प्रतिशत जनतामा आफ्नो पहुँच विस्तार गरिसकेको छ । 'रेडियो सगरमाथा' सुरु हुँदासम्म देशमा निजी क्षेत्रले रेडियो चलाउनेसम्बन्धी कुनै कानुनसम्म पनि बनेको थिएन । सन् १९९९ मा राष्ट्रिय सञ्चार नीति र राष्ट्रिय प्रसारण ऐन आइसकेपछि मात्रै निजी रेडियोको संख्यामा तीव्र वृद्धि भएको हो । यसका साथै संविधानसभाबाट जारी नयाँ संविधानले अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हकलाई सुनिश्चित गर्ने प्रतिबद्धता जाहेर गरेको छ । यसले पनि नेपालमा सामुदायिक रेडियोको विकासलाई सहयोग गरेको छ ।

नेपाली समाज पितृसतात्मक समाज हो जहाँ लैङ्गिक विभेदको लामो शृंङ्खला रहँदै आएको छ । विशेषगरी महिला र तेस्रोलिङ्गीप्रति गरिने विभेद समाजमा जरो गाडेर बसेको छ । नेपाली समाजमा निर्माण गरिएका विभेदकारी मूल्य–मान्यताका कारण महिलाहरूले पलपलमा विभेद महसुस गर्नुपर्ने अवस्था छ । समाजमा रहेका यस किसिमका विभेदकारी मूल्य–मान्यता अन्त्य गर्नका लागि रेडियो स्टेसनहरूले प्रभावकारी सूचना प्रवाह गर्न सक्छन् । समाजमा न्याय, समानता र सामाजिक सद्भाव कायम गर्न तथा सामाजिक उन्नतिका लागि समुदायले समुदायकै निम्ति सञ्चालन गरेका सामुदायिक रेडियोहरूको निकै प्रभावकारी भूमिका हुन्छ । विशेषगरी महिलामाथि हुँदै आएको जातीय भेदभावको अन्त्य गरी समतामूलक समाज निर्माण गर्न यी रेडियोहरूले सघाउन सक्छन् । महिलालाई हेर्ने परम्परागत विभेदकारी मनोविज्ञानमा परिवर्तन ल्याउने र महिलालाई हेर्ने गलत सोच, बानी र व्यवहार परिवर्तनका लागि सामुदायिक रेडियोहरूले अभियान नै सञ्चालन गर्न सक्छन् । लैङ्गिक समानता एवं सामाजिक विकासका विविध पाटा र पक्षबारे सार्वजनिक बहस गराएर महिलामाथि हुँदै आएको विभेद अन्त्य गर्नु सामुदायिक रेडियोको दायित्व पनि हो । त्यसैले सामुदायिक रेडियोले लैङ्गिक सवाल र लैङ्गिक दृष्टिकोणलाई प्राथमिकतामा राखेर सामग्री उत्पादन गर्ने हो भने त्यसले समाज विकासमा समेत निकै ठूलो योगदान दिन सक्छ ।

अध्याय : चार

# सामुदायिक रेडियोमा लैङ्गिक-संवेदनशील कार्यक्रम उत्पादन

## पृष्ठभूमि

महिला सशक्तीकरण र लैङ्गिक समानता प्रवर्द्धनका लागि सामुदायिक रेडियोहरूको प्रभाव र दायित्वका सम्बन्धमा माथि चर्चा भइसकेको छ । मिडियाको यति महत्वपूर्ण आयाम सामुदायिक रेडियोलाई कसरी लैङ्गिक समानतायुक्त बनाउने र सामुदायिक रेडियोमा काम गर्ने रेडियोकर्मी वा पत्रकारहरूले लैङ्गिक रूपमा संवेदनशील समाचार र कार्यक्रम तयार गरी प्रसारण गर्नमा के–के गर्नुपर्ला भन्ने विषयमा यस अध्यायमा चर्चा गरिएको छ ।

सामुदायिक रेडियोभित्र नै लैङ्गिक समानता कायम हुन सक्यो भने तिनले उत्पादन गरी प्रसारण गर्ने सामग्रीमा सचेत रूपमा लैङ्गिक संवेदनशीलता समाहित हुनसक्छ। लैङ्गिक–संवेदनशील मिडिया बनाउनका लागि सम्बन्धित सञ्चार–गृह, उक्त सञ्चार–गृहको नीति, नीति निर्माणदेखि कार्यान्वयन गर्ने तहसम्म महिलाहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनुपर्छ । सैद्धान्तिक रूपमा महिला सशक्तीकरण सामुदायिक रेडियोको आधारभूत सर्त हो । अझ महिलाहरू असाध्यै विभेदमा पारिएको नेपालजस्तो देशमा उनीहरूका मुद्दालाई सामुदयिक रेडियोले सम्बोधन गर्नैपर्छ । यसका लागि सबैभन्दा प्रमुख कुरा सामुदायिक रेडियोले नीतिगत रूपमा नै लैङ्गिक समानतालाई आधारभूत एजेन्डा बनाउनुपर्छ । यसका साथै समावेशी संरचना, विभेदरहित कार्यक्षेत्र, लैङ्गिक सरोकारलाई सम्बोधन गर्ने कार्यक्रमका साथै रेडियो प्रसारणका क्रममा लैङ्गिक संवेदनशीलताको प्रतिबिम्ब हुने नीतिगत व्यवस्था सामुदायिक रेडियोका लागि नभइ नहुने पक्ष हो ।

संरचनागत रूपमा रेडियोको नीति निर्माण गर्ने तहदेखि सबै तहमा लैङ्गिक समावेशीकरण गरिनुपर्छ । यसका लागि कार्यक्रमको उत्पादन तथा सम्प्रेषणका लागि दिइने जिम्मेवारीहरूमा पनि समावेशी अवधारणालाई अवलम्बन गरियो भने नेपाली समाजको रूपान्तरण गरी समतामूलक समाज निर्माण गर्न रेडियोले भूमिका निर्वाह गर्न सक्छ । यसका साथै सामुदायिक रेडियाले आफ्ना कार्यक्रमलाई लैङ्गिक रूपमा संवेदनशील बनाउन आन्तरिक तालिमजस्ता क्षमता अभिवृद्धि कार्यक्रम गर्न आवश्यक हुन्छ । यस्ता कार्यक्रमले रेडियोबाट प्रसारण हुने विषय–वस्तुलाई बढीभन्दा बढी लैङ्गिक समतालाई टेवा पुऱ्याउँछ ।

**सामुदायिक रेडियोको बोर्ड, पत्रकार र समग्र जनशक्तिमा लैङ्गिक समानता**

समाजका अरू क्षेत्रहरूमा जस्तै सञ्चारको क्षेत्रमा पनि पुरुषहरूकै बोलबाला रहेको छ । विश्वभरि नै सञ्चार गृहहरूको नीति निर्माण तहमा महिला अत्यन्त कम संख्यामा छन् । विश्वमा पुरुष र पत्रकार महिलाको संख्या तथा पहुँच र अधिकारबीच ठूलो असमानता रहेको पाइन्छ । विश्वभरि पत्रकार महिलाहरूको संख्या उल्लेखनीय भए पनि समाचार/लेख रचनाबारे निर्णय गर्ने निकाय सम्पादकीय विभागमा भने उनीहरूको उपस्थिति कमजोर देखिन्छ । कुनै पनि मिडिया संस्था वा सञ्चार प्रकाशन/प्रसारण–गृहभित्र लैङ्गिक समानता छ वा छैन भनेर जान्नका लागि त्यसको बोर्ड, पत्रकार र समग्र जनशक्तिको संख्यामा महिला, पुरुष वा अन्य लिङ्गका व्यक्तिहरू के कति र कस्तो पदीय दायित्व वा भूमिकामा छन् भनेर हेर्नुपर्दछ ।

इन्टरनेसनल फेडरेसन अफ जर्नालिज्मको तथ्यांकअनुसार, संसारभर महिला पत्रकारको संख्या ४० प्रतिशत रहे पनि सम्पादकीय विभागमा उनीहरूको संख्या ३ देखि ५ प्रतिशत मात्रै छ (मिग्लोरेटे, सन् २००६) । त्यसैगरी ग्लोबल रिपोर्ट अन दि स्ट्याटस अफ विमेन इन न्युज मिडिया–२०११ अनुसार मिडिया संस्थाहरूका सन्दर्भमा कुरा गर्दा सात महादेशका कार्यकारी बोर्ड र प्रमुख व्यवस्थापकीय पदहरूमा क्रमशः ७४.१ प्रतिशत र ७२.७ प्रतिशत पुरुषहरूको वर्चस्व रहेको छ (आइडब्ल्युएमएफ, सन् २०११) । नेपालका मिडिया संस्थाहरूमा पनि पत्रकार महिलाको उपस्थिति र नीति निर्णायक तहमा सहभागिता अत्यन्त कम रहेको तथ्यांकहरूले देखाउँछन् । उदाहरणका लागि, नेपालको सन्दर्भमा कुरा गर्दा नेपाल पत्रकार महासंघका कुल १० हजार ७७ सदस्यमध्ये महिला १ हजार ६१३ (१६%) र पुरुष ८ हजार २१४ (८४%) छन् ।[७]

७ http://www.fnjnepal.org/media/?page_id=48, accessed on 24 september 2015.

मिडियासम्बन्धी नेपालका केही संस्थाहरूको केन्द्रीय समिति वा सञ्चालक समिति वा कार्यकारी पदहरूमा महिला पुरुष सहभागिता निम्नअनुसार छ :

| संस्था | केन्द्रीय समिति वा बोर्ड | महिला संख्या (प्रतिशत) | पुरुष संख्या (प्रतिशत) |
|---|---|---|---|
| १. नेपाल पत्रकार महासंघ | ४१ | ६ (१४.६%) | ३५ (८६.१%) |
| २. प्रेस काउन्सिल नेपाल | १२ | ० (०%) | १२ (१००%) |
| ३. नेपाल टेलिभिजन | ५ | ० (०%) | ५ (१००%) |
| ४. रेडियो नेपाल | ५ | ० (०%) | ५ (१००%) |
| ५. गोरखापत्र दैनिक | ५ | ० (०%) | ५ (१००%) |
| ६. राष्ट्रिय समाचार समिति[८] | ७ | ० (०%) | ७ (१००%) |
| ७. सामुदायिक रेडियो प्रसारक संघ | २७ | ४ (१४.८%) | २३ (८५.१%) |

*स्रोत : सम्बन्धित संस्थाका आधिकारिक वेबसाइटबाट संकलन गरिएको तथ्यांक*

यी तथ्यांकले नेपालका मिडिया संस्थाको नीति निर्णाण तहमाा महिलाको सहभागिता अत्यन्त न्यून भएको अवस्थालाई देखाउँछन्। नेपाली मिडिया संस्था संस्थागत रूपमा लैङ्गिक समानता सुनिश्चित गर्ने मामिलामा धेरै पछि रहेको प्रस्ट हुन्छ । यद्यपि पछिल्लोपटक राष्ट्रिय समाचार समितिको महाप्रबन्धकमा निर्मला आचार्यको नियुक्तिले नीति निर्णायक तहमा अहिले रहेको महिलाको शून्यतालाई हटाएको छ ।

सामुदायिक रेडियोहरूमा पनि लैङ्गिक समानता सुनिश्चित गर्नका लागि रेडियो सञ्चालन गर्ने बोर्ड वा सञ्चालक समिति, समाचार र कार्यक्रम उत्पादन गर्ने पत्रकार र सिंगो संस्थाभित्र सहभागिताको हिसाबाले लैङ्गिक समानताको अवस्था के कस्तो छ भनेर केलाउनुपर्ने हुन्छ । नेपालका सामुदायिक रेडियोहरूको साझा संस्था सामुदायिक रेडियो प्रसारक संघ (एकोर्याब) को केन्द्रीय कार्यसमितिमा करिब १५ प्रतिशत महिलाहरू रहेको तथ्यांक माथि प्रस्ट भइसकेको छ । सामुदायिक रेडियो संस्थाभित्र लैङ्गिक समानताको स्थिति पहिल्याउनका लागि गरिएको सामान्य अध्ययनले पनि ती स्टेसनको सञ्चालक समिति, नीति निर्माता र जनशक्तिमा महिलाको संख्या अत्यन्त न्यून रहेको र निर्णयक तहमा त झन् कमजोर प्रतिनिधित्व रहेको देखिन्छ ।

८ राससका महाप्रबन्धक निर्मला आचार्यले दिनुभएको जानकारी ।

## सामुदायिक रेडियोको अवस्था र महिला सहभागिताको स्थिति

| सामुदायिक रेडियो संख्या जिल्लाअनुसार | रेडियोको नाम | कुल संख्या र महिलाको संख्या (बोर्ड) | कुल संख्या र महिलाको संख्या (पत्रकार– समाचार र कार्यक्रम) | कुल संख्या र महिलाको संख्या (समग्र जनशक्ति) | महिलालाई दिइएको भूमिका |
|---|---|---|---|---|---|
| **सिराहा ५ वटा**<br>फुलबारी सामुदायिक रेडियो, रेडियो सलेस, समग्र एफएम, रेडियो सौगात, रेडियो आकाशगङ्गाा | रेडियो आकाशगंगा, सिराहा | ९ मा २ महिला | ६ मा २ महिला | ११ मा २ महिला | रिपोर्टिङ, समाचार वाचन, मनोरञ्जनात्मक र महिला कार्यक्रम सञ्चालन |
| | रेडियो सलेस, सिराहा | ११ मा २ महिला | १२ मा ४ महिला | १७ मा ४ महिला | समाचार वाचन, कार्यक्रम उत्पादन, |
| **रौतहटमा ७ वटा**<br>रेडियो रौटहट, रेडियो राजदेवी, रेडियो मधेस जनआवाज, रेडियो संस्कृति, रेडियो जीवनज्योति, रेडियो नूनथर, रेडियो गुञ्जन | रेडियो गुञ्जन, रौतहट | १० मा १ महिला | १० मा ७ महिला | १५ मा ७ महिला | समाचार संकलन र वाचन, कार्यक्रम उत्पादन र प्रस्तुति, प्राविधिक, लेखा |

| | | | | | |
|---|---|---|---|---|---|
| | रेडियो राजदेवी, रौतहट | ११ मा ३ महिला | ५ मा २ महिला | | हिन्दी समाचार, स्थानीय समाचार संकलन र वाचन, कार्यक्रम सञ्चालन |
| **कपिलवस्तुमा ६ वटा** रेडियो बुद्धआवाज, रेडियो कपिलवस्तु, रेडियो समानता, रेडियो भ्वाइस, रेडियो परिवर्तन, रेडियो मायादेवी | रेडियो मायादेवी, कपिलवस्तु | ११ मा २ महिला | ९ मा ४ महिला | ९ मा ४ महिला | समाचार प्रमुख, कार्यक्रम उत्पादन तथा प्रस्तुति, बजार व्यवस्थापन |
| | रेडियो कपिलवस्तु | ९ मा ३ महिला | ९ मा २ महिला | ९ मा २ महिला | समाचार वाचन, कार्यक्रम उत्पादन, कार्यक्रम प्रमुख, बहसमूलक कार्यक्रम, प्रशासन |
| **दाङमा १० वटा** स्वर्गद्वारी एफएम, रेडियो तुलसीपुर, मध्यपश्चिम, पाठशाला, हाइवे, हाम्रो पहुँच, नयाँ युग, गणतन्त्र, देउखुरी, झरना | रेडियो स्वर्गद्वारी, दाङ | ९ मा १ महिला | १५ मा ५ म. | १५ मा ५ महिला | समाचार संकलन, सम्पादन, वाचन, कार्यक्रम उत्पादन प्रस्तोता, प्रशासन |

| | | | | | |
|---|---|---|---|---|---|
| | रेडियो हाम्रो पहुँच, दाङ | ११ मा ३ महिला | ७ मा २ महिला | २० मा १२ महिला | समाचार वाचन, डेस्क रिपोर्ट, कार्यक्रम उत्पादन र प्रस्तुति, विज्ञापन सहायक, प्राविधिक सहायक |
| **डडेलधुरामा ३ वटा** रेडियो आफ्नो, अमरगढी एफएम, रेडियो सुदूर आवाज | अमरगढीएफएम, डडेलधुरा | २४ मा ४ महिला | | ११ मा २ महिला | समाचार संकलन र वाचन, कार्यक्रम उत्पादन र सञ्चालन, प्राविधिक |
| | रेडियो सुदूर आवाज, डडेलधुरा | ९ मा १ महिला | ११ मा ५ महिला | ११ मा ५ महिला | समाचार संकलन, वाचन, कार्यक्रम उत्पादन, प्राविधिक, लेखा आदि |

**सूचना स्रोत** :

चन्द्रदेव कामती, जयनारायण यादव, रवीन्द्र मण्डल, सञ्जय कार्की, तुलसीराम यादव, शशीन्द्र सापकोटा, दधिराम सुवेदी, शुक्रराज भण्डारी, पदम पाल, सुरेश जोशी । (२०७२ साउनको अन्तिम हप्तामा गरिएको कुराकानी)

माथिको तालिकाबाट प्राप्त जानकारी ती रेडियो स्टेसनहरूको नितान्त आफ्नो अवस्था भए पनि यसले केही हदसम्म नेपालका सामुदायिक रेडियो स्टेसनहरूको अवस्थालाई प्रतिनिधित्व गर्दछ भन्न सकिन्छ । उपर्युक्त जानकारीको विश्लेषण गर्दा अधिकांश पत्रकार महिलाहरूले समाचार वाचनको जिम्मेवारी पाएको देखिन्छ भने केहीले मात्र समाचार सम्पादन गर्ने गरेको पाइन्छ । साथै धेरै पत्रकार महिलाहरू कार्यक्रम उत्पादनमा संलग्न भए पनि अधिकांशलाई फोन इन, मनोरञ्जनात्मक, महिलासम्बन्धी, शैक्षिक, साहित्यिक, स्वास्थ्यसम्बन्धी कार्यक्रम उत्पादन र प्रस्तुतिको जिम्मेवारी दिएको देखिन्छ । जानकारी लिइएका रेडियोमध्ये एकमा मात्र समसामयिक र राजनीतिक विषयका बहसमूलक कार्यक्रम उत्पादनमा पत्रकार महिलाको संलग्नता पाइयो । थोरै जनशक्तिले सिङ्गो रेडियो स्टेसन चलाउनुपर्ने हुँदा सोही व्यक्तिले नै पत्रकार, प्राविधिक र अन्य जनशक्तिका रूपमा काम गर्नुपरेको अवस्था रहेको देखिन्छ जुन कुरा पत्रकार महिलाको सन्दर्भमा पनि लागू भएको छ । रेडियोहरूको बोर्डमा उल्लेखनीय संख्यामा नभई एकाध महिलाहरू मात्र संलग्न बनाइएको देखिन्छ ।

धेरैजसो रेडियोहरूले महिलासम्बन्धी अलग्गै कार्यक्रम पनि निर्माण गरी प्रसारण गरेका छन् र यस्ता कार्यक्रमहरू पत्रकार महिलाले नै उत्पादन गरेको पाइन्छ । रेडियोहरूमा महिला र लैङ्गिकतासँग जोडिएका कार्यक्रमहरू उत्पादन गर्दा मुख्य रूपमा सीमित विषयलाई बढी उठाएको पाइएको छ । जस्तो– महिलाविरुद्ध हिंसा, विभेद, बालविवाह, दाइजो (दहेज), महिलाले प्राप्त गरेका उपलब्धि र सकारात्मक कामहरू, सफलताका कथा, नमुना काम, महिलासम्बन्धी विशेष पर्व तीज, महिलाहरूले उठाएका आवाज, न्यायमा महिलाको पहुँच आदि बढी कभरेज गरेको पाइन्छ ।

जुम्लामा महिलाद्वारा मात्रै सञ्चालन गर्नेगरी स्थापना गरिएको ‘रेडियो नारी आवाज’ले महिलाको नेतृत्वमा केही उदाहरणीय काम गर्ने प्रयत्न गरेको देखिन्छ । युनेस्कोको सञ्चार विकासका लागि अन्तर्राष्ट्रिय कार्यक्रमको सहयोगमा स्थापित उक्त रेडियो नेपालकै पहिलो पूर्णरूपमा महिलाद्वारा सञ्चालित सामुदायिक रेडियो हो । यो रेडियोमा प्रसारण हुने महिलासम्बन्धी कार्यक्रमले स्थानीय महिलाहरूलाई जागरुक गराउन निकै सघाइरहेको छ । यो रेडियोले स्थानीय महिलाहरूलाई आफ्नो कुरा राख्ने र समुदाय सामु आवाज राख्ने अवसर दिएको छ ।

रेडियोमार्फत महिलाले उन्नत कृषि गर्ने, स्वस्थ खाना पकाउने, गर्भवती हुँदा अपनाउनुपर्ने उपायबारे आफैं जानकारी लिन सक्ने वातावरण बनेको छ । आफूलाई

चाहिने अधिकांश सूचना रेडियोबाटै प्राप्त हुने भएकाले महिला धेरै मामिलामा पुरुषभन्दा सक्षम बनेका छन् । यो रेडियोले महिलालाई मात्र होइन पुरुषलाई पनि सुधार्न सहयोग पुऱ्याएको छ । महिलामाथि घरेलु हिंसा गर्ने पुरुषलाई सुधार्ने काममा यो रेडियोले सहयोग गरेको छ । महिला अधिकारका विषयमा पुरुषलाई समेत सचेत गर्न पनि उक्त रेडियोले सघाएको छ ।[८]अहिले गाउँघरमा अधिकांश महिलासँग मोबाइल हुने र मोबाइलबाटै रेडियो सुन्न मिल्ने भएकोले महिलालाई रेडियो नजिक आउन अझै सहयोग मिलेको छ ।

## कार्यक्रम उत्पादकले ध्यान दिनुपर्ने कुरा

सामुदायिक रेडियोमा लैङ्गिक सवालबारे र लैङ्गिक दृष्टिकोणबाट कार्यक्रम उत्पादनका लागि कार्यक्रमको विषयवस्तु, सूचनाको सङ्कलन, स्रोतको छनोट, भाषाको प्रयोगजस्ता महत्वपूर्ण कुरामा ध्यान दिन जरुरी हुन्छ । यस्ता कार्यक्रम उत्पादनका लागि ध्यान दिनुपर्ने बुँदाहरूबारे तल केही चर्चा गरिएको छ ।

## विषय छनोट

रेडियो कार्यक्रम उत्पादन गर्ने चरणको सुरुआतमा नै कार्यक्रमको विषय र उक्त कार्यक्रमले दिन खोजेको सन्देश के हो भन्ने सवालमा लैङ्गिक दृष्टिकोणबाट प्रस्ट हुन जरुरी छ । कुनै सामग्री तयार गर्ने क्रममा विषय छनोट गर्दादेखि नै यसले पार्ने प्रभावबारे सोचिसक्नुपर्छ । अर्थात्, कुनै पनि सामग्री तयार पार्दा समय, सन्दर्भ र आवश्यक विषयको छनोट गर्नुपर्छ भने उक्त सामग्री केका लागि उत्पादन र प्रसारण गर्ने ? कुन उद्देश्य प्राप्तिका लागि कस्तो सन्देश निर्माण गर्ने र त्यसले पार्न सक्ने प्रभावबारे कार्यक्रम उत्पादनपूर्व नै तयारी गर्नुपर्छ । लैङ्गिक विषयमा नै तयार पारिएको कार्यक्रमका साथै अन्य कार्यक्रम, सूचना वा सन्देश तयार पार्दा लैङ्गिक संवेदनशीलताको पक्षबाट विश्लेषण गर्नुपर्दछ । त्यसो गरियो भने मात्रै लैङ्गिक सवालमा र लैङ्गिक दृष्टिकोणबाट प्रभावकारी रेडियो कार्यक्रम उत्पादन गर्न सकिन्छ ।

## सूचना संकलन

छनोट गरिएका विषयलाई आवश्यक पर्ने सूचनाहरू के के हुन् ? कुन कुन स्रोतबाट ती सूचना पाइन्छ भन्ने विषयमा राम्ररी अध्ययन गर्नुपर्छ । 'स्टोरी'का लागि सामग्री

---

८ http://www.unesco.org/new/en/kathmandu/about-this-office/single-view/news/giving_a_voice_to_women_new_radio_station_is_force_for_change_in_women (accessed 2015 Nov. 2)

संकलन गर्दा सूचना–स्रोतका रूपमा लैङ्गिक सवालमा लेखिएका पुस्तक, शोधपत्र, पूर्वप्रकाशित समाचार आदिलाई पनि प्रयोग गर्नु पर्दछ । यसले महिलालाई प्राथमिकता दिने मात्र होइन, आफ्नो 'स्टोरी'का लागि फरक कोण पनि जुटाइदिन्छ । इन्टरनेटमा महिला शोधकर्ताका सामग्री खोज्ने वा महिलावादी संस्थाहरूले तयार गरेका सामग्रीहरू पनि अध्ययन गर्ने गर्नुपर्दछ ।

### स्रोतमा विविधता

सामग्री तयार गर्दा आफूलाई चाहिने सूचना संकलन गर्न वा अन्तर्वार्ता लिन अक्सर पुरुषसँगै सम्पर्क गर्ने चलन छ । कुनै पनि विषयका विज्ञ, अनुभवी, जानकार, प्रत्यक्षदर्शी, पीडित, भुक्तभोगी, प्रवक्ता, सरोकारवाला, अधिकारवाला आदिका हैसियतले कुराकानी गर्नु परे अक्सर पुरुष नै उद्धृत गरिएका हुन्छन् । समाचार सामग्रीका लागि आवश्यक विज्ञ महिला संख्यामा कम भए पनि खोज्दा नभेटिने भने होइन । महिला स्रोतबाट पुरुष सोचभन्दा फरक तथ्य प्राप्त गर्न सकिने सम्भावना रहन्छ । यसका साथै आफूलाई आवश्यक सूचनाका लागि एउटै मात्र स्रोतमा भर पर्नु हुँदैन । त्यसका लागि विविध स्रोतसम्म पुग्ने, ती स्रोतले दिने सूचनाको सत्य–तथ्य र वैधताबारे सचेत रहने गर्नुपर्छ । लैङ्गिक सवालमा काम गर्ने विविध स्रोतको पहिचान र उनीहरूसँग सम्बन्ध गरिराख्दा आवश्यक परेको बेला कुराकानी गर्ने र तुरुन्त स्रोतालाई जानकारी दिनुपर्ने विषयमा सूचना वा विश्लेषण सम्प्रेषण गर्न सकिन्छ ।

### भाषाको प्रयोग

लैङ्गिक सवालमा र लैङ्गिक दृष्टिकोणबाट उत्पादन गर्ने कार्यक्रममा भाषाको प्रयोगमा निकै ध्यान दिन जरुरी हुन्छ । भाषाको प्रयोगमा शब्द चयनदेखि नै चनाखो हुनुपर्दछ । एउटै अर्थलाई पनि नकारात्मक र सकारात्मक बोध हुने शब्दहरू हुन्छन् । जस्तो– 'लोभी' शब्दले नकारात्मक अर्थ दिन्छ भने त्यही कुरालाई 'मितव्ययी' शब्दले सकारात्मक अर्थ दिन्छ । महिलाका सन्दर्भमा बढी नकारात्मक अर्थ दिने शब्दहरू प्रयोग भएका हुन्छन्, त्यसमा ध्यान दिनुपर्दछ । समाजमा प्रचलित पुराना लोकोक्ति, धारणा, उखान आदिहरूमा पनि महिलालाई होच्याउने आशयका वाक्यहरू रहेका हुन्छन्, जस्तो– पोथी बास्नु, कमजोर भए चुरा लाउनु, जोइटिंग्रे हुनु आदि । लैङ्गिक–संवेदनशील रेडियोकर्मीले यस्ता भाषा, वाक्य वा शब्दहरू प्रयोग गर्नु हुँदैन ।

नेपालीलगायत विश्वका धेरै भाषामा पुलिङ्गी, स्त्रीलिङ्गी छुट्याउने शब्दहरू छन् । त्यस्ता शब्दहरू प्रयोग गर्दा लैङ्गिक पहिचान प्रस्ट हुनु पर्दछ । खासगरी वाक्यलाई

सामान्यीकरण (जेनरलाइज) गर्दा प्रयोग गरिने शब्दहरू अक्सर पुलिङ्गी हुने गर्दछन् । त्यसमा ध्यान दिइनु पर्दछ । कार्यक्रममा महिलाको नाम उल्लेख गर्दा अक्सर गरी अगाडिकै नाम प्रयोग भएको पाइन्छ जब कि पुरुषको नाम लेख्दा पछाडिको थर मात्रै उल्लेख गरिन्छ । जस्तो– सुशील कोइरालालाई 'कोइराला' मात्र भने पुग्छ, सुजाता कोइरालालाई 'सुजाता' भनेर लेखिन्छ ।

## कार्यक्रमको ढाँचा

कार्यक्रमको विषयवस्तु र स्रोतालाई दिन खोजेको सन्देश सरल रूपमा सम्प्रेषण गर्नका लागि रेडियो कार्यक्रममा फरक–फरक कार्यक्रम ढाँचाको प्रयोग गर्न सकिन्छ । कार्यक्रम सुन्ने स्रोताले के मन पराउँछन् ? उनीहरूले कस्तो भाषा वा शैलीमा प्रस्तुत गरेको कार्यक्रमबाट छिटो सूचना ग्रहण गर्न सक्छन् वा अभिरुचि राख्छन् भन्ने कुरामा ख्याल राख्नुपर्छ । रेडियो रिपोर्ट, फिचर, लोकेसन, मोन्टाज, टेस्टिमोनी, मोनोलग, रेडियो नाटक, अन्तर्वार्ता आदि कार्यक्रमको ढाँचाको प्रयोग गर्न सकिन्छ । विशेषगरी कस्तो ढाँचाबाट स्रोतालाई छनोट गरिएको विषयमा अभिरुचि हुनसक्छ र कसरी प्रस्तुत गर्दा सहज रूपमा स्रोताले सही सूचना सरल रूपमा प्राप्त गर्न सक्छन् भन्ने कुरामा ध्यान दिनुपर्छ ।

## लैङ्गिक-संवेदनशील अन्तर्वार्ता सीप

लैङ्गिक–संवेदनशील र प्रभावकारी अन्तर्वार्ता सीपका लागि रेडियो पत्रकारहरूले केही विशेष पक्षबारे ध्यान पुऱ्याउनु आवश्यक छ, जुन पक्षहरू निम्नानुसारका छन् :

- रेडियोमा पनि समसामयिक विषयमा अन्तर्वार्ता लिने कार्यमा अक्सर पुरुषलाई नै जिम्मेवारी दिने गरिएको पाइन्छ । समसामयिक विषय र व्यक्तिसँग अन्तर्वार्ता कार्यक्रम सञ्चालन गर्ने महिला रेडियोकर्मी अत्यन्त थोरै संख्यामा छन् । तर, राम्रो र प्रभावकारी अन्तर्वार्ताले विषयलाई उठान गर्न जति मद्दत गर्दछ, सम्बन्धित पत्रकारलाई सामाजिक रूपमा स्थापित हुन पनि उत्तिकै सहयोग गर्दछ । तसर्थ समसामयिक विषयमा अन्तर्वार्ता गर्नका लागि पत्रकार महिलालाई सामुदायिक रेडियोहरूले अवसर दिनु जरुरी छ भने पत्रकार महिलाले पनि राम्रो तयारीका साथ प्रभावकारी अन्तर्वार्ताकार बन्न प्रयत्न गर्नुपर्दछ ।

- अन्तर्वार्ता लिने पत्रकारले अन्तर्वार्ता दिने विज्ञ, स्रोत व्यक्ति वा व्यक्तित्वसँग प्रसारित अन्तर्वार्ता किन महत्वपूर्ण छ र त्यसले के असर गर्न सक्छ भन्ने कुरा प्रसारणअघि नै जानकारी गराउनु पर्दछ ।

- अन्तर्वार्तामा स्रोतव्यक्तिले आफूलाई कसरी चिनाउन चाहन्छन्, त्यसरी नै उनीहरूको परिचय गराउनु पर्दछ ।

- कुनै पनि विषयमा अन्तर्वार्ता गर्दा उक्त विषय र सम्बन्धित प्रक्रियाले महिला पुरुषमाथि पारेको प्रभाव, त्यसमा महिला–पुरुषको सहभागिता, नेतृत्वदायी भूमिका, सामान्य अनुभव, महिला–पुरुषलक्षित कार्यक्रम, लैङ्गिक रूपमा विभाजित तथ्याङ्कको प्रयोग, लैङ्गिक रूपमा भेदभावपूर्ण भाषाको निषेधजस्ता विषयलाई अन्तर्वार्ताकारले गम्भीरतापूर्वक उठाउनु र ध्यान दिनुपर्दछ ।

- यदि महिला हिंसा, यौन, देहव्यापार आदिजस्ता विषयमा कुनै महिलाको अन्तर्वार्ता लिन लागिएको हो भने महिलाको पहिचान दिने सबै पक्षहरू जस्तो नाम, ठाउँ, नातागोताको नाम आदि गोप्य राख्नुपर्दछ ।

- बलात्कारजस्ता अपराधका विषयमा अन्तर्वार्ता लिन लागिएको हो भने त्यसको पूर्ण घटनावली बताउनु हुँदैन । यसले अरूलाई प्रोत्साहन दिइरहेको पनि हुन सक्दछ ।

- विषय अत्यन्त संवेदनशील छ भने अन्तर्वार्तामा बोल्ने व्यक्तिको आवाजसमेत ओभरल्याप गर्नुपर्ने हुन्छ ।

- कुनै खराब पुरुष वा कुनै खराब महिलाबारे उल्लेख गर्न लागिएको हो भने सबै पुरुष खराब वा सबै महिला खराब भन्ने आशय आउन दिनुहुँदैन ।

- सबै कुराका जानकार पुरुष मात्रै हुन् भन्ने भ्रम पाल्नु हुँदैन । अनुभव, परम्परा, संस्कार आदिका कारण महिला पनि धेरै विषयमा विज्ञ भएका हुन्छन् । उनीहरूलाई खोजेर भए पनि अघि ल्याउनु पर्दछ । लुकेर बसेका प्रतिभाहरूलाई उजागर गर्न सके अन्तर्वार्ताकारको पनि सफलता नै हुन्छ ।

- कुनै पनि विषयमा महिलाको दृष्टिकोण खोज्नका लागि सम्बन्धित घटना वा प्रक्रियामा महिलाको सहभागिता, त्यसले महिलामा पारेको प्रभाव र त्यसमा महिलाको भूमिका सम्बन्धमा चर्चा गर्न जरुरी हुन्छ ।

## अभ्यास : १

## लिङ्ग र लैङ्गिकता

समाजमा व्याप्त महिला, पुरुष वा तेस्रोलिङ्गीसम्बन्धी भनाइ, मान्यता वा जनबोलीका आधारमा लिङ्ग र लैङ्गिकताबारे प्रस्टयाउनका लागि गरिने अभ्यास ।

| भनाइ | लैङ्गिकता वा सामाजिक लिङ्ग (जेन्डर) | प्राकृतिक लिङ्ग (सेक्स) |
|---|---|---|
| १. महिलाले शिशु जन्माउँछन्, पुरुषले जन्माउँदैनन् । | | |
| २. साना छोरीहरू ज्ञानी हुन्छन्, छोराहरू चकचके हुन्छन् । | | |
| ३. महिलाले शिशुलाई स्तनपान गराउन सक्छन्, पुरुषले बोतलपान मात्र । | | |
| ४. प्राचीन ग्रीसमा पुरुषहरू घरमा बस्दथे र घरको काम गर्दथे तर महिलाहरू पारिवारिक व्यवसाय गर्दथे र सम्पत्तिका मालिक थिए । | | |
| ५. महिलाले भन्दा पुरुषले बढी कमाउँछन् । | | |
| ६. पुरुषहरू मीठो खाना पकाउन जान्दैनन् । | | |
| ७. पुरुषको भन्दा महिलाको स्तन ठूलो हुन्छ | | |
| ८. कुनै पुरुष आफ्नी श्रीमती प्रधानमन्त्री होस् भन्ने चाहँदैन । | | |
| ९. पुरुष परिवारको मूली हो । | | |
| १०. केटाकेटीको स्याहार गर्ने काम पुरुषको होइन । | | |
| ११. पुरुष भएर रुनु हुँदैन । | | |

| | | |
|---|---|---|
| १२.महिलालाई रातो रंग मन पर्छ भने पुरुषलाई नीलो । | | |
| १३. श्रीमतीले श्रीमानका अगाडि यौनइच्छा देखाउनु हुँदैन । | | |
| १४. महिलाहरू रजस्वला हुन्छन्, पुरुष हुँदैनन । | | |
| १५. रजस्वला हुनु पाप हो, त्यसैले अलग बस्नुपर्छ । | | |
| १६. राजनीतिक दलमा महिलाभन्दा बढी पुरुष नेता सफल छन् । | | |
| १७. पुरुषहरू गर्भधारण गर्न सक्दैनन् । | | |
| १८. पुरुष परिवारको पालनपोषणकर्ता हो । | | |
| १९. पुरुष असल डाक्टर हुन्छन् भने महिला असल नर्स । | | |
| २०. महिलाले बच्चाको स्याहार–सुसार राम्ररी गर्छन् । | | |
| २१. श्रीमती खराब भएमा श्रीमानले कुट्छन् । | | |
| २२. गाउँको बैठकमा महिलाले जान्ने भएर बोल्नु हुँदैन | | |
| २३. कोषाध्यक्ष पद महिलाका लागि मिल्दोजुल्दो छ । | | |
| २४. किशोर अवस्थामा केटाको स्वर धोद्रो हुन्छ, तर केटीको हुँदैन । | | |

**माथिको अभ्यासका आधारमा सहभागीहरूबीच छलफल गरी नेपाली समाजमा रहेको लिङ्ग र लैङ्गिकताका साथै लैङ्गिक विभेदबारे प्रस्ट्याउन सकिन्छ ।**

## अभ्यास २

## २०७२ सालको भूकम्प र सिन्धुपाल्चोक जिल्ला

- सेसनको सुरुमा एकजना सहभागीलाई छलफलको चौतारी रेडियो कार्यक्रममा अन्तर्वार्ता गर्नका लागि पत्रकारको भूमिका स्वेच्छाले लिन लगाउने ।
- अन्य तीनजना सहभागीलाई कार्यक्रमका स्रोतव्यक्तिको भूमिका स्वेच्छाले लिन लगाउने ।
- बाँकी सहभागीमध्येबाट दुईजनालाई विशेष मूल्याङ्कनकर्ताको भूमिका स्वेच्छाले लिन लगाउने ।
- अन्य सहभागीलाई कार्यक्रमका स्रोताको भूमिका दिने ।
- उपर्युक्त विषयमा पत्रकारलाई सुरुदेखि (स्रोतव्यक्ति निमन्त्रणा गर्ने समयदेखिको भूमिका निभाउँदै पन्ध्र मिनेटको अन्तरर्वार्ता लिन लगाउने ।
- उक्त अन्तरवार्ता हेरिसकेपछि सुरुमा मूल्याङ्कनकर्ताले अन्तरर्वार्ता प्रभावकारिताका हिसाबले र लैङ्गिक रूपमा के कति सम्वदेनशील रह्यो वा रहेन भनेर टिप्पणी गर्ने ।
- मूल्यांकनमा केही छुटेको जस्तो लागे बाँकी सहभागीले पनि टिप्पणी गर्ने ।
- अन्तमा सहजकर्ताले आफ्नो प्रतिक्रिया दिने र प्रभावकारी अन्तरवार्ताका टिप्सहरू दिने ।

## सन्दर्भ-सामग्री


- आचार्य, डा. मीना । वि.सं.२०७१ । अर्थनीतिका विभिन्न चरण र महिला । रूपान्तरणमा महिला । काठमाडौं : अस्मिता महिला प्रकाशन गृह, सञ्चार तथा स्रोत संस्था ।
- आचार्य, डा. मीना । वि.सं. २०७१ । पारिश्रमिकविनाको सेवामूलक काम र महिला । रूपान्तरणमा महिला । काठमाडौं : अस्मिता महिला प्रकाशन गृह, सञ्चार तथा स्रोत संस्था ।
- केन्द्रीय तथ्यांक विभाग । वि.सं. २०६९ । राष्ट्रिय जनगणना २०६८ : संक्षिप्त नतिजा । काठमाडौं : केन्द्रीय तथ्यांक विभाग ।
- घिमिरे निरौला, पुष्पा । वि.सं. २०७१ । अर्थतन्त्र र महिला । रूपान्तरणमा महिला । काठमाडौं : अस्मिता महिला प्रकाशन गृह, सञ्चार तथा स्रोत संस्था ।
- तुलाधर, इन्दु । वि.सं. २०७१ । लोकतान्त्रिक रूपान्तरण : शक्ति र कानुन निर्माण । रूपान्तरणमा महिला । काठमाडौं : अस्मिता महिला प्रकाशन गृह, सञ्चार तथा स्रोत संस्था ।
- विश्वकर्मा, जेबी । २०६९ । नेपाली मिडियामा दलित : सहभागिता र विषयवस्तु । सं., देवराज हुमागाईं र विमल आचार्य । काठमाडौं : मार्टिन चौतारी ।
- (IWMF) International Women's Media Foundation. 2011. Washington, D.C., USA, Global Report on the Status of Women in the News Media. http://www.iwmf.org/wp-content/uploads/2013/09/ IWMF-Global-Report-Summary.pdf, visited on 20th July, 2014
- Kasaju, Binay, 2007, What is Community Radio.
- Miglloretto, Bianca, 2006 September, Radio and Alternative Media. Manila: Isis International
- Pringle, Ian and Subba, Bikram. 2007, Ten Years on : The State of Community Radio in Nepal. UNESCO.
- Report on the Sixth World Conference of Community Radio Broadcasters. Dakar, Senegal, January 23-39, 1995
- TAMBULI - Communication Project. Philippines
- UNESCO & IFJ.2009.Getting the Balance Right- Gender Equality in Journalism.
- UNESCO. 2012. Gender Senistive Indicators for Media.
- http://d1ut5qew9qw9tl.cloudfront.net/app/media/693
- http://www.fnjnepal.org/media/?page_id=48
- http://www.unesco.org/new/en/kathmandu/about-this-office/singleview/news/ giving_a_voice_to_ women_new_radio_station_is_force_for_change_in_women
- http://www.un.org/popin/unfpa/taskforce/guide/iatfwemp.gdl.html)
- http://www.worldlifeexpectancy.com/nepal-life-expectancy

# अनुसूचीहरू

## अनुसूची १ :
## सामुदायिक रेडियो आचार संहिता–२०६४

**प्रस्तावना**

सामुदायिक रेडियो प्रसारक संघमा आबद्ध सामुदायिक रेडियोहरूले आधारभूत मानव अधिकार, अभिव्यक्ति स्वतन्त्रता, सुशासन, बहुलवादी संस्कार र तटस्थताको सिद्धान्तलाई आत्मसात् गर्दै, समुदाय र राष्ट्रको बृहत्तर हक–हितमा समर्पित भावले सेवा गर्नका लागि द्वन्द्व, निर्वाचन र सामान्य अवस्थामा आफ्नो विशिष्ट पहिचान बनाउन र समस्याहरूको शान्तिपूर्ण समाधान गर्न मार्गदर्शक र प्रेरणादायी संहिता तयार गरी जारी गर्नु वाञ्छनीय भएकाले मिति २०६३ चैत १९ गते तानसेन, पाल्पामा र २०६४ असोज ३ गते सम्पन्न सामुदायिक रेडियो प्रसारक संघमा आबद्ध सदस्यहरूको विशेष भेलाले पारित गरेअनुरूप सामुदायिक रेडियो आचारसंहिता २०६४ जारी गरिएको छ । यस संघमा आबद्ध सामुदायिक रेडियोहरूले पूर्ण निष्ठासाथ यो आचारसंहिताको पालना गर्नुपर्नेछ ।

**सामुदायिक रेडियोले के गर्नुपर्दछ**

- लोकतन्त्रिक मूल्य–मान्यता, विधिको शासन, मानव अधिकार, समता, समावेशीकरण, सामाजिक न्याय र पारदर्शिताको सिद्धान्तलाई आत्मसात् गर्दै यी मान्यता र सिद्धान्तअनुरूपको समाज निर्माणका लागि वकालत गर्नुपर्दछ ।
- स्थानीय भाषा, कला, साहित्य, संस्कृति, लोकसंगीत, प्रतिभा, मौलिकपन र गर्व–गौरवको जगेर्ना, प्रचार–प्रसार र विकासमा विशेष जोड दिँदै स्थानीय आवश्यकता र जनभावना अनुरूपका कार्यक्रम र सामग्रीहरू प्रसारण गर्नुपर्दछ ।
- रेडियोको व्यवस्थापन, सञ्चालन र नियन्त्रणमा कुनै पनि किसिमले समुदायको सहभागिता हुनुपर्दछ ।
- व्यवस्थापन एंव कार्यरत सहकर्मीहरूबीचको आपसी सम्बन्ध सुमधुर बनाउन प्रयत्नशील रहनुपर्दछ ।
- समुदायको सशक्तीकरण, सबलीकरण हुने तथा सामाजिक सद्भाव, मेलमिलाप, भाइचारा, सदाचार बढाउने खालका सामग्रीलाई उच्च प्राथमिकता दिनुपर्दछ ।

- सत्य, तथ्यपूर्ण समाचार, सूचना, जानकारी, सन्देश तथा कार्यक्रमहरू मात्र प्रसारण गर्नुपर्दछ ।
- समाचार प्रसार गर्दा निष्पक्ष र सन्तुलित भई घटना वा विषयवस्तुको दुवै पाटो समेट्नु पर्दछ ।
- सामान्यतय स्रोत खुलाएर मात्र समाचार प्रसार गर्नुपर्दछ तर स्रोतले अनुरोध गरेमा स्रोतको संरक्षणका लागि गोप्य राख्नुपर्दछ ।
- अशक्त, असहाय, निमुखा र सामाजिक उत्पीडनमा पारिएकाहरूका पक्षमा आवाज उठाउँदै सामाजिक न्यायका लागि उत्तरदायी कार्यक्रमहरू प्रसारण गर्नुपर्दछ ।
- नेपाली र राष्ट्रभाषालाई विशेष प्राथमिकता दिई कार्यक्रम सञ्चालन गर्नुपर्दछ । रेडियोमा प्रयोग गरिने भाषा सरल र मर्यादित हुनुपर्दछ ।
- स्टेसन निरपेक्ष र निष्पक्ष रहनुपर्दछ र कुनै पनि व्यक्ति, समूह, संगठन, दलको प्रभावबाट पूर्ण मुक्त रही कार्यसम्पादन गर्नुपर्दछ ।
- स्टेसन राष्ट्र र राष्ट्रिय एकताप्रति प्रतिबद्ध रहनुपर्दछ । साथै, प्रसार हुने सामग्रीबाट छिमेकी राष्ट्रहरूप्रतिको सुसम्बन्धमा असर पर्न सक्ने कुरामा सजग रहनुपर्दछ ।
- समुदायका सम्पूर्ण जातजाति, वर्ग, धर्म, लिङ्ग, संस्कृतिप्रति समान व्यवहार गर्नुपर्दछ र समुदायका धर्म, मान्यता र विश्वासलाई सम्मान गर्नुपर्दछ ।
- सहकर्मी सामुदायिक रेडियोहरूसँग सुमधुर सम्बन्ध कायम राख्नुका साथै सामूहिक हितका लागि प्रयत्नशील रहँदै एकताबद्ध हुनुपर्दछ ।
- शान्ति, सुशासन कायम राख्न मद्दत गर्दै द्वन्द्व व्यवस्थापनमा सहयोग पुऱ्याउनुपर्छ ।
- राज्य वा समुदायले सार्वजनिक हितका लागि अघि सारेका सामाजिक अभियानहरूमा सक्दो सहयोग गर्नुपर्छ ।

### सामुदायिक रेडियोहरूले के गर्नु हुँदैन

- कुनै पनि समुदाय, वर्ग, धर्म, लिङ्ग, भाषाभाषी तथा क्षेत्रलाई होच्याउने र अपमान गर्ने अनि कुनै पनि जातजाति, सम्प्रदाय र वर्गबीच वैमनस्य उत्पन्न गर्ने खालका सामग्री प्रसारण गर्नु हुँदैन ।
- कुनै दल विशेषको मुखवाणी वा प्रचार–प्रसारको माध्यम बन्नु हुँदैन ।
- समाजमा दुर्भावना, झैभगडा, मनमुटाव, हिंसा र उत्तेजना फैलाउने सामग्री प्रसारण गर्नु हुँदैन ।

- मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव पार्ने सामग्री प्रसारण गर्नु हुँदैन ।
- वातावरणमा ह्रास पुऱ्याउने वा बिगार्ने खालका सामग्री प्रसार गर्नु हुँदैन ।
- राष्ट्रिय एकता, हित र राष्ट्रिय अखण्डतामा आँच आउने खालका कुनै पनि सामग्री प्रसार गर्नु हुँदैन ।
- समुदायलाई अहित हुने, कानुनतः सञ्चालित राष्ट्रिय उद्योग, व्यवसाय एवं उत्पादनलाई नोक्सानी पुऱ्याउने, आर्थिक, सामाजिक, नैतिक एवं सांस्कृतिक क्षेत्रका सकारात्मक पक्षमाथि प्रहार हुने खालका सन्देश, विज्ञापन प्रसारण गर्नु हुँदैन ।
- प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा समाज तथा समुदायलाई नोक्सानी पुऱ्याउने खालका विज्ञापन वा सामग्री प्रसारण गर्नु हुँदैन ।
- कुनै विवादास्पद विषयमा एकपक्षीय विचार वा भनाइ मात्र राखी प्रसार गर्नु हुँदैन ।
- सार्वजनिक सूचना वा जानकारीका नाममा कसैको व्यक्तिगत वा पारिवारिक जीवनको गोपनीयतामाथि अतिक्रमण गर्नु हुँदैन ।
- अश्लील र घृणाजन्य सामग्रीलाई स्टेसनको प्रसारणमा स्थान दिनु हुँदैन ।
- महिला, विभिन्न भाषाभाषी तथा जातजातिलाई होच्याउने र सामाजिक विसंगतिलाई प्रश्रय दिने खालका गीत–संगीत र अन्य सामग्री प्रसारण गर्नु हुँदैन ।
- पीडा वा अन्यायमा परेकामाथि थप अन्याय वा पीडा थप्नेगरी कुनै सामग्री प्रसार गर्नु हुँदैन ।

*(**स्रोत** : सामुदायिक रेडियो प्रसारक संघ । २०६४ ।*
*सामुदायिक रेडियो आचार संहिता २०६४ । काठमाडौं)*

# अनुसूची २ :

# सामुदायिक रेडियो लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति–२०६८

## Community Radio Gender Equality and Social Inclusion Policy – 2011

## सामुदायिक रेडियो प्रसारक संघ

## ललितपुर, नेपाल

**पृष्ठभूमि**:

वि.सं.२०५८ सालमा स्थापित सामुदायिक रेडियो प्रसारक संघ नेपाल, (Association of Community Radio Broadcasters Nepal - ACORAB) नेपालमा भएका सामुदायिक रेडियो स्टेसनहरूको छाता संगठन हो ।

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत बनाउन र लैङ्गिक समानतासम्बन्धी योजना र नीति बनाई प्रतिबद्धताका साथ नेपालमा कार्यरत सामुदायिक रेडियोहरूले आ–आफ्नो संस्था तथा कार्यक्रमहरूमा लागू गर्नका लागि संघको अग्रसरतामा यो नीति निर्माण गरिएको हो ।

**संघको उद्देश्य** :

क. सामुदायिक तथा स्थानीय रेडियो आन्दोलनलाई संगठित गर्दै प्रसारकहरूको पेसागत हक–हितको संरक्षण तथा सम्वर्द्धन गर्ने

ख. सञ्चारको माध्यमबाट प्रजातान्त्रिक संस्कारको विकास गराउने,

ग. प्रसारकहरूको बीचमा अनुभव आदान–प्रदान गर्ने,

ङ. प्रसारणको माध्यमबाट सांस्कृतिक सम्पदाको संरक्षण गर्दै जनजाति र भाषाबीच सद्भाव अभिवृद्धि गर्ने,

च. सम्बन्धित क्षेत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्बन्धको विस्तार गर्ने,

छ. नेपाली सामुदायिक रेडियो अभियानलाई परिभाषित गर्दै प्रसारकहरूलाई समाजप्रति बढीभन्दा बढी उत्तरदायी बनाउने,

ज. सरकार र सामुदायिक रेडियो प्रसारकहरूको बीचमा सेतुको काम गर्ने,

झ. नेपालको संविधानले प्रदान गरेको नागरिकहरूको सूचित हुने अधिकार र अभिव्यक्तिको स्वतन्त्रताको अत्यधिक प्रत्याभूतिका लागि सदस्यहरूलाई प्रेरित गर्ने, र

ज. संस्थाको क्रियाकलापलाई यथाशक्य र उचित मात्रामा सार्वजनीकरण गर्ने ।

## परिच्छेद १

## संक्षिप्त नाम र प्रारम्भ

१.१ **संक्षिप्त नाम** : यो नीतिको नाम 'सामुदायिक रेडियो लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०६८' रहनेछ । यसलाई अंग्रेजीमा Community Radio Gender Equality and Social Inclusion Policy - 2011 र संक्षिप्तमा GESI नीति भनिनेछ ।

१.२ **प्रारम्भ** : यो नीति तोकेको मितिदेखि लागू हुनेछ ।

१.३ **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा :

क. "संघ" भन्नाले सामुदायिक रेडियो प्रसारक संघलाई बुझाउँदछ ।

ख. "रेडियो" भन्नाले संघको सदस्यता लिएका सामुदायिक रेडियोलाई बुझाउँदछ ।

ग. "जेसी नीति (GESI)" भन्नाले सामुदायिक रेडियो लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०६८ लाई बुझाउँदछ ।

## परिच्छेद २

## GESI **नीतिका उद्देश्यहरू** :

यस GESI नीतिका उद्देश्यहरू निम्नअनुसार रहेका छन् :

क. सामुदायिक रेडियो कार्यक्रम तयारी तथा प्रसारण सम्बन्धमा यसका नीति निर्माता, निर्णयकर्ता तथा प्रसारकहरूले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणसम्बन्धी नीति अपनाउन र व्यवहारमा प्रयोग गर्नका लागि उनीहरूमा सचेतना तथा संवेदनशीलता सिर्जना गर्ने ।

ख. सामुदायिक रेडियोमा महिला, दलित, आदिवासी, जनजाति तथा सीमान्तीकृत जनसमुदायको अधिकार तथा जिम्मेवारीसम्बन्धी समाचार तथा कार्यक्रम प्रसारण गर्ने ।

ग. सामुदायिक रेडियो स्टेसनहरू आफैंमा र मार्फत मुलुकको लैङ्गिक समानता र सशक्तीकरण गर्न प्रभावकारी वकालत गर्ने ।

## परिच्छेद ३

## GESI नीतिको आवश्यकता र आधारहरू

३.१ GESI **नीतिको आवश्यकता** : संघ, स्थापनाकालदेखि नै नेपालका सामुदायिक रेडियोहरूको अधिकारको सुरक्षा र विकासका लागि कार्यरत छ । संघले जनताको सूचनामा पहुँच वृद्धि, लोकतान्त्रिक जनसहभागिताका लागि उत्प्रेरणा, सार्वजनिक हितको रक्षा, मानव अधिकारको सम्मान र सुशासन प्रवर्द्धनका लागि काम गर्दै आएको छ ।

सामुदायिक रेडियोहरूले लोकतन्त्रको रक्षा र यसलाई संस्थागत बनाउनका लागि सहयोग गरिरहनुका साथै आवाजविहिनहरूको आवाज र समावेशी समाज तथा सामाजिक रूपान्तरणका लागि काम गरिरहे तापनि लैङ्गिक समानता र सामाजिक समावेशीकरणको समग्र र स्पष्ट नीतिको कमी थियो । यही कमीको पूर्तिका लागि संघले यो GESI नीति निर्माण गरेको हो ।

३.२ GESI **नीतिका आधारहरू** :

क. सामुदायिक रेडियो प्रसारकहरूबीच लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (जेसी) सम्बन्धमा सामूहिक समझदारी सिर्जना गर्ने र तिनीहरूको संगठन तथा कार्यक्रम व्यवस्थापनमा एकसमान नीति अपनाउन,

ख. सबै सामुदायिक रेडियोले जेसी नीति लागू गर्नको लागि दृष्टिकोणमा एकरूपता सुनिश्चित गर्न,

ग. सामुदायिक रेडियोहरू र तिनका सरोकारवालाहरूबीच समन्वय तथा सहयोगको अवस्था सिर्जना गर्न,

घ. महिला तथा पछि परेका समुदायहरूको अधिकारको रक्षा गरी सशक्तीकरण गर्न ।

## परिच्छेद ४

## नीतिको उपयोगकर्ता

४.१ यो जेसी नीतिको मुख्य उपयोगकर्ता संघ र योसँग आवद्ध सामुदायिक रेडियोहरू हुनेछन् ।

४.२ संघसँग प्रत्यक्ष सम्बन्ध नभएका रेडियो तर लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रसँग मिल्दो–जुल्दो काम गरिरहेका संस्थाहरूले पनि यो नीतिको उपयोग गरी फाइदा लिन सक्नेछन् ।

## परिच्छेद ५

## पहुँच मार्ग

५.१ सामुदायिक रेडियोहरूमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था आवधिक रूपमा मूल्याङ्कन गर्ने ।

५.२ विशेष रेडियो स्टेसनका लागि सोको आवश्यकताअनुरूपको नीति विकास वा अध्यावधिक गर्ने ।

५.३ रेडियो स्टेसनहरूमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति नियमित रूपमा विकास वा अध्यावधिक गर्नेसम्वन्धमा अनुगमन गर्ने ।

## परिच्छेद ६

## कार्यान्वयन नीति

६.१ संघले आफ्ना सदस्य संस्था तथा कार्यक्रमहरूमा GESI नीति अपनाउन र कार्यान्वयन गर्नका लागि एकिन गर्ने ।

६.२ संघले अभिमुखीकरण कार्यक्रम, तालिम तथा कार्यशालाको माध्यमबाट रेडियोहरूलाई लैङ्गिक नीति कार्यान्वयन सम्बन्धमा बुझाउने र अपनाउन उत्प्रेरित गर्ने ।

६.३ नेपालमा सामुदायिक रेडियोहरूको गुणस्तर कायम गरी सञ्चालन गर्न मूल्य–मान्यतामा आधारित पद्धति स्थापना गर्ने ।

६.४ संघसँग सम्बन्धित सबै रेडियो स्टेसनमा GESI नीति तथा कार्यक्रम संस्थागत गर्ने ।

६.५ संघले नीति तथा कार्यक्रमहरूलाई प्रभावकारी बनाउन परिवर्तन संवाहकको रूपमा काम गर्ने ।

६.६ GESI नीति तथा कार्यक्रमहरूको कार्यान्वयनमा एकरूपता र नियमितताका साथ कार्यान्वयन गर्न एकिन गर्ने ।

६.७ सदस्य रेडियोहरूबाट GESI सम्बन्धी सूचना तथा सन्देश प्रचार–प्रसार गरी जनसमुदायमा सकारात्मक धारणा सिर्जना गर्ने ।

## परिच्छेद ७

## लैङ्गिक समानता र सामाजिक समावेशीकरण नीति कार्यान्वयनका लागि मार्ग-दर्शन

७.१ यो GESI नीति कार्यान्वयनका लागि प्रस्तावित मार्गदर्शन हो ।

७.१.१ **रेडियो सुशासनमा** GESI

७.१.१.१ सामुदायिक रेडियोहरूको सुशासनका लागि प्रभावकारी कार्यान्वयन नीति समावेश गर्न संघले निम्न उपायहरू अपनाउन आवश्यक छ :

७.१.१.१ क. कार्यकारी समिति र कर्मचारीहरूको मुख्य पदहरूमा कम्तीमा ३३% महिला समावेश गर्ने ।

७.१.१.१ ख. सामुदायिक रेडियो स्टेसनको सञ्चालक परिषद्, कार्यकारी समिति र कर्मचारीहरूमा सामाजिक रूपले वञ्चितीकरणमा परेका सदस्यहरूमध्येबाट कम्तीमा ३३% उपस्थित हुने व्यवस्था गर्ने ।

७.१.१.१ ग. नीति निर्माण तह/पदहरूमा, जस्तै– अध्यक्ष, सचिव, कोषाध्यक्ष र व्यवस्थापन तहका पदहरूमा महिला तथा सामाजिक रूपमा पछाडि पारिएका सदस्यहरूको उपस्थिति कम्तीमा ५०% हुने संस्थात्मक प्रबन्ध गर्ने ।

७.१.१.१ घ. उपर्युक्त प्रावधानका अतिरिक्त, महिलाहरू प्रतिस्पर्धा गर्नका लागि छुट्याइएको साधारण सिट/पदहरू यथावत् राख्ने ।

७.१.२ **संगठन संरचना र व्यवस्थापनमा** GESI

७.१.२.१. संगठन र व्यवस्थापनका पदहरूमा महिला र सामाजिक रूपले वञ्चितीकरणमा परेका समुदाय सदस्यहरूको सहभागिता वढाउनका लागि निम्नअनुसारका उपायहरू अपनाउन सिफारिस गरिएको छ :

७.१.२.१.१. **कर्मचारी भर्ना गर्दा सकारात्मक विभेद नीति** : महिला तथा सामाजिक रूपमा वञ्चितीकरणमा परेका समुदाय सदस्यको उपस्थिति संगठन र व्यवस्थापन संरचनामा वढाउनका लागि सकारात्मक विभेद कार्य अपनाउन सिफारिस गरिएको छ जसले गर्दा उनीहरूलाई विभिन्न पदहरूमा आवेदन राख्न सक्ने अवसर मिलोस् । यस सम्बन्धमा निम्न कार्यहरू गर्नुपर्दछ :

७.१.१.२.१.क. **पदको संरक्षण** : कर्मचारीहरू भर्ना गर्नेसम्बन्धमा आवेदन माग गर्दा निश्चित रूपमा महिला तथा सामाजिक रूपले वञ्चितिमा परेका समुदायका लागि भनी खुलाइएको हुनुपर्दछ ।

७.१.१.२.१.ख.**पदपूर्ति समितिमा महिला तथा सामाजिक रूपले वञ्चितिमा परेका सदस्यहरूको प्रतिनिधित्व** : जनस्रोत नीतिमा पदपूर्ति समिति गठन गर्दा कम्तीमा एकजना महिला र सामाजिक रूपले वञ्चितिमा परेका समुदायबाट पनि अर्को एकजना महिलालाई प्राथमिकता दिई उनीहरूको प्रतिनिधित्व हुने व्यवस्था गरिनुपर्दछ ।

७.१.१.२.१.ग. **पद्धति निर्माण** : पछि परेका महिला र सामाजिक रूपले वञ्चितिमा परेका सदस्यहरूलाई लिखित जाँच गर्दा र लिखित तथा अन्तर्वार्ता गर्दा अतिरिक्त अंक/मूल्य दिने प्रावधान राखिनुपर्दछ ।

७.१.१.१.२. **क्षमता अभिवृद्धि तालिका** : तालिम प्रदान गर्दा प्रशिक्षार्थी सहभागीहरूको छनोट गर्दा महिलाहरूका लागि ५०% र सामाजिक रूपले सहभागिता हुनेगरी सिट आरक्षणको विशेष व्यवस्था गरिनु पर्दछ । संगठनको प्रभावकारी व्यवस्थापन र कार्यहरूको सहज कार्यान्वयनका लागि यससँग सम्बन्धित काम, खबर प्रसारण र खबर विचार र घटना प्राथमिकीकरण आदि कार्यसम्पादन गर्नका लागि कर्मचारीहरूको क्षमता अभिवृद्धि हुन अति आवश्यक छ ।

७.१.१.१.३ **महिला कर्मचारीहरूका लागि सुरक्षा र खतरामुक्त अवस्था बनाउनका लागि निम्नअनुसारका प्रावधानहरूको व्यवस्था हुनु पर्दछ** :

७.१.१.१.३.क.**लचिलो कार्य समय** : महिला कर्मचारीहरूले राती ढिलो समयसम्म कार्य गर्नु नपर्नेबारे एकिन गर्ने । यदि उनीहरूले राती ढिलोसम्म काम गर्नुपर्ने भएमा घर पुऱ्याइदिने व्यवस्था हुनुपर्ने ।

७.१.१.३.ख. **काम गर्ने सहज वातावरण** : संस्थामा काम गर्नका लागि सुरक्षित अवस्था एकिन हुनुपर्दछ, जहाँ महिलाहरूले काम गर्दा लैङ्गिक विभेद वा असहज अवस्थाको सामना गर्नुपर्ने नभई खतरामुक्त अवस्था महसुस हुने व्यवस्था गरिनुपर्दछ ।

७.१.१.३.ग. **लैङ्गिक संवेदनशील भाषा–शैली** : कार्यस्थलमा र कार्यक्रम प्रसारण गर्दा लैङ्गिकमैत्री भाषा–शैलीको प्रयोग हुनुपर्दछ । महिलाहरूले विभेद तथा अपहेलित हुनुपरेको महसुस हुनुहुँदैन ।

७.१.१.३.घ. **सञ्चारको सरल तरिका** : आकस्मिक कार्य पर्दा सञ्चारमा सजिलोसँग

पुग्न सक्ने प्रबन्ध हुनुपर्दछ । सम्भव भएसम्म महिला कर्मचारीहरूलाई मोबाइल फोन दिने व्यवस्था गरिनुपर्दछ ।

७.१.१.३.ङ. **सुविधाहरू** : महिलाहरूका लागि छुट्टै शौचालयको व्यवस्था र सुत्केरी विदाको प्रावधान हुनुपर्दछ ।

७.१.३ GESI **उत्तरदायी रेडियो कार्यक्रम** : GESI उत्तरदायी रेडियो कार्यक्रम बनाउनका लागि निम्नअनुसारका उपायहरू अपनाउनु पर्दछ :

७.१.३.१ GESI **सम्वन्धी मुद्दा तथा सरोकारहरू** :

७.१.३.१.क. GESI सम्वन्धी मुद्दा तथा सरोकारहरू (महिला, बालबालिका VAW, GBV आदि मानव अधिकारहरू) लाई उच्च प्राथमिकता दिइनुपर्दछ । रेडियो कार्यक्रमहरूमा यस्ता मुद्दाहरूलाई समावेश गर्ने नीति अपनाउनु पर्दछ । यसका लागि समुदायबाट महिला तथा वञ्चितीकरणमा परेकाहरूको मुद्दा उठाउन सान्दर्भिक सूचना तथा खबर संकलन गर्न पहुँच विकास गरिनुपर्दछ । यस्ता कार्यक्रमहरू छोटो, स्थानीय भाषा र स्रोताको ध्यानाकर्षण गर्ने रूपमा प्रसारित हुनुपर्दछ ।

७.१.३.१.ख. महिला तथा पछि परेका समुदायहरूका मुद्दा तथा सरोकारहरू प्रसारण गर्नका लागि समयको बाँडफाँड गरिनु पर्दछ । यो कार्य सामुदायिक रेडियोको प्रसारण घण्टाको आधारमा हुनुपर्दछ । समय दैनिक वा हप्ताका आधारमा घण्टामा बाँडफाँड गर्न सकिन्छ । बिहान ६ देखि ७ र बेलुका ६–८ बजे महिलाहरू प्रायः गरेर घरमा हुने गर्दछन् । यसलाई पहिलो प्राथमिकता दिइनुपर्दछ ।

७.१.३.१.ग. **मुख्य समयको मूल्याङ्कन** : महिला र सामाजिक रूपले वञ्चितीकरणमा परेका समुदायहरूका लागि छुट्याइएको समयको मूल्याङ्कन गर्ने र आवश्यकताअनुसार विस्तार गरिनुपर्दछ । वर्तमानमा यस नीतिअन्तर्गत कम्तीमा २०% समय महिलाहरू र ३०% समय सीमान्तीकृत समूहहरूका लागि बाँडफाँड गरिनुपर्दछ ।

७.१.३.१.घ. **लक्षित समूहसँग परामर्श** : रेडियो कार्यक्रम विकास, प्रसारण, अनुगमन तथा मूल्याङ्कनमा लक्षित समूहको प्रत्यक्ष सहभागिता उल्लेख्य मात्रामा बढाउने कार्यलाई उच्च प्राथमिकता दिई प्रेरणा प्रदान गर्नुपर्दछ । लक्षित समूहमैत्री वातावरण विकास गरेर सामुदायिक रेडियोमा समुदायको खबर

र विचारलाई सहज पहुँच र उच्च प्राथमिकता दिँदै उनीहरूसँगको अन्तरक्रिया तथा समन्वयका लागि संयन्त्र बनाउनुपर्दछ ।

७.१.३.१.ङ. GESI **सम्बन्धी काममा उत्प्रेरण गर्ने** : लैङ्गिक समानता र सामाजिक समावेशीकरणका मुद्दाहरू, तौर–तरिका र व्यवहारजन्य परिवर्तनका लागि बोर्डका महिला–पुरूष दुवै सदस्यहरू तथा कर्मचारीहरूलाई सजग बनाई उत्प्रेरण गर्ने ।

७.१.४ GESI **का लागि स्थानीय सरोकारवालाहरूसँग रेडियो साझेदारी** :

७.१.४.१ **स्थानीय निकाय तथा सरोकारवालाहरूसँग रेडियो साझेदारी विकास गर्नका लागि निम्न उपायहरू अवलम्बन गर्नुपर्दछ** :

७.१.४.१.क. **समन्वय** : रेडियोले लैङ्गिक तथा सामाजिक समावेशीकरणसम्बन्धी मुद्दा स्थानीय निकायहरू तथा सरोकारवालाहरूसँग सम्बोधन तथा समन्वय गर्ने संयन्त्रको विकास गर्नुपर्दछ ।

७.१.४.१.ख. **प्राविधिक सहयोग** : संघले स्थानीय सक्रियतामा सञ्चालित सामुदायिक रेडियोहरूको संस्थागत विकास तथा गुणस्तरयुक्त कार्यक्रमका लागि प्राविधिक सहयोग पुऱ्याइनुपर्दछ ।

७.१.४.१.ग. **सरोकारवालहरूसँग सहयोग** : सामुदायिक रेडियोहरूको दक्षता अभिवृद्धि, कार्यक्रम विस्तार र प्रभावकारिता वृद्धिका लागि स्थानीय प्रशासन, प्रहरी, विकास निकायहरू (शिक्षा, स्वास्थ्य, महिला विकास कार्यालयहरू) सँग सम्बन्ध विकास र साझेदारीमा कार्यक्रम सञ्चालन गर्नुपर्दछ । विद्यमान स्थानीय प्रशासन, जस्तै– प्रहरी, विकास निकायहरूसँग स्रोत सहभागिता र कार्यगत सम्बन्ध विकासका लागि समन्वय गर्न समन्वयात्मक संयन्त्रको विकास गरिनुपर्दछ । यस्तो साझेदारीले स्थानीय घटना आदि प्रसारणका लागि समुदाय परिचालनमा सहयोग पुग्दछ ।

७.१.४.१.घ. **सम्बन्ध र सञ्जाल विस्तार** : एकअर्काका कार्यक्रमहरूको अध्ययन–भ्रमण र अन्तरक्रिया गर्नुपर्दछ । पारस्परिक सहयोग पुग्ने खालका कार्यक्रमहरू विकास गरी सञ्चार गर्नुपर्दछ ।

७.१.४.१.ङ. GESI **सम्बन्धी मुख्य** Focal **मान्छे** : सामुदायिक रेडियोले GESI सम्बन्धी विषय हेर्ने मुख्य मान्छे नियुक्त गर्नुपर्दछ । नियुक्त गर्दा महिला, त्यसमा पनि अझ सकभर पछि परेका समुदायको महिला, लाई प्राथमिकता

दिनुपर्दछ। उक्त मुख्य मान्छेले GESI सम्बन्धी मुद्दा/सरोकारका विषयहरूमा काम गर्नेछ । यस कार्यले सबै कार्यक्रमहरू तथा क्रियाकलापहरूमा लैङ्गिक तथा सामाजिक, समावेशीकरण मूल प्रवाहीकरण भएको हुनेछ। यसका साथै सम्बन्धित सबै संगठनहरूमा लैङ्गिकसम्बन्धी मुद्दा तथा सरोकारहरूबारे कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गरी प्रगति प्रसारण गर्नुपर्दछ ।

७.१.४.१.च. **लैङ्गिक उत्तरदायी बजेट र सामाजिक लेखा परीक्षण** : लैङ्गिक र सामाजिक सरोकारका मुद्दाहरूलाई महत्व दिएको एकिन गर्न कम्तीमा ४०% बजेट प्रत्येक कार्यक्रममा महिला तथा सामाजिक रूपले वञ्चितीकरणमा परेका समुदायहरूका लागि एकीकृत रूपमा छुट्याइएको हुनुपर्दछ । उक्त छुट्याइएको बजेट सम्बन्धित विषयगत क्षेत्रमा खर्च भएको एकिन गर्न आवधिक रूपमा लैङ्गिक लेखा परीक्षण गर्नुपर्दछ । यसका लागि संगठनमा अन्तरनिहित (बनिबनाउ) पद्दति विकास गर्नुपर्दछ । लेखा परीक्षण आवधिक रूपमा निर्दिष्ट गरिएको GESI का चार विषयगत क्षेत्रमा आधारित भएर आवधिक रूपमा गर्नुपर्दछ। योसम्बन्धी जिम्मेवारी GESI सम्बन्धी मुख्य मान्छे Focal Person को हुनेछ ।

*(**स्रोत** : सामुदायिक रेडियो प्रसारक संघ–एकोर्याब)*

# अनुसूची ३ :
# मिडियामा लैङ्गिक संवेदनशीलता र लैङ्गिक समानता मापन गर्ने केही महत्वपूर्ण सूचकहरू

(क) **नीति निर्माण तहमा लैङ्गिक समानता** : मिडियासम्बन्धी संघसंस्थाका नीति निर्णायक तहमा लैङ्गिक समानताको अवस्था पहिचान गर्नका लागि निम्न सूचकहरू छन् :

- सञ्चार–गृहहरूको स्वामित्व, व्यवस्थापन र कार्यकारी बोर्डहरूमा महिला सहभागिताको अनुपात
- प्रधान सम्पादक, स्टेसन म्यानेजर, सम्पादक, विभागीय प्रमुख, रिपोर्टिङ प्रमुख, डेस्क प्रमुख आदि मिडियाको नेतृत्वदायी पद सम्हाल्ने महिलाको अनुपात
- नीति निर्माण तहमा लैङ्गिक समानता सुनिश्चित गर्न भएका कार्यहरूको आवधिक समीक्षा र रिपोर्टिङ
- समान अवसरसम्बन्धी प्रभावकारी नीतिहरू र तिनको कार्यान्वयनका मापदण्ड, लक्षित समूह, समयावधि र अनुगमन संयन्त्र
- सञ्चार–गृहभित्र सहयोगात्मक तरिका र स्टाफहरूको स्वीकृतिमा बनेका समान अवसरसम्बन्धी नीतिहरू
- समान अवसर र महिलाको कामलाई प्रोत्साहित गर्ने क्रममा रहेका सबै अवरोधहरूको अन्त्य गर्न बनाइएका नीति तथा संयन्त्रहरू
- समान अवसरका नीतिहरूलाई कार्यान्वयन गर्न छुट्याएको विशेष बजेट
- नीति निर्माण तहमा महिलाको प्रतिनिधित्वका लागि विशेष आरक्षण व्यवस्थाको अस्तित्व
- मिडियाको संस्थागत संरचनाका सबै तहहरूमा महिला उपस्थिति वृद्धि गर्न सकारात्मक कदमहरू र त्यससम्बन्धी कमिटीहरूको व्यवस्था
- नीति निर्माण तहमा लैङ्गिक समानतासम्बन्धी नीतिहरूको प्रचार–प्रसार
- समान अवसर नीतिहरूसम्बन्धी चेतनाको समीक्षा गर्ने प्रयास
- समान अवसर नीतिहरूको कार्यान्वयनसम्बन्धमा सम्पादन परिणामहरूको रिपोर्टिङ

(ख) **कार्य र कार्यक्षेत्रमा लैङ्गिक समानता :** मिडियासम्बन्धी संघ–संस्थाहरूको कार्यक्षेत्रको वातावरण महिला र पुरुषको कार्यक्षमताको समान मान्यता र व्यवहार भए नभएको हेर्नका लागि निम्न सूचकहरू छन् :

- कार्यक्षेत्रमा लैङगिक समानताको अनुगमन र मूल्यांकन गर्नका लागि लैङ्गिक डेस्क वा लैङ्गिक मूलप्रवाहीकरण अधिकृतको व्यवस्था
- लैङ्गिक डेस्क वा लैङ्गिक मूलप्रवाहीकरण अधिकृत महिला र पुरुष दुवैको सरोकारलाई सम्बोधन गर्न गठन भएका हुन् भन्नेसम्बन्धमा स्टाफहरूमा रहेको चेतना
- कार्यक्षेत्रमा लैङ्गिक समानताको अनुगमन र मूल्याङ्कन गर्नका लागि भएका व्यवस्थाहरूको स्थिति
- सञ्चार संस्थाका विभिन्न विभागहरू (जस्तो– समाचार कक्ष र उत्पादन कक्ष) र सबै तह (जस्तो– निम्न, मध्यम र उच्च व्यवस्थापन) मा काम गर्ने महिला र पुरुषको अनुपात
- समाचार कक्षमा काम गर्ने महिलाहरूको प्रतिशत वृद्धिका लागि चालिएका कदमहरूको आवधिक समीक्षा र रिपोर्टिङ
- कार्यक्षेत्रको सामान्य वातावरण र ज्याला तथा बढुवाका अवसरसमेतका अधिकारहरूमा समान व्यवहारलाई सुनिश्चित गर्न बनेका सञ्चार नीतिहरूको अवस्था
- महिला तथा पुरुषको समान ज्याला र बढुवासम्बन्धमा आवधिक समीक्षा र रिपोर्टिङ
- विद्यमान नीतिअनुसार वार्षिक रुपमा बढुवा गरिएका र वृद्धि भएको ज्याला प्राप्त गरेका महिला र पुरुषको अनुपात
- रोजगारी र पेन्सनसमेतका सुविधाहरूको समान अवस्था
- समान र पारदर्शी भर्नाको अभ्यास (जस्तो– सबै अन्तर्वार्ता प्यानल लैङ्गिक समानतापूर्ण हुनु, लैङ्गिक अधिकृत भर्ना प्रक्रिया र संस्थाका कार्यक्रमहरूमा सामेल गराइनु)
- महिला र पुरुषबीच समान व्यवहार सुनिश्चित गर्न सामूहिक सहमतिको अवस्था

- लैङ्गिक समानतासम्बन्धी सबै नीतिलाई सिड महासन्धिका सम्बन्धित धाराहरू जस्तै– धारा २, ४, १०, ११ आदिसँग मिलान गरिएको अवस्था
- महिलाको सहभागितासँगै जेन्डर रेस्पोन्सिभ बजेटको अनुगमन
- समान व्यवहारका साथै लैङ्गिकतासम्बन्धी जनशक्ति नीतिको विद्यमानता
- लैङ्गिकतासम्बन्धी जनशक्ति नीतिको प्रचार–प्रसार
- मिडिया संस्थाहरूले महिला र पुरुष स्टाफहरूसँग गरिने समान व्यवहारसम्बन्धी श्रम कानुनहरूको उपलब्धताका विषयमा सहजीकरण गर्दछन् ।

### (ग) महिला र पुरुषका लागि सुरक्षित काम गर्ने वातावरण :

- महिला र पुरुषका विशेष आवश्यकता (जस्तै– सुरक्षित यातायात, राती अबेरसम्म काम गर्ने महिलालाई आवास सुविधा, अलगअलग शौचालय, द्वन्द्वग्रस्त क्षेत्रमा काम गर्ने महिलाका लागि सुरक्षा उपकरण आदि) लाई ध्यानमा राखेर बनाइएका सुविधाहरूको विद्यमानता
- कार्यस्थलमा यौन दुर्व्यवहार र बुलिङका सन्दर्भमा तिनलाई रोक्न, जाहेरी गर्न, सहयोग गर्न र खत्तम गर्नका लागि बनाइएको प्रणालीको विद्यमानता र त्यसको कार्यान्वयन
- सिडको महिला र पुरुषका लागि सुरक्षित काम गर्ने वातावरण र कमीकमजोरीलाई सम्बोधन गर्न बनाइएका कदमहरूसम्बन्धी धाराहरूको सञ्चार नीतिमा स्वीकारोक्ति

### (घ) समान पारिश्रमिक :

- समान मूल्यको कामका लागि महिला र पुरुष सञ्चारकर्मीहरूले प्राप्त गर्ने तुलनात्मक पारिश्रमिक
- अन्तर्राष्ट्रिय श्रम संगठनको समान पारिश्रमिकसम्बन्धी अभिसन्धिको कार्यान्वयन
- सञ्चार संस्थाभित्र पारदर्शी तलबस्केल जसले महिला र पुरुषका लागि उस्तै मापदण्ड प्रयोग गर्ने पारिश्रमिक संरचनाको निर्धारण गर्दछ
- वाार्षिक आधारमा पारदर्शी पारिश्रमिक लेखाजोखा
- परिश्रमिकको आवधिक आन्तरिक मूल्याङ्कन

- परिश्रमिकको आवधिक बाह्य मूल्याङ्कन
- महिला र पुरुषलाई समान पारिश्रमिक सुनिश्चित गर्ने स्टाफ र साझा सहमतिहरू

(ङ) **काम र जीवनको सन्तुलन :**

- महिला र पुरुषका लागि लचिलो काम गर्ने व्यवस्थाको विद्यमानता र त्यसको कार्यान्वयन
- लचिलो काम गर्ने व्यवस्था प्रदान गर्नेसम्बन्धी साझा सम्झौताहरू
- लचिलो काम गर्ने व्यवस्थासम्बन्धी विशेष नीतिहरू
- पर्याप्त अवधिका लागि सबै सञ्चारकर्मीहरूको तलबी मातृ र पितृ विदामा पहुँच
- सबै सदस्यहरूका लागि स्तरीय शिशु स्याहार केन्द्र र सहयोगी सुविधाहरूको उपलब्धता तथा पहुँच
- मातृ, पितृ वा अभिभावक विदा र बालबालिकालाई सहयोगसम्बन्धी विशेष व्यवस्था र नीतिहरू
- शिशु स्याहार केन्द्रका प्रयोगकर्ताहरूको आवधिक सर्वेक्षण

(च) **मिडियासम्बन्धी संघ, संगठन, युनियन, महासंघमा लैङ्गिक समानता अर्थात् ती निकायहरूमा महिलाको समान उपस्थिति र निर्णय प्रक्रियामा सहभागिता :**

- यी निकायहरूका सबै तहमा महिलाको उपस्थिति र निर्णय प्रक्रियामा सहभागिताको अनुगमन र मूल्याङ्कन गर्ने प्रणालीको विद्यमानता र कार्यान्वयन
- यी निकायहरूमा महिलाको नेतृत्वसम्बन्धी तालिमको उपलब्धता, पहुँच र प्रोत्साहन
- यी निकायहरूमा निर्णय प्रक्रियामा महिलाको प्रतिनिधित्वका लागि आरक्षण व्यवस्थाको विद्यमानता
- यी निकायहरूमा महिला नेतृत्व बढाउनका लागि सकारात्मक कदमहरूको विद्यमानता
- सदस्यहरूमा महिला र पुरुषको अनुपात
- निर्वाचनमा मतदाताहरूमा महिला र पुरुषको अनुपात
- संस्थामा कार्यरत महिला र पुरुषको अनुपात

- यी निकायहरूको सबै तहको निर्णय प्रक्रियामा महिला र पुरुषको अनुपात
- नेतृत्व र सबै गतिविधि वा कार्यक्रममा महिलाको सहभागिता सुनिश्चित गर्न र रिपोर्टिङ गर्न यी निकायहरूको वार्षिक मूल्याङ्कन

**(छ) कार्यस्थलमा लैङ्गिक समानतालाई प्रवर्धन गर्ने संरचनाहरू :**

- मिडियासम्बन्धी संघ, संगठन, युनियन, महासंघजस्ता निकायहरूले सञ्चार संस्थाका कार्यकारीहरू र स्थानीय निकाय तथा सरकारलाई लैङ्गिक समानता (निर्णय प्रक्रिया, पारिश्रमिक, विदा आदिमा) का लागि सुझावहरू तयार गरी सिफारिस गर्दछन् ।
- यी निकायहरूले सञ्चार संस्थाहरूको नियमित लैङ्गिक लेखाजोखा गर्दछन् ।
- यी निकायहरूले कार्यस्थलमा लैङ्गिक समानतासम्बन्धी चेतना जगाउने काम गर्न सक्दछन् ।
- यी निकायहरूले कार्यस्थलमा लैङ्गिक असमानता भएमा प्रतिरक्षा संयन्त्रसँग भेदभावका विरुद्ध आवाज उठाउन आफ्ना सदस्यहरूलाई सल्लाह दिन र सहयोग गर्न सक्दछन् ।
- लैङ्गिक समानतासम्बन्धी सुझावहरू लिने पारदर्शी संयन्त्रको विद्यमानता
- लैङ्गिक समानतासम्बन्धी मुद्दाहरू हेर्ने पारदर्शी संयन्त्रको विद्यमानता
- लैङ्गिक समानतासम्बन्धी सवालहरूमा परेका मुद्दाहरूको कुल संख्यामा पारदर्शी रूपमा समाधान भएका मुद्दाहरूको प्रतिशत
- महिलाविरुद्ध हिंसासम्बन्धी मुद्दाहरूको सन्दर्भमा संघ, संगठन, युनियन वा महासंघले जारी गरेका वक्तव्यहरूको अनुपात
- कार्यस्थलमा लैङ्गिक समानतासम्बन्धी दृष्टिकोणमा सदस्यहरूको आवधिक सर्वेक्षण
- लैङ्गिक समानतासम्बन्धी चेतना बढाउनका लागि भएका कार्यक्रमहरू
- चेतना बढाउने कार्यक्रममा सहभागी महिला र पुरुषको अनुपात

**(ज) कार्यस्थलमा लैङ्गिक समानतालाई प्रवर्द्धन गर्ने संरचनाहरू :**

- यी निकायहरूले सञ्चार संस्थाका कार्यकारीहरू र स्थानीय निकाय तथा सरकारलाई लैङ्गिक समानता (निर्णय प्रक्रिया, पारिश्रमिक, विदा आदिमा) का लागि सुझावहरू तयार गरी सिफारिस गर्दछन् ।

- यी निकायहरूले सञ्चार संस्थाहरूको नियमित लैङ्गिक लेखाजोखा गर्दछन् ।
- यी निकायहरूले कार्यस्थलमा लैङ्गिक समानतासम्बन्धी चेतना जगाउने काम गर्न सक्दछन् ।
- यी निकायहरूले कार्यस्थलमा लैङ्गिक असमानता भएमा प्रतिरक्षा संयन्त्रसँग भेदभावका विरुद्ध आवाज उठाउन आफ्ना सदस्यहरूलाई सल्लाह दिन र सहयोग गर्न सक्छन् ।
- लैङ्गिक समानतासम्बन्धी सुझावहरू लिने पारदर्शी संयन्त्रको विद्यमानता
- लैङ्गिक समानतासम्बन्धी मुद्दाहरू हेर्ने पारदर्शी संयन्त्रको विद्यमानता
- लैङ्गिक समानतासम्बन्धी सवालहरूमा परेका मुद्दाहरूको कुल संख्यामा पारदर्शी रूपमा समाधान भएका मुद्दाहरूको प्रतिशत
- महिलाविरुद्ध हिंसासम्बन्धी मुद्दाहरूको सन्दर्भमा संघ, संगठन, युनियन वा महासंघले जारी गरेका वक्तव्यहरूको अनुपात
- कार्यस्थलमा लैङ्गिक समानतासम्बन्धी दृष्टिकोणमा सदस्यहरूको आवधिक सर्वेक्षण
- लैङ्गिक समानतासम्बन्धी चेतना बढाउनका लागि भएका कार्यक्रमहरू
- चेतना बढाउने कार्यक्रममा सहभागी महिला र पुरुषको अनुपात

**(झ) यी निकायहरूले मिडियामा विविधता बढाउने सन्दर्भमा नीतिहरू र लैङ्गिक चेतना प्रवर्द्धन गर्ने कदमहरूका माध्यमबाट मिडिया अभ्यासमा लैङ्गिक चेतनालाई समाहित गर्दछन् :**

- संघ, संगठन, युनियन वा महासंघका निर्देशक सिद्धान्त र पेसागत मान्यताहरूमा लैङ्गिक सम्वेदनशीलताको समावेशीकरण
- सदस्यहरूबीच यी सिद्धान्त र मान्यताहरूको प्रवर्द्धन
- मिडिया अभ्यासमा लैङ्गिक सम्वेदनशीलता र विविधतालाई सम्मान गर्नुपर्ने आवश्यकतालाई प्रतिबिम्बित गर्ने नीति, आचारसंहिता, शैली–पुस्तिका, निर्देशिका आदिको तर्जुमा र प्रवर्द्धन
- मिडिया अभ्यासमा लैङ्गिक चेतनालाई समाहित गर्न प्रोत्साहित गर्ने उद्देश्यले आफ्ना महिला तथा पुरुष सदस्य र अन्य सञ्चारकर्मीहरूका लागि पनि तालिम वा कार्यशालाको आयोजना वा सहजीकरण
- मिडिया अभ्यासमा लैङ्गिक सम्वेदनशीलतालाई सुनिश्चित र विविधतालाई

सम्मान गर्ने उद्देश्यले मिडियाका अन्तर्वस्तुको आवधिक सञ्चार अनुगमनको आयोजना

- तालिमका अवसरहरूका लागि लैङ्गिक रूपमा छुट्याइएको सहभागिता सूची

**(ञ) सञ्चारसम्बन्धी संस्थाहरूले मिडियाका अन्तर्वस्तुमा लैङ्गिक समानताको पक्षमा नैतिक आचार संहिता वा सम्पादकीय नीतिलाई प्रवर्द्धन गर्दछन् :**

- विशेषतः मिडिया अभ्यासका सन्दर्भमा लिखित लैङ्गिक नीतिको अवस्था
- लैङ्गिक प्रतिनिधित्वसम्बन्धी आचार संहिताको अवस्था
- शैली–पुस्तिका, निर्देशिका, विभिन्न विषयका महिला विज्ञहरूको विवरण भएको डाइरेक्ट्री, विभिन्न विषयमा लैङ्गिक दृष्टिकोण दिन सक्ने व्यक्ति वा संस्थाहरूको रोस्टरजस्ता लैङ्गिक सम्वेदनशील स्रोत–सामग्रीको विद्यमानता जसले पत्रकार र अन्य प्राविधिक जनशक्तिलाई मिडियाका अन्तर्वस्तु उत्पादन गर्दा यौनवादलाई त्याग्न र लैङ्गिक सम्वेदनशीलतालाई अपनाउन सहयोग गर्दछ
- सम्पादकसमेतका पेसागत स्टाफहरू लैङ्गिक वा विविधतासम्बन्धी नीति, आचार संहिता, शैली–पुस्तिका र निर्देशिकाका बारेमा सचेत हुन्छन् र तिनलाई स्विकार्दछन्
- कार्यकारी सदस्य र वरिष्ठ व्यवस्थापकजस्ता व्यवस्थापकीय कर्मचारीहरू लैङ्गिक वा विविधतासम्बन्धी नीति, आचार संहिता, शैली–पुस्तिका र निर्देशिकाका बारेमा सचेत हुन्छन् र तिनलाई स्विकार्दछन्
- पेसागत कर्मचारीहरूलाई लैङ्गिक नीति, लैङ्गिक सम्वेदनशील आचार संहिता, शैली–पुस्तिका, निर्देशिकाजस्ता सान्दर्भिक स्रोत–सामग्रीहरूसँग परिचित गराउन र उनीहरूलाई मिडिया अभ्यासमा लैङ्गिक सचेतना समाहित गराउन सहयोग गर्नका लागि तालिम वा कार्यशालाको आयोजना वा सहजीकरण
- लैङ्गिक नीति, लैङ्गिक सम्वेदनशील आचार संहिता, शैली–पुस्तिका, निर्देशिका, तालिम वा कार्यशालाको उपलब्धिलाई समीक्षा गर्न वा प्रभावकारितालाई जाँच्न मिडियाका अन्तर्वस्तुको आवधिक रूपमा आन्तरिक सञ्चार अनुगमन भए नभएको अवस्था
- सर्वसाधारणका लागि लैङ्गिक समानतासम्बन्धी सवालमा मिडियाका अन्तर्वस्तुको गुनासो वा आलोचना गर्न बनाइएका अम्बुड्सम्यान, प्रेस

काउन्सिलजस्ता आन्तरिक संयन्त्रहरूको अवस्था र ती संयन्त्रप्रति सर्वसाधारण जानकार भएको सुनिश्चितता

- लैङ्गिक नीतिको प्रचार–प्रसार र सर्वसाधारणको आलोचनाप्रति संस्थागत सम्बोधनसम्बन्धमा सर्वसाधारणलाई नियमित जानकारी
- मिडियाका अन्तर्वस्तुसम्बन्धमा गुनासो वा आलोचना गर्नका लागि बाह्य संयन्त्रका रूपमा रहेका स्वतन्त्र संस्थाहरूको मान्यता र त्यससम्बन्धमा सर्वसाधारणलाई जानकारी
- कार्यशालाका सहभागीहरूको लैङ्गिक रूपमा छुट्याइएको सूची
- मिडियाका अन्तर्वस्तुहरूमा लैङ्गिक तथ्यांकहरूको प्रयोगमा प्रोत्साहन

(ट) **मिडियासम्बन्धी अध्ययन र तालिममा लैङ्गिक समानताको विषय** : प्राध्यापक, सहजकर्ता, तालिमकर्ता, आमसञ्चार र पत्रकारिताका विद्यार्थीमा लैङ्गिक समानतासम्बन्धी चेतनाका सूचकहरू :

- पत्रकारिता र मिडिया तथा सञ्चारसम्बन्धी अन्य विषय पढाउने महिला र पुरुषको प्रतिशत
- विभागीय प्रमुख, कार्यक्रम निर्देशक, कार्यक्रमका डिन र अन्य नेतृत्वदायी पदहरूमा महिला र पुरुषको प्रतिशत
- लैङ्गिकता विशेष अन्तर्वस्तु समाहित गर्न र पाठ्यक्रम तथा लेक्चरहरूमा लैङ्गिकताको विषयलाई मूल प्रवाहीकरण गर्न तालिम दिइने विश्वविद्यालय वा इन्स्टिच्युटका प्राध्यापकहरू
- विशेषतः लैङ्गिक समानताका सवालहरूसम्बन्धी अन्तर्वस्तुको विद्यमानता र विद्यालय तथा कलेजका पत्रकारिता र आम सञ्चारसम्बन्धी पाठ्यक्रममा लैङ्गिक मूल प्रवाहीकरणको विद्यमानता
- अध्ययन, अनुसन्धान, बहस र अभ्यासहरूमा लैङ्गिक समानताको सवाल
- सम्बन्धित तालिम इन्स्टिच्युटले अध्ययन र अध्ययन समाप्तिपछिको अवस्थामा पत्रकारिताका महिला विद्यार्थीहरूको कार्यसम्पादनको अनुगमन गर्दछ
- पत्रकारिता अध्यापन हुने इन्स्टिच्युट र सञ्चार–गृहहरूबीच महिला विद्यार्थीहरूलाई इन्टर्नसिप वा छात्रवृत्ति प्रदान गर्ने सन्दर्भमा भएका सहमतिहरूको प्रतिशत

(ठ) **समाचार र समसामयिक विषयका मिडिया सामग्रीहरूमा लैङ्गिक चित्रण** : सञ्चार कभरेजहरूमा समाजको बनोट, मानव अनुभव, क्रियाकलाप, विचार र सरोकारहरू झल्किनेगरी महिला र पुरुषको उपस्थिति कस्तो छ भनेर विश्लेषण गर्ने सूचकहरू :

- समाचार र समसामयिक विषयका अन्तर्वस्तुमा देखिने, सुनिने र पढिने महिला र पुरुषको अनुपात
- समाचार र समसामयिक विषयका अन्तर्वस्तुमा सूचना तथा विचारका स्रोतका रूपमा प्रत्यक्ष अन्तर्वार्ता गरिने वा उद्धृत गरिने महिला र पुरुषको अनुपात
- समाचार र समसामयिक विषयका अन्तर्वस्तुमा प्रवक्ता, विज्ञ र सामान्य नागरिक वा जनमत दिने व्यक्तिका रूपमा महिला र पुरुषको अनुपात
- समाचार र समसामयिक विषयका अन्तर्वस्तु तथा तस्बिरमा देखिने, सुनिने र पढिने महिला र पुरुषको बाह्य वा सामाजिक अभिमुखीकरणको अनुपात
- समाचार र समसामयिक विषयका अन्तर्वस्तुमा देखिने, सुनिने र पढिने महिला र पुरुषको सामाजिक मर्यादास्तर (जस्तो– धनी, गरीखाने वर्ग, राजनीतिक सम्भ्रान्त, गरिब, ग्रामीण) छुट्याइएको अनुपात
- समाचार र समसामयिक विषयका अन्तर्वस्तुमा देखिने, सुनिने, पढिने र अन्तर्वार्ता लिइने वा उद्धृत गरिने महिला र पुरुषको विषयगत रूपमा (जस्तो– राजनीति र सरकार, अर्थ र वाणिज्य, युद्ध र द्वन्द्व, विज्ञान र प्रविधि, खेलकुद, अन्य) छुट्याइएको अनुपात
- समाचार र समसामयिक विषयका अन्तर्वस्तुमा महिला–केन्द्रित वा विशेषतः महिलासँग प्रत्यक्ष सरोकार राख्ने (जस्तो– लैङ्गिक हिंसा, महिला अधिकार, महिलाका उपलब्धि आदि) सामग्रीहरूको प्रतिशत
- समाचार र समसामयिक विषयका अन्तर्वस्तुमा महिलालाई सूचना वा विचारको स्रोतका रूपमा लिइएको वा महिलाका सरोकारका विषयमा केन्द्रित सामग्रीहरूले पाएको समय, स्थान र महत्व (प्राइम टाइम वा मुख्य समय र प्रथम पृष्ठ वा फिचर) को अनुपात ।

*(**स्रोत** : Gender Sensitive Indicators for Media, 2012, UNESCO)*

## अनुसूची ४ :
## पारिभाषिक शब्दावली (ग्लोसरी)

**सशक्तीकरण** : समाजमा शक्ति कमजोर भएका वर्ग, समुदाय वा व्यक्तिलाई समान रूपमा शक्तिशाली (राजनीतिक, आर्थिक, सामाजिक, बौद्धिक आदि हरेक पक्षमा) बनाउन गरिने प्रयास वा प्रक्रिया सशक्तीकरण हो । सीमान्तीकृत र जोखिममा रहेकाहरूलाई आफ्नो हक–अधिकारका लागि आवाज उठाउन सक्ने र त्यसको उपभोग गर्न सक्नेगरी सक्षम बनाउनु सशक्तीकरण हो । यसले कमजोर पक्षको क्षमता र दक्षतालाई बढाउँछ । जस्तो– महिलालाई कुनै पदमा लगेर राखिदिँदैमा उनको सशक्तीकरण हुन सक्तैन । त्यसका लागि उनको राजनीतिक, बौद्धिक, आर्थिक आदि क्षमता वृद्धि गर्नुपर्दछ ।

**लिङ्ग (सेक्स)** : महिला, पुरुष वा तेस्रोलिङ्गीबीचको जैविक भिन्नता । जन्मैदेखि प्राप्त हुने हुँदा यी भिन्नताहरू प्राकृतिक हुन् ।

**लैङ्गिकता (जेन्डर)** : महिला र पुरुषको सामाजिक सांस्कृतिक सम्बन्ध वा पहिचान जुन समाजद्वारा बनाइएको र अप्राकृतिक हुन्छ । समाज तथा संस्कृतिद्वारा निर्मित हुनाले लैङ्गिकतालाई परिवर्तन गर्न सकिन्छ । यो अप्राकृतिक हो र यसलाई मानव समाजले स्थापित गरेको हो । यो समय, स्थान, सन्दर्भ र संस्कृतिअनुसार फरक–फरक हुन्छ । महिला–पुरुषमा भेदभाव गर्ने र महिला र पुरुषप्रति लक्षित विद्यमान धेरैजसो मूल्य–मान्यता, विचार र बुझाइहरू लैङ्गिकतासँग सम्बन्धित छन् । तेस्रोलिङ्गीप्रति गरिने भेदभाव पनि लैङ्गिकतासँग सम्बन्धित छ ।

**जेन्डर वा लैङ्गिकता** : लैङ्गिकता एक समाजशास्त्रीय अवधारणा हो । यसको अर्थ महिला होइन र यसले पुरुषलाई अलग राख्दैन । वास्तवमा यसले त महिला र पुरुषको सामाजिक सांस्कृतिक पहिचान र सम्बन्धलाई बुझाउँछ । यी पहिचान र सम्बन्धहरू स्त्रीत्व र पुरुषत्वका परम्परागत सांस्कृतिक मूल्य–मान्यतामा आधारित हुन्छन् । तसर्थ समय, स्थान र संस्कृतिको भिन्नतासँगै लैङ्गिकतासम्बन्धी अवधारणाहरू पनि फरक–फरक हुन्छन् । उदाहरणका लागि, एक सय वर्षपहिले र अहिलेका नेपाली महिला वा पुरुष, कुनै अफ्रिकन, अमेरिकन वा नेपाली महिला र पुरुष, थारु र लिम्बु जातिका महिला र पुरुष भन्ने बित्तिकै जुन फरक–फरक छवि, पहिचान र मूल्य–मान्यता

मष्तिष्कमा देखा पर्दछ, त्यो नै जेन्डर वा लैङ्गिकता हो । मानव समाज र संस्कृतिले निर्माण तथा विकास गरेका लैङ्गिकतासम्बन्धी यी मूल्य–मान्यताहरू र शक्ति सम्बन्धमा धेरैजसो महिला कम शक्तिशाली, स्वतन्त्र पहिचानविहीन र परनिर्भर रहेको पाइन्छ ।

**लैङ्गिक विभेद** : महिला, पुरुष वा तेस्रोलिङ्गीबीचको जैविक भिन्नताका आधारमा महिला, पुरुष वा तेस्रोलिङ्गीलाई गरिने भेदभाव नै लैङ्गिक विभेद हो । छोरीभन्दा छोरालाई प्राथमिकता, तेस्रोलिङ्गीलाई गरिने अपहेलना आदि लैङ्गिक विभेदका उदाहरण हुन् ।

**लैङ्गिक सम्वेदनशीलता** : जैविक भिन्नताका आधारमा महिला, पुरुष वा तेस्रोलिङ्गीका विशेष अवस्था र आवश्यकताप्रति सचेत हुनु र त्यसअनुरूपको व्यवहार गर्नु नै लैङ्गिक सम्वेदनशीलता हो ।

**लिङ्गआधारित हिंसा** : जैविक भिन्नताका आधारमा कुनै लिङ्गविशेषका मानिसमाथि गरिने हिंसा लैङ्गिक हिंसा हो । जस्तै– महिलाविरुद्ध हिंसा गर्नु, तेस्रोलिङ्गीको पहिचानलाई अस्विकार गर्नु ।

**लैङ्गिक समता** : महिला र पुरुषबीच रहेको जैविक भिन्नता र त्यसले सिर्जना गरेका विशेष अवस्था तथा आवश्यकतालाई मनन गरी उनीहरूबीचको भेदभावलाई हटाई दुवैको समान मर्यादास्तर कायम गर्नका लागि अर्थात् लैङ्गिक समानता प्राप्त गर्नका लागि आवश्यक सकारात्मक दृष्टिकोण र व्यवहार नै लैङ्गिक समता हो । लैङ्गिक समानता लक्ष्य हो भने लैङ्गिक समता त्यसको माध्यम वा साधन हो । जस्तो– महिलाका लागि संविधान सभामा वा लोकसेवामा छुट्याइएको कोटा प्रणाली ।

**लैङ्गिक समानता** : कुनै पनि व्यक्तिलाई जैविक लिङ्गका आधारमा भेदभाव नगरी समान व्यवहार गर्नु लैङ्गिक समानता हो । यसमा मुख्य रूपमा कानुनी समानता, अवसरको समानता (अवसर प्राप्तिका लागि आवश्यक क्षमता अभिवृद्धि गर्न, काम गर्न, कामको समान पारिश्रमिक पाउन) र आवाजको समानता (अरूलाई प्रभावित गर्न र विकास प्रक्रियामा योगदान गर्न) आदि पर्दछन् । जैविक लिङ्गका आधारमा एकथरिले बढी अधिकार, अवसर तथा दायित्व पाउने र अर्कोथरिले अधिकार, अवसर तथा दायित्वबाट वञ्चित हुनुपर्ने स्थितिको अन्त्य गरी सामाजिक न्यायमा आधारित विभेदरहित अवस्था सिर्जना गर्नु नै लैङ्गिक समानता हो ।

## अनुसूची ५ :
## पूर्वाग्रही शब्द, शब्दावली र विकल्पहरू

| लैङ्गिक पूर्वाग्रही र विभेदपूर्ण शब्द/शब्दावली | वैकल्पिक शब्द/शब्दावली |
|---|---|
| आइमाई | महिला |
| जोइटिङ्ग्रे | श्रीमतीलाई अत्यधिक माया गर्ने |
| पोइल गएको | विवाह गरेको |
| वेश्या/रण्डी | यौनकर्मी महिला |
| केटाकेटी | बालबालिका |
| क्यामेराम्यान | क्यामेरापर्सन |
| इतिहास पुरुष | इतिहास निर्माता |
| राष्ट्रपति | राष्ट्राध्यक्ष, राष्ट्रप्रमुख |
| उद्योगपति | उद्योगी |
| सभापति | सभाप्रमुख |
| पुरुषार्थ | हिम्मत |
| मर्द | बलियो |
| राँड/राँडी | विधुर/विधवा |
| पुत्रवती | सन्तान भएकी |
| धर्मपत्नी | श्रीमती |
| श्रीमान | श्री |
| मातृभूमि, पितृभूमि | जन्मभूमि |
| इज्जत लुटेको | बलात्कार वा जबरजस्ती करणी गरेको |
| कुमारी आमा वा कुमार बाबु | एकल आमा वा एकल बाबु |
| नछुने भएको | रजस्वला वा महिनावारी |
| स्वास्नीमानिस, लोग्नेमानिस | महिला, पुरुष |

## अनुसूची ६ :

## निषेध गर्नुपर्ने पूर्वाग्रही उखान टुक्काहरू

- ढिलै होस् छोरै होस्
- छोरीको जन्म हारेको कर्म
- छोरा पाए खसी छोरी पाए फर्सी
- हुपहारा छोरा रूपहारा छोरी
- कहिले सासूको पालो कहिले बुहारीको
- नून हालिस् बुहारी, को बित्यो सासू ?
- नहुनेको छोरी ठूला घरमा परी, नूनको फाँको हाल्दा भुतुक्क मरी
- ठूलो गास नहाल बुहारी कण्ठश्री चुँडिएला
- पराईकी छोरी कहिले आफ्नो हुन्न
- पोहोर मरिन् सासू, अहिले आए आँसु
- गनगने सासू फनफने बुहारी
- जुत्ता लाउनु ठूलो स्वास्नी ल्याउनु सानो
- तीन पैसाकी कमारीलाई छ पैसाको गुन्यू
- गुन्द्रुकको झोल खानु कमारीको मोल खानु
- झगडा नभए दुइटी स्वास्नी ल्याउनु
- खुट्टा भए जुत्ता हजार
- मर्दका दसौटी स्वास्नी
- बाघ लाग्यो घिच्याउन राँडी लागी चिच्याउन
- राँडीलाई पोतेको रहर
- नामर्दको भर नपर्नु राँडीको भोज नखानु
- राँडीलाई ढोगे मैजस्तो होस् भन्छे
- गरिबलाई दिउँला नभन्नु, राँडीलाई लैजाउँला नभन्नु
- रुद्रघण्टी नहुनेको विश्वास नगर्नु
- आइमाईको पेटमा कुरा पच्दैन
- बोक्सीको आँखा ठूलो, चोरको डाँको ठूलो
- एक डंकिनी चल्दा सात धर्ती हल्लन्छ
- आमाभन्दा छोरी बोक्सी
- आफैं बोक्सी आफैं धामी

❑❑

UNESCO

संयुक्त राष्ट्र संघीय
शैक्षिक, वैज्ञानिक तथा
सांस्कृतिक संगठन

काठमाडौं

ASMITA WOMEN'S PUBLISHING HOUSE
MEDIA & RESOURCE ORGANIZATION

अस्मिता

WWJ

क्रियाशील पत्रकार महिला

9 789937 002523